लेखापरीक्षण प्रतिवेदन

दोरम्बा गाउँपालिका, रामेछाप

आर्थिक वर्ष २०८१/८२



महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

लेखापरीक्षण प्रतिवेदन

दोरम्बा गाउँपालिका, रामेछाप

आर्थिक वर्ष २०८१/८२

महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

दूरदृष्टि (VISION)

जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्धन गर्ने विश्वसनीय सार्वजनिक संस्था

(Be a Credible Public Institution in Promoting Accountability, Transparency and Integrity)

गन्तव्य (MISSION)

स्वतन्त्र एवम् गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने

(Provide Independent and Quality Audit Service)

मूल्य मान्यता (Core Values)

स्वतन्त्रता	*(Independence)*
निष्ठा	*(Integrity)*
पारदर्शिता	*(Transparency)*
जवाफदेहिता	*(Accountability)*
व्यावसायिकता	*(Professionalism)*

महालेखापरीक्षकको भनाइ

नेपालको संविधानको धारा २४१ मा सङ्घ, प्रदेश र स्थानीय तहको लेखा कानुन बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्यसमेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ। लेखापरीक्षण ऐन, २०७५ को दफा २० को उपदफा २ मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग लेखापरीक्षण प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ। लेखापरीक्षण गर्दा लेखापरीक्षण ऐन, २०७५, नेपाल सरकारी लेखापरीक्षणमान, लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमलाई आधार लिइएको छ। सोहीबमोजिम स्थानीय तहको २०८१।८२ को लेखापरीक्षण सम्पन्न गर्दा देखिएका बेहोरा उल्लेख गरी प्रारम्भिक प्रतिवेदन जारी गरिएकोमा सो उपर प्राप्त प्रतिक्रियासमेत सम्बोधन गरी राय सहितको प्रतिवेदन जारी गरिएको छ।

वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको परिपालना, राजस्व प्रक्षेपण तथा बजेट निर्माण, योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन तथा विकास निर्माण, सार्वजनिक सेवा प्रवाह, आन्तरिक नियन्त्रण प्रणाली, आन्तरिक आय परिचालन, जनशक्ति व्यवस्थापन, जिम्मेवारी एवं जवाफदेहितालगायतका विषयहरूको अध्ययन, विश्लेषण तथा मूल्याङ्कन गर्नुका साथै स्रोत साधनको प्राप्ति, उपयोग एवं परिचालन सन्दर्भमा मितव्ययिता, कार्यदक्षता र प्रभावकारिता समेतलाई दृष्टिगत गर्दै कार्यान्वयनयोग्य सुझाव प्रदान गरी सुशासन कायम गर्न सहयोग गर्नु लेखापरीक्षणको उद्देश्य रहेको छ।

सबै स्थानीय तहको स्थलगतरूपमा लेखापरीक्षण सम्पन्न गरी लेखापरीक्षणको क्रममा देखिएका बेहोरा उपर स्थानीय तहका पदाधिकारी तथा जिम्मेवार कर्मचारीहरूसँग छलफलसमेत गरिएको छ।

यस वर्ष सामान्यतया स्थानीय तहमा कार्यसम्पादनका लागि आवश्यक कानुन निर्माण पूर्ण रूपमा नभएको, विद्यमान कानुनको पूर्ण परिपालना हुन नसकेको, बजेट अनुशासन कमजोर रहेको, आन्तरिक आय न्यून रहेको, करदाताको अभिलेख व्यवस्थित नभएको, आन्तरिक आयलाई व्यवस्थित गर्न नसकिएको, प्रशासनिक खर्चमा वृद्धि हुँदै गएको, योजनालाई खण्डीकृत गरी कार्य गर्ने गरेको, वर्षान्तको खर्च उच्च रहेको, आयोजनाको प्राथमिकीकरण गरेर बजेट विनियोजन नभएको, निर्माणको सुनिश्चितता नभएका आयोजनाहरूको समेत विस्तृत आयोजना प्रतिवेदन तयार गरिएको, जटिल प्रकृतिका कार्यहरूसमेत उपभोक्ता समितिबाट गराएको, जनशक्ति व्यवस्थापन हुन नसक्दा सेवा प्रवाह प्रभावकारी हुन नसकेको, स्वीकृत दरबन्दी बेगरका कर्मचारीसमेत करारमा नियुक्ति गरेको, सार्वजनिक सम्पत्तिको अभिलेख तथा संरक्षण र उपयोग प्रभावकारी रूपमा हुन नसकेकोले आन्तरिक नियन्त्रण र लेखाङ्कन तथा प्रतिवेदन एवं बेरुजु फस्यौंटमा सुधार गर्नुपर्ने लगायतका बेहोरा देखिएका छन्।

लेखापरीक्षणबाट उल्लेख गरेका बेहोराको समयमा नै फस्यौंट तथा सुझावहरूको कार्यान्वयनबाट वित्तीय अनुशासनमा अपेक्षित सुधार गरेर स्थानीयतहबाट हुने विकास निर्माण तथा समग्र कार्यसम्पादन र सेवा प्रवाहलाई प्रभावकारी बनाउनुपर्दछ।

अन्तमा, स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुऱ्याउने पदाधिकारी तथा कर्मचारी लगायत सबै सरोकारवाला प्रति आभार व्यक्त गर्दछु। साथै लेखापरीक्षण कार्यमा संलग्न कर्मचारीहरूमा समेत विशेष धन्यवाद व्यक्त गर्दछु।

(तोयम राया)

२०८३ वैशाख **महालेखापरीक्षक**

महालेखापरीक्षकको कार्यालय
Office of the Auditor General
प्रादेशिक लेखापरीक्षण महानिर्देशनालय,बागमती प्रदेश
काठमाडौं

प.सं.:2082/83 मिति : २०८३-१-३०
च.न :APPROVED/FAR/2081-82/LOC/26

श्रीमान् अध्यक्षज्यू,

दोरम्बा शैलुङ गाउँपालिका,

गाउँकार्यपालिकाको कार्यालय, रामेछाप।

विषय - लेखापरीक्षण प्रतिवेदन सम्बन्धमा ।

लेखापरीक्षण ऐन, २०७५ को दफा २० को उपदफा (२) बमोजिम त्यस पालिकाको आर्थिक वर्ष २०८१।८२ को लेखापरीक्षण सम्पन्न गरी तयार गरिएको लेखापरीक्षण प्रतिवेदन यसैसाथ संलग्न गरी पठाइएको व्यहोरा जानकारीका लागि अनुरोध छ।

(घनश्याम काफ्ले)
नायब महालेखापरीक्षक

महालेखापरीक्षकको कार्यालय
Office of the Auditor General
प्रादेशिक लेखापरीक्षण महानिर्देशनालय,बागमती प्रदेश
काठमाडौं

प.सं.:2082/83 मिति : २०८३-१-३०
च.न :APPROVED/FAR/2081-82/LOC/26

श्रीमान् अध्यक्षज्यू,

दोरम्बा शैलुङ गाउँपालिका,

गाउँकार्यपालिकाको कार्यालय, रामेछाप ।

विषयः लेखापरीक्षण प्रतिवेदन।

१. कैफियत सहितको रायः

हामीले त्यस गाउँपालिकाको आर्थिक वर्ष २०८१।८२ को प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन, बजेट तुलनात्मक विवरण, स्थानीय संचित कोषको वार्षिक आर्थिक विवरण र त्यससँग सम्बन्धित लेखानीति तथा टिप्पणीहरू समावेश भएको एकीकृत वित्तीय विवरणको लेखापरीक्षण गरी रायसहितको प्रतिवेदन पेस गरेका छौँ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक, पेस भएको २०८२ आषाढ ३२ मा समाप्त भएको आर्थिक वर्ष २०८१।८२ को प्राप्ति र भुक्तानीको एकीकृत एवं वार्षिक प्रतिवेदन, बजेटको तुलनात्मक विवरण, स्थानीय सञ्चित कोषको वार्षिक आर्थिक विवरण त्यससँग सम्बन्धित लेखानीति तथा टिप्पणीहरूसमावेश भएको स्थानीय तहको एकीकृत वित्तीय विवरणले नेपाल सार्वजनिक क्षेत्र लेखामान (नगदमा आधारित) र आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन तथा प्रचलित कानुनबमोजिम सारभूत रूपमा सही र यथार्थ अवस्था चित्रण गर्दछ।

२. कैफियत सहितको राय व्यक्त गर्ने आधारः

२.१. महालेखापरीक्षकबाट स्वीकृत नेपाल सार्वजनिक क्षेत्र लेखामानको ढाँचामा वित्तीय विवरण तयार गर्नुपर्नेमा यस पालिकाले तयार गरेको वित्तीय विवरणमा अन्तरसरकारी अख्तियारीको कारोबार समावेश गरेको छैन।

२.२.गाउँपालिकाको आय र व्यय तर्फ रू.१ अर्ब ३६ करोड ७० लाख ३७ हजारको लेखापरीक्षणबाट रु.१ करोड ३९ लाख ४० हजार बेरुजु देखिएकोमा प्रतिक्रियाबाट रु.१२ लाख ३७ हजार सम्परीक्षण एवं सम्परीक्षणबाट थप रु.४ लाख ६३ हजार समेत रु.१ करोड ३१ लाख ६६ हजार बाँकी रहेको छ। बाँकी बेरुजु असुल गर्नुपर्ने रु.१२ लाख ४७ हजार, प्रमाण कागजात पेस गर्नुपर्ने रू.४९ लाख ८३ हजार, नियमित गर्नुपर्ने रु.६९ लाख ३६ हजार रहेको छ। गत वर्षसम्मको कायम बेरुजु रु.११ करोड १५ लाख ३५ हजार र यो बर्ष थप रु.१ करोड ३१ लाख ६६ हजार समेत हालसम्म अद्यावधिक बेरुजु रु.१२ करोड ४७ लाख १ हजार बाँकी रहेको छ। बेरुजु वर्गीकरण, अद्यावधिक बेरुजु स्थिति र बेरुजु सम्परीक्षणको बेहोरा यसैसाथ संलग्न छ।

२.३.आम्दानी तथा खर्चको स्रेस्ता नगदमा आधारित लेखा प्रणाली अवलम्बन गरेकोले गाउँ पालिकाको पेस्की बाहेक सम्पत्ति तथा दायित्व यकिन हुने कुनै जानकारी खुलाएको छैन। हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेका सरकारी लेखापरीक्षण मानदण्ड,मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम गरिएको छ। वित्तीय विवरण तयार गर्ने स्थानीय तहसँग हामी स्वतन्त्र छौँ। त्यसैगरी स्वीकृत आचारसंहिताको पालना गरी कार्यसम्पादन गरेका छौँ। लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरू हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ।

३. अन्य बेहोराः

लेखापरीक्षणबाट ऐन नियमको परिपालना, आन्तरिक नियन्त्रण व्यवस्था, स्थानीय वित्त व्यवस्थापन,सम्पत्तिको संरक्षण, स्रोत साधनको प्राप्ति र उपयोग, शासकीय प्रवन्ध, स्रोत सुनिश्चितता र बजेट व्यवस्थापन र विकास प्रशासन र सोको कार्यान्वयन, अनुदान वितरण तथा अनुगमन, सेवा प्रवाह, स्थानीय प्रशासन, जवाफदेहिता र सुशासन लगायतका विषयमा सुधार गर्नुपर्ने देखिन्छ।

४. वित्तीय विवरण उपर व्यवस्थापन र लेखा उत्तरदायी अधिकृतको जिम्मेवारीः

नेपाल सार्वजनिक क्षेत्र लेखामानबमोजिम सही र यथार्थ हुने गरी वित्तीय प्रतिवेदन तयार गर्ने तथा जालसाजी वा अन्य गल्तीका कारण वित्तीय प्रतिवेदन सारभूतरूपमा गलत आँकडारहित स्वरूपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागू गर्ने जिम्मेवारी स्थानीय सरकारमा रहेको छ। गाँउकार्यपालिका, गाउँपालिका अध्यक्ष र प्रमुख प्रशासकीय अधिकृत गाउँपालिकाको वित्तीय प्रतिवेदन प्रक्रियाको अनुगमनका लागि जिम्मेवार रहेका छन्।

५. वित्तीय विवरणको लेखापरीक्षणउपर लेखापरीक्षकको जिम्मेवारीः

वित्तीय प्रतिवेदन समग्रमा जालसाजी वा त्रुटिका कारण सारभूत रूपमा गलत आँकडा रहित रहेको छ भनी यथोचित आश्वस्तता प्राप्त गरी राय सहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो।लेखापरीक्षणमा यथोचित आश्वस्तताले उच्च स्तरको आश्वस्तता प्रदान गरेको हुन्छ। लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेको नेपाल सरकारी लेखापरीक्षण मान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुन बमोजिम लेखापरीक्षण कार्य सम्पादन गरिएको छ। यसरी लेखापरीक्षण गरिएको अवस्थामा समेत आन्तरिक नियन्त्रण र वित्तीय प्रतिवेदनको प्रकृति, लेखापरीक्षणका विधि तथा लेखापरीक्षण सम्पन्न गर्न लागेको समय जस्ता लेखापरीक्षणका अन्तर्निहित सीमाहरूका कारण वित्तीय विवरण वा आर्थिक कारोबारमा भएका सबै प्रकारका जालसाजी वा त्रुटि पत्ता लाग्न सक्ने निश्चितता हुदैन। वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा फरक पार्ने अवस्था देखिएका जालसाजी वा त्रुटिका एक वा समग्र सूचनालाई सारभूत रूपमा गलत आँकडा मानिएको छ।

(घनश्याम काफ्ले)
नायब महालेखापरीक्षक

बेरुजु वर्गीकरण

चालु वर्षको बेरुजु

प्रारम्भिक बेरुजु			प्रतिक्रियाबाट सम्परीक्षण			प्रतिक्रियाबाट थप बेरुजु रकम	बाँकी बेरुजु			बेरुजु						
										असुल गर्नु पर्ने	नियमित गर्नुपर्ने					पेस्की
दफा संख्या		रकम	दफा संख्या		रकम		दफा संख्या		रकम	असुल गर्नु पर्ने	अनियमित भएको	प्रमाण कागजात पेश नभएको	जिम्मेवारी नसारेको	सोधभर्ना नलिएको	जम्मा	पेस्की
सैद्धान्तिक	लगती		सैद्धान्तिक	लगती			सैद्धान्तिक	लगती								
८४	७५	१,३९,४०,३३२	०	२०	१२,३७,१४४	४,६२,८७६	८४	५५	१,३१,६६,०६४	१२,४७,८१२	६९,३५,४४४	४९,८२,८०८	०	०	१,१९,१८,२५२	०

अद्यावधिक बेरुजू स्थिति

जिल्ला	गत वर्ष सम्मको बाँकी	समायोजन	यो वर्ष सम्परीक्षण	बाँकी बेरुजु	यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु	यो वर्षको बेरुजु	कुल बेरुजु बाँकी
रामेछाप	११,१५,३५,०००		०	११,१५,३५,०००		१,३१,६६,०६४	१२४७०१०६४

बेरुजु सम्परीक्षणको विवरण

क्र.सं	आर्थिक वर्ष	बेरुजुको दफा	बेरुजुको व्यहोरा	सम्परीक्षण भएको रकम
१	२०८१/८२	७२.२	सीप विकास तालिम कार्यक्रमः	२४,४२५
२	२०८१/८२	९४.४	सामाजिक सुरक्षा कार्यक्रमः	६७,७००
३	२०८१/८२	५०	वडा नंबर २ CCTV खर्च :-	२,९७,६६९
४	२०८१/८२	३८	मापदण्ड भन्दा बढी भुक्तानी	१३,६००
५	२०८१/८२	४१.२	भ्रमण खर्च	१०,०००
६	२०८१/८२	८१	पूर्वनिर्धारित क्षतिपूर्ति	१,१५,५३७
७	२०८१/८२	४२	ईन्धनको बढी भुक्तानी -	१,२८,३८२
८	२०८१/८२	६९	अपाङ्ग बाल अस्पताल केन्द्रः	१,१६,९५५

९	२०८१/८२	८२.२	१५ शय्या अस्पताल निर्माणः	४,६२,८७६
जम्मा				१२,३७,१४४

दोरम्बा शैलुङ गाउँपालिका, रामेछाप

(८०३२४५०४३००)

दोरम्बा शैलुङ गाउँपालिका , रामेछाप

परिचय

१ **(क) कार्यालय परिचय :-** स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारीणी र न्यायिक अभ्यासलाई संस्थागत गर्न स्थानीय सरकारको संचालन गर्ने उद्देश्यले यस दोरम्बा शैलुङ्ग गाउँपालिकाको स्थापना भएको हो । स्थानीय सरकारले संचालन गर्ने कार्यमा सहकारिता,सह-अस्तित्व र समन्वयलाई प्रवर्द्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु यसगाउँपालिकाको उद्देश्य रहेको छ। यस गाउँपालिका अन्तर्गत ७ वडा, ३९ सभा सदस्य, १४०.८८ वर्ग किलोमिटर क्षेत्रफल तथा १७ हजार ६८६ जनसंख्या रहेको छ ।

(ख) लेखापरीक्षणको उद्देश्य :- लेखापरीक्षण गरिने निकायको वित्तीय विवरण तथा कारोबारको परीक्षण गरी उचित आश्वस्तता (Reasonable Assurance) प्रदान गर्नु वित्तीय लेखापरीक्षणको उद्देश्य हो। यस कार्यालयको आर्थिक वर्ष २०८१/८२ को सबै प्रकारका आर्थिक कारोबारको परीक्षण एवं प्रचलित कानुनको परिपालनाको मूल्याङ्कन गरी प्रतिवेदन गर्नु लेखापरीक्षणको उद्देश्य रहेको छ।

(ग) लेखापरीक्षणको क्षेत्र र अवधि :- यस कार्यालयको विनियोजन, राजस्व, धरौटी, कोष तथा अन्य आय-व्यय, मौज्दात हिसाब, आर्थिक व्यवस्थापन, कार्यक्रम सञ्चालन, जिन्सी व्यवस्थापन, जनशक्ति व्यवस्थापन तथा सेवा प्रवाह लगायत आर्थिक वर्ष २०८१/८२ मा सञ्चालित क्रियाकलापलाई लेखापरीक्षण क्षेत्रमा समावेश गरिएको छ । स्थलगत लेखापरीक्षणको अवधि २०८२।५।२ देखि २०८२।५।५ सम्म रहेको छ ।

(घ) लेखापरीक्षण विधि :- लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड तथा मार्गदर्शनमा नमुना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा कार्यालयले स्वीकृत गरेको जोखिममा आधारित लेखापरीक्षण योजनाका आधारमा निकायको आन्तरिक नियन्त्रणको परीक्षण तथा विश्लेषणात्मक परीक्षण विधि अवलम्वनबाट लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । लेखापरीक्षण गर्दा देखिएका व्यहोरा सम्बन्धमा कार्यालय प्रमुख तथा लेखा प्रमुख लगायतका पदाधिकारीहरूसँग छलफल सम्पन्न गरी कायम भएका व्यहोराहरू यस प्रतिवेदनमा समावेश गरिएको छ ।

(ङ) लेखापरीक्षणको सीमा :- लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, २०७७ तथा मार्गदर्शनमा नमुना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा महालेखापरीक्षकको कार्यालयले नेपाल लेखापरीक्षण व्यवस्थापन प्रणाली (NAMS) अवलम्बन गरी स्वीकृत भएको जोखिममा आधारित लेखापरीक्षण योजना, लेखापरीक्षण गरिएको निकायबाट पेश भएका लेखा एवं सोसँग सम्बन्धित कागजात, विवरण, लिखित प्रतिनिधित्व पत्र, लेखापरीक्षण अनुबन्ध पत्र समेतको आधारमा लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । आम्दानी तथा खर्चलाई नतिजासँग तुलना गरी विश्लेषण गर्नका लागि पर्याप्त भौतिक एवं स्थलगत अवलोकन गर्न भौगोलिक कठिनाइ, समय सीमा, स्रोतको उपलब्धता, प्रमाणको प्रकृति तथा पहुँच जस्ता अन्तर्निहित जोखिमहरु सीमाको रुपमा रहेका छन् । सारभूत रूपमा उल्लेखनीय नदेखिएका व्यहोरालाई प्रतिवेदनमा समावेश गरिएको छैन ।

(च) आर्थिक कारोबारको स्थिति :- गाउँपालिकाको आय र व्यय गरी जम्मा रू.१ अर्ब ३६करोड ७० लाख ३७ हजार को लेखापरीक्षण सम्पन्न गरिएको छ । सो को विस्तृत विवरण अनुसूची -१ मा संलग्न छन् ।

(छ) लेखापरीक्षणमा परीक्षण गरिएका मुख्य विषयहरु :- लेखापरीक्षण योजना अनुसार परीक्षण गरिएका विषयहरु अनुसूची – २ मा

संलग्न छन् ।

(ज) लेखापरीक्षणको क्रममा असुली :- लेखापरीक्षणको क्रममा विद्यालयलाई छात्रवृति वापतको बढी निकासा भएको रु.४४०० असुल भइ दाखिला प्रमाण पेश भएको छ ।

लेखापरीक्षणबाट देखिएका व्यहोराहरु

२ **एकीकृत आय-व्यय**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा ४ बमोजिम स्थानीय तहले आफ्नो अधिकार क्षेत्र भित्रका कार्यालयलाई नेपाल सरकार र प्रदेश सरकारबाट प्राप्त भएको अनुदान, राजस्व बाँडफाँट अन्तर्गत प्राप्त रकम, आन्तरिक आय, ऋण तथा अनुदान र व्ययको विवरण देखिने गरी महालेखापरीक्षकले तोकेको ढाँचामा एकीकृत विवरण तयार गरी सम्बन्धित प्रदेश लेखा नियन्त्रक कार्यालय र कोष तथा लेखा नियन्त्रक कार्यालयमा पठाउनुपर्ने व्यवस्था छ । पालिकाले तयार गरेको आर्थिक वर्ष २०८१।८२ को आर्थिक कारोबारको एकीकृत वित्तीय विवरण र स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली (SUTRA) बाट तयार भएको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं. २७०) यस दफासँग सम्बन्धित अनुसूचीमा संलग्न गरिएको छ ।

पालिकाले तयार गरेको आर्थिक वर्ष २०८१।८२ को आर्थिक कारोबारको एकीकृत वित्तीय विवरण

दोरम्वा गाउँपालिका- एकीकृत आय व्यय विवरण (२०८१/०८२)					
प्राप्ति			भुक्तानी		
विवरण	रकम	रकम	विवरण	रकम	रकम
सुरु मौज्दात		११५०८९६६८	चालु खर्च		२८१२९९७८०
१.संचित कोष	९५८४३८०२		१. पालिका तर्फ	८३१०४६४१	
२.धरौटी	१०२८८९९०		२. संघीय सशर्त	१८५३८६७८३	
३.कार्यसञ्चालन कोष	४९९५८०		३. संघीय विशेष	०	
4. आन्तरिक राज्शव आय	३०९४९२७				
५. अन्य कोष विपद्	५३६२३६९		४. प्रदेश सशर्त	१२८०८३५६	
यस वर्षको आय			५. प्रदेश विशेष	०	
१.आन्तरिक आय	६३८९८९७	६३८९८९७	पुँजीगत खर्च		१४७०६३७१४
२. वित्तीय हस्तान्तरण (संघ)		४३८९३०३१६	१. पालिका तर्फ	१०३५८१८३३	
क) समानीकरण अनुदान	१०७१७५६८०		२. संघीय सशर्त	१३८७२६००	
ख) राजस्व बाँडफाँट	८४५१५६३६		३. संघीय विशेष	७३०२६६२	
ग) सशर्त अनुदान	२२३७३९०००		४. संघीय समपुरक	३७९१५९८	
घ) समपुरक अनुदान	८५०००००		५. प्रदेश सशर्त	४०९२३०३	
ङ) विशेष अनुदान	१५००००००		६. प्रदेश विशेष	४८४५२५९	
च) रोयल्टी			७. प्रदेश समपुरक	९५७७४५९	
छ) अन्य	०		क) सामाजिक सुरक्षा	१२११०९२५०	१२११०९२५०
३. वित्तीय हस्तान्तरण (प्रदेश)		९६४५६५९९	ख) बैकल्पिक सहायक राजमार्ग विकास कार्यक्रम	७३८१२२४	७३८१२२४
क) समानीकरण अनुदान	१२११४०००		ग एकीकृत स्वास्थ्य पूर्वाधार विकास कार्यक्रम	१३६१४५३९	१३६१४५३९
ख) राजस्व बाँडफाँट	२३५४२५९९		घ स्वास्थ्य क्षेत्र सुधार कार्यक्रम	४०२९०४३	४०२९०४३
ग) सशर्त अनुदान	३२८०००००		अन्तरसरकारी अख्तियारी (प्रदेश)		
घ) समपुरक अनुदान	२०००००००		धरौटी फिर्ता तथा सदर स्याहा	१९१३२८९	१९१३२८९
ङ) विशेष अनुदान	८००००००		कार्यसञ्चालन कोषबाट खर्च	६१२७४१२	६१२७४१२
च) रोयल्टी	०		अन्य कोषबाट भएको खर्च	०	
४. अन्तर सरकारी अख्तियारी (संघ)		१४६१३४०५६	गैरसरकारी संस्था सञ्चालित योजना	०	
क) सामाजिक सुरक्षा	१२११०९२५०		अन्य सहयोगमा सञ्चालित योजना	०	
ख) बैकल्पिक सहायक राजमार्ग विकास कार्यक्रम	७३८१२२४		अन्य कोष विपद्	७९३९६९१	७९३९६९१

ग एकीकृत स्वास्थ्य पूर्वाधार विकास कार्यक्रम	१३६१४५३९		अनुदान फिर्ता		
घ स्वास्थ्य क्षेत्र सुधार कार्यक्रम	४०२९०४३		१. संघ तर्फ		३६८८५३५६
ङ गरीब संग विशेश्वर कार्यक्रम			क) सशर्त अनुदान	२४४७९६१६	
५. अन्तर सरकारी अख्तियारी (प्रदेश)	०		ख) विशेष अनुदान	७६९७३३८	
६. ऋण/ वित्तीय व्यवस्था	०		ग) समपुरक अनुदान	४७०८४०२	
७. धरौटी आय	४६३९७३४	४६३९७३४	२. प्रदेश तर्फ		
८. कार्यसञ्चालन कोष आय	६५९५७१९	६५९५७१९	प्रदेश		२९४७६६२३
९. अन्य कोषको आय विपद्	११०५१०१५	११०५१०१५	क) सशर्त अनुदान	१५८९९३४१	
१०. गैरसरकारी संस्थाबाट सञ्चालित योजना	०		ख) विशेष अनुदान	३१५४७४१	
११. अन्य सहयोगमा प्राप्त सञ्चालित योजना	०		ग) समपुरक अनुदान	१०४२२५४१	
१२. अन्य आय भएमा	०		अन्तिम मौज्दात		
			१. संचित कोषको मौज्दात	१४३०८५०८५	१४३०८५०८५
			२. धरौटी	१३०१५४३५	१३०१५४३५
			३. कार्यसञ्चालनकोष	९६७८८८	९६७८८८
			४. अन्यकोष विपद्	८४७३६९३	८४७३६९३
			५.आन्तरिक राजश्व आय	२४५०३९४	२४५०३९४
			६. विविध खर्च	४५४५८८	४५४५८८
जम्मा		८२५२८७००४			८२५२८७००४

(विस्तृत विवरण बेरूजु दफा २ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)

३ वित्तीय विवरणको विश्लेषण

३.१ स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को नियम ७२ (२) मा नेपाल सरकारले निर्धारण गरे बमोजिमको आय र व्ययको वर्गीकरण तथा खर्च शीर्षक सम्बन्धी व्यवस्था अवलम्बन गर्नुपर्ने तथा नियम ७६(२) मा महालेखा परीक्षकबाट स्वीकृत भए बमोजिमको ढाँचामा लेखा राख्नु पर्ने व्यवस्था गरेको छ । गाउँपालिकाले २०७६।२।१९ मा महालेखापरीक्षकबाट स्वीकृत भएको सार्वजनिक क्षेत्र लेखामान (NPSAS) अनुसार लेखाङ्कन तथा प्रतिवेदन गर्नुपर्नेमा प्राप्ती र भुक्तानीको एकिकृत वार्षिक प्रतिवेदनमा अनुसूची तथा खुलासा (Disclosure) हरू पूर्ण रूपमा लेखाकिंत र प्रस्तुतीकरण भएको छैन । यसमा सुधार हुनु पर्दछ ।

(विस्तृत विवरण बेरूजु दफा ३.१ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)

३.२ **वित्तीय विवरणको यथार्थताः** गाउँपालिकाको सबै प्रकारका आर्थिक कारोवारको महालेखा परीक्षकबाट स्वीकृत भए बमोजिमको ढाँचामा लेखा राख्नुपर्ने व्यवस्था अनुसार पालिकाले स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं २७०) तयार गर्नुपर्छ । गाउँपालिकाले तयार गरेको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदनमा अन्तर सरकारी अख्यियारी तर्फको

सामाजिक सुरक्षाको रू.१२११०९२५०.००, एकीकृत स्वास्थ्य पूर्वाधार विकास कार्यक्रम को रु.१३६१४५३९.००, वैकल्पिक सहायक राजमार्ग विकास कार्यक्रमको रु.७३८१२२४.०० र स्वास्थ्य क्षेत्र सुधार कार्यक्रममा रु.४०२९०४३.४४ समेत कुल जम्मा रु.१४६१३४०५६.४४ सुत्रमा लेखाङ्कन गरेको छैन । गाउँपालिकाको आर्थिक कार्यप्रणालीको लेखाङ्कनको गर्न स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली (सुत्र) प्रयोगमा रहेको छ। सुत्र अनुसार कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं २७० अनुसूची १४ मा अन्तरसरकारी अख्तियारीको व्यवस्था गरेता पनि म.ले.प.२७० को वित्तीय विरणमा समावेश भएको देखिदैन । जसले गर्दा सुत्रबाट तयार भएको वित्तीय विवरणसमेत पूर्ण नहुँदा गाउँपालिकाको यथार्थ आर्थिक अवस्थाको चित्रण गरेको छैन । सबै कारोबार प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदनमा समावेश गर्ने व्यवस्था गर्नुपर्दछ ।

३.३ **फरक हिसाबः** गाउँपालिकाको सुत्र अनुसारको स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं.२७०) र पालिकाले तयार गरेको एकीकृत आर्थिक विवरणमा यस वर्षको प्राप्ति, भुक्तानी र बैङ्क मौज्दातमा निम्नानुसार फरक परेको छ ।

विवरण	गतवर्षको जिम्मेवारी	यसवर्षको प्राप्ति	यसवर्षको भुक्तानी	बैङ्क मौज्दात
सुत्र अनुसारको वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं.२७०)	७३५११९२४७.०९	४७१२४७४८४.२७	४२८३६३४९४.६४	१२७१५७८०८.४०
एकीकृत आर्थिक विवरणअनुसार	११५०८९६६८	७१०१९७३३६	६५६८३९९२१	१६८४४७०८३
फरक	-४१५७०४२१	-२३८९४९८५२	-२२८४७६४२६	-४१२८९२७५

• गाउँपालिकाले तयार गरेको एकीकृत आर्थिक विवरणमा गाउँपालिकामा हुने सवै आम्दानी खर्च समेटिएको तर सुत्र अनुसारको गाउँपालिकाको वित्तीय प्रतिवेदन म.ले.प.फा.नं.२७० मा गाउँपालिकाको सबै आम्दानी खर्च नसमेटिएकोले म.ले.प.फा.नं.२७० को बैंक मौज्दात र एकीकृत आर्थिक विवरणको वैंक मौज्दातमा रू.४१२८९२७५.०० फरक देखिन्छ ।

• पालिकाको गत वर्षको लेखापरीक्षण प्रतिवेदन अनुसार मौज्दात रु.८८४१८७८७.७५ बाँकी रहेकोमा यस वर्ष पालिकाले सुत्रमा जम्मा रु.७३५११९२४७.०९ मौज्दात जिम्मेवारी सारेको छ । यसरी कम जिम्मेवारी सारेको रु.१४८९९५४०.६६ का सम्बन्धमा पालिकाले हिसाब मिलान विवरण समेत तयार नगरेकोले उक्त जिम्मेवारी यकिन गरेर जिम्मेवारी हिसावमिलान गर्नुपर्दछ ।

• पालिकाको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन अनुसार गत आर्थिक वर्षको मौज्दात रु.७३२५८४३०.५४ रहेकोमा यस वर्ष रु.७३५११९२४७.०९ जिम्मेवारी सारेको छ । मौज्दात यकिन गरी जिम्मेवारी सार्नुपर्नेमा बढी जिम्मेवारी सारेको रु.२६०८१६.५५ का सम्बन्धमा पालिकाले यकिन गरी हिसावमिलान गर्नुपर्दछ ।

३.४ पालिकाले एकीकृत आय व्ययको व्ययतर्फ विविध खर्च रु.४५४५८८ जनाएकोमा उक्त खर्चको प्रयोजन, बिल बीजक तथा यथार्थता नखुलेकोले पालिकाले यकिन गरी सो को प्रमाण पेश हुनुपर्ने रु.

प्रमाण पेश नगरेको	४,५४,५८८

३.५ **संचित कोषमा फरकः** संचित कोषको श्रेस्तामा देखिएको मौज्दात र संचित कोषको बैंक मौज्दात बराबर हुनु पर्दछ ।संचित कोषको श्रेस्ता परीक्षण गर्दा मौज्दात रू. १०,९४,५०,४०६.१७ देखिन्छ भने संचित कोषको अन्तिम बैंक मौज्दात परीक्षण गर्दा रु १०१७६३०९५.६३ मौज्दात देखिन्छ । दुवै तर्फ एकै रकम हुनु पर्नेमा रू.७६,८७,३१०.५४ बैंकमा बढी देखिन्छ । श्रेस्तामा भएको भन्दा रू.७६,८७,३१०.५४ बैंक मौज्दात बढी देखिएको रकम संचितकोषको श्रेस्तामा आम्दानी बाँधी हिसाव मिलान गरी पेश गर्नु पर्दछ ।

३.६ **मौज्दात हिसाब मिलान**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७६(२) बमोजिम पालिकाले मासिक रुपमा श्रेस्ता र बैंक खाताको हिसाब मिलान विवरण तयार गर्नुपर्नेमा तयार गरेको पाइएन । पालिकामा रहेका विभिन्न खाताको मौज्दात बाँकी श्रेस्ता तथा बैंकमा देहाय अनुसार फरक परेको देखिन्छ ।

खाताको प्रकार	श्रेस्ता अनुसार बाँकी रु	बैंक अनुसार बाँकी रु
ग १.१, आन्तरिक राजस्व खाता	०.००	२४,५०,३९४.०५
ग २.७, विविध खर्च खाता	९,६७,८८८.६८	९,६७,८८८.६८
ग ३.१, स्थानीय तह धरौटी खाता	८२,६६,४६१.००	१,३०,१५,४३५.११
ग ४.१, स्थानीय तह सञ्चित कोष खाता	१०,९४,५०,४०६.१७	१४,३०,८५,०८५.०१
ग ७.२, स्थानीय तह प्रकोप व्यवस्थापन कोष खाता	८४,७३,६९३.००	८४,७३,६९३.००
ग ७.२, स्थानीय तह प्रकोप व्यवस्थापन कोष खाता	०.००	
जम्मा	१२,७१,५८,४४८.८५	१६,७९,९२,४९५.८५

उल्लेखित तालिका अनुसार आर्थिक वर्षको अन्त्यमा श्रेस्ताअनुसार रु.१२,७१,५८,४४८.८५ बाँकी रहेकोमा बैंकमा जम्मा रु. १६,७९,९२,४९५.८५ मौज्दात देखाएको छ । यसरी श्रेस्ता भन्दा बैंकमा मौज्दात बढी देखिएको रु. ४०८३४०४७ का सम्बन्धमा पालिकाले यकिन गरी श्रेस्तामा आम्दानी बाध्नुपर्दछ ।

३.७ दाखिला गर्न बाँकी दायित्व

आयकर ऐन, २०५८ को परिच्छेद १७ को दफा ८७, ८८ र ८९ अनुसार भुक्तानीमा कर कट्टी गर्नुपर्ने व्यवस्था छ र दफा ९०(४) अनुसार कट्टी भएको कर रकम समयमै दाखिला गर्नुपर्ने उल्लेख छ । पालिकाको वित्तीय प्रतिवेदन, प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (बजेट र गैरबजेट निकाय) मा देखिएको आ व २०८०।८१ को विभिन्न शीर्षकतर्फ कट्टी गरेको कर मध्ये वर्षान्तसम्म विभिन्न भुक्तानीहरुमा कट्टी गरी दाखिला गर्न बाँकी रहेको कर दायित्व रु.२६१४५७ .०० देखाएको छ । आ. व. २०८०।८१ मा नै यकिन भई सकेको दायित्व हालसम्म पनि दाखिला गरेको नदेखिएकोले उक्त रकम सम्बन्धित खातामा दाखिला गरेको प्रमाण पेश हुनुपर्दछ ।

४ आन्तरिक नियन्त्रण प्रणाली

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ मा स्थानीय तहले आफ्नो कार्यालयबाट सम्पादन गरिने कार्य मितव्ययी, प्रभावकारी, नियमितता र कार्यदक्षतापूर्ण ढङ्गबाट सम्पादन गर्ने, वित्तीय प्रतिवेदन प्रणालीलाई विश्वसनीय बनाउन तथा प्रचलित कानून बमोजिम कार्य सम्पादन गर्न आ-आफ्ना कामको प्रकृति अनुसारको आन्तरिक नियन्त्रण प्रणाली तयार गरी कार्यान्वयन गर्नु पर्ने व्यवस्था छ।गाउँपालिकाले ऐन अनुसार प्रणाली तयार गरी लागु गरेको पाईएन। यस सम्बन्धमा देखिएका केही थप व्यहोराहरु देहायबमोजिम रहेका छन:

• स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७१ बमोजिम गाउँपालिकाले आफ्नो अधिकार क्षेत्रभित्रका विषयमा स्थानीय स्तरको विकासका लागि आवधिक, वार्षिक, रणनीतिगत विषय क्षेत्रगत मध्यकालीन तथा दीर्घकालीन विकास योजना तयार नगरेको,

• सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ अनुसार यस वर्ष कार्यसम्पन्न भएका आयोजना तथा कार्यक्रमहरु उपभोक्ता समितिलाई हस्तान्तरण गर्नुपर्नेमा नगरेको ,

• निजामती सेवा ऐन, २०४९ को दफा ५ (क) वमोजिम कर्मचारीहरुको कार्य विवरण बनाई लागु गर्नुपर्नेमा नगरेको ,

• गाउँपालिकाले २०८१।८२ को अवधिमा भएको आफ्नो आर्थिक कारोबारको अनुसूची २११ बमोजिम ढाँचामा वार्षिक प्रतिवेदन तयार नगरेको ,

• गाउँपालिकाले कार्यक्रमगत तथा योजनागत खाता नराखेको ,

• राजस्व संकलन सम्बन्धमा सुचना प्रविधिको प्रयोग गरी सबै कारोबार बैकिङ्ग प्रणाली मार्फत गर्नुपर्नेमा सो नगरेको ,

• स्थानीय तहले आफ्नो क्षेत्रमा कार्यान्वयन हुने आयोजनाको बिश्लेषण गरी सम्भाब्य आयोजनाको बैंक खडा नगरेको ,

• गाउँपालिकाले जिन्सी सामानको एकीकृत विवरण तथा सहायक जिन्सी खाता अध्यावधिक नगरी वडा कार्यालय तथा विभिन्न संघ संस्थालाई वितरण गरेको ,

• ठेक्काहरुको विस्तृत विवरण देखिने गरी ठेक्का अभिलेख खाता र कन्टिन्जेन्सी खाता नराखेको ,

• स्थानीय तहले निर्माण व्यवसायी तथा उपभोक्ता समिति मार्फत कार्य गराएकोमा निर्माण कार्यमा प्रयोग हुने सामानको गुणस्तर परीक्षण नगरेको ,

•पालिकाले तयार गरेको नापी किताबमा प्रत्येक रनिङ् बिलमा हालसम्म भएको कामको नापी गरी चढाउनु पर्नेमा यस बिलको मात्र नापी चढाउने गरेको कारण कुल कति कामको नापी भएको हो स्पष्ट देखिएको छैन साथै अन्तिम बिलमा समेत कुल काम अनुसारको नापी गरेर राख्नुपर्नेमा नराखेको,

• पालिकाले अधिकांश पहिरो सडक सरसफाईमा निर्माण व्यवसायी तथा उपभोक्ता समितिमार्फत पटके रुपमा काम गराएको पाइएकोले विपद् व्यवस्थापन शीर्षक अन्तर्गत बजेट विनियोजन गरी विपतग्रस्त स्थानको प्राविधिक लागत अनुमान समेतको मुल्यांकन गरी बजेट व्यवस्थापन गरी खर्च गर्नुपर्नेमा सो नगरेको,

• गाउँपालिकाबाट सम्पन्न भएका योजनाहरुको गाउँपालिकास्तरीय अनुगमन समितिले अनुगमन गर्दा कतिपय योजनामा अनुगमन समिति संयोजक एवं वडाका जनप्रतिनिधिले अनुगमन उपस्थिति जनाउनुपर्नेमा सो नगरेको,

• गोश्वारा भौचर प्रमाणित गर्नुपर्नेमा सो नगरेको,

• प्रमुख प्रशासकीय अधिकृत लगायत सम्पुर्ण कर्मचारीको हाजिरी अद्यावधिक नगरेकोले दैनिक भ्रमण भत्ता, काज तथा खर्चका विवरणहरु यकिन गर्ने स्थिति नरहेको,

• निर्माणका काममा भुक्तानी गर्ने प्रयोजनका लागि सम्वन्धित शाखाबाट भुक्तानी सिफारिस पत्र संलग्न गरी लेखा शाखाबाट भुक्तानी गर्नपर्नेमा सो नगरेको ,

वडा कार्यालयतर्फ थपः

• वडाबाट खरिद कार्य गर्दा कोटेशन दर्ता हुने नगरेको,

• सवारी साधन मर्मत र ईन्धन खर्चको कुपन तथा बीजकमा सवारी साधन नम्बर उल्लेख नगरेको,

• खरिद गरेका सामानको पाम्समा दाखिला हुने नगरेको,

• शीर्षकगत विनियोजन नभएकोले खर्चको वास्तविकता र यथार्थता नखुल्ने हुनाले मितव्ययी नदेखिएको,

• खर्च भएर नजाने सामानको समेत पालिकाको प्रशासन, भण्डार र लेखा शाखाको समन्वयमा माग फारम भरी मौज्दातबाट सामान लैजाने वा खरिद आदेश प्राप्त गरी खरिद गर्नु पर्नेमा सो नगरी पेश्की लिई आफै सोझै खरिद गरी बिल पेश गरी भुक्तानी लिने गरेकोले खरिद प्रकृयामा आन्तरिक नियन्त्रण कायम भएको नदेखिएको,

• कार्यालय सञ्चालन लगायत अन्य खरिद समेतको लागि कर्मचारीलाई पेश्की दिने गरेको,

• भ्रमणको मूल्याङ्कन योग्य र प्रष्ट उद्देश्य सहितको आदेश दिई तोकिएको अधिकारीबाट स्वीकृत हुनु पर्ने, भ्रमण स्थान खुलाउनुपर्ने र भ्रमण बाट फर्किए पछि भ्रमणको उद्वेश्य ,अवस्था, उपलब्धि तथा सिकाइ, समस्या र सुझाव सहितको स्वीकृत ढाँचामा प्रतिवेदन पेश गर्नु पर्नेमा सो नगरेको,

• विविध खर्च तर्फ खाजा खानाका बिल संग बैठकको उपस्थिति माईन्यूट आगन्तुक पुस्तिका र कार्यक्रम सहभागी उपस्थिति स्रेस्तासाथ संलग्न नगरेको,

• थोरै मूल्यका सामान खरिदमा कोटेशन वडाध्यक्षबाट स्वीकृत गर्ने गरेको,

• खरिद गरी सामान हस्तान्तरण गरेको जनाएकोमा प्रमाणित हस्तान्तरण फाराम संलग्न नगरेको,

• बिल भरपाई वडा सचिव समेतबाट प्रमाणित हुने नगरेको,

• नवीकरण शुल्क समयमा बुझाई छुट समेत लिनुपर्नेमा ढिलो बुझाउँदा जरिवाना सहित खर्च लेख्ने गरेको,

तसर्थ आन्तरिक नियन्त्रण प्रणाली तयार गरी पालिकाको कार्य सञ्चालन तथा व्यवस्थापनलाई प्रभावकारी बनाउनुपर्दछ ।

५ **आन्तरिक लेखापरीक्षण नभएको**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७७ (२) मा स्थानीय तहले कानुन बमोजिम आफ्नो आय र व्ययको आन्तरिक लेखापरीक्षण गराउनु पर्ने उल्लेख छ । गाउँपालिकाले आर्थिक वर्ष ०८१/८२ को अन्तर सरकारी अख्तियारी बाहेक सम्पूर्ण आर्थिक कारोबारको आन्तरिक लेखापरीक्षण गराएको छैन । गाउँपालिकाको आन्तरिक लेखापरीक्षणको लागि १ दरबन्दी रहेकोमा उक्त दरबन्दीमा कर्मचारीको व्यवस्था नगरेको हुँदा लेखापरीक्षण अवधिसम्म पनि कर्मचारी पदपूर्ति हुन नसकेको कारण सम्पूर्ण कारोबारको आन्तरिक लेखापरीक्षण हुन सकेको छैन । तसर्थ गाउँपालिकाले रिक्त दरबन्दी पदपूर्ति गरी कानूनमा तोकिए बमोजिम आर्थिक कारोबारको आन्तरिक लेखापरीक्षण गराइ आन्तरिक नियन्त्रण प्रणालीलाई प्रभावकारी बनाउनु पर्दछ ।

६ **लेखापरीक्षण प्रतिवेदन उपर छलफल**

लेखापरीक्षण ऐन २०७५ को दफा २० मा महालेखापरीक्षकले जारी गरेको अन्तिम लेखापरीक्षण प्रतिवेदन स्थानीय तहको प्रचलित कानून बमोजिम सम्बन्धित स्थानीय तहको सभामा पेश गरी छलफल गर्नु पर्ने र सभा सदस्यहरु मध्येबाट स्थानीय तहको कानून बमोजिम लेखा समिति गठन गरी प्रतिवेदनमा उल्लेखित व्यहोराहरुमा दफावार छलफल गर्नुपर्दछ । यो वर्ष गाउँपालिकाले अन्तिम लेखापरीक्षण प्रतिवेदन कार्यपालिकाको बैठकमा पेश गरेकोमा लेखापरीक्षण प्रतिवेदनका व्यहोरा (सैद्धान्तिक व्यहोरा समेत) उपर दफावार छलफल तथा निर्णय गरेको देखिएन । कानून बमोजिम सभामा दफावार छलफल तथा सो उपर आवश्यक निर्णय गरी कायम बेरुजु फर्छ्यौटको कारवाही टुङ्गो लगाई कानूनको पालना तथा स्थानीय तहको व्यवस्थापकीय व्यवहारलाई संस्थागत गर्नु पर्दछ ।

७ **सेवा प्रवाहको अभिलेख**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को परिच्छेद ३ मा पालिका तथा वडा कार्यालयको काम कर्तव्य र अधिकार सम्बन्धी व्यवस्था छ ।सो अनुसार गाउँपालिका र ७ वडाहरुबाट सम्पादन भएको सेवा प्रवाहको अभिलेख राखी एकीकृत अभिलेख तयार गर्नुपर्नेमा गाउँपालिकाले सो अभिलेख राखेको देखिएन। ऐनले तोकेका क्षेत्रगत सेवा प्रवाहको वडागत समेतको विवरण माग गरेकोमा अभिलेख अद्यावधिक गर्ने नगरेको मौखिक जवाफ दिएकोले सेवा प्रवाहको तथ्यगत प्रगति विश्लेषण गर्न सकिएन । पञ्जीकरणतर्फ, पूर्वाधार विकास सडक निर्माण, स्वीकृत घर जग्गा नक्सा पास, अभिलेख सिफारिस लगायत पालिकालाई तोकिएका अधिकार क्षेत्र भित्रका सेवा प्रवाहको हालसम्मको अद्यावधिक आकँडा सहित पालिकाले सेवा प्रवाहको एकीकृत अभिलेख समेत तयार नगरेकोले सेवा प्रवाहको सम्वन्धमा विश्लेषण गर्न सकिएन । गाउँपालिकाले सेवा प्रवाहको अभिलेख अनिवार्य रुपमा गरी सेवा अद्यावधिक गरी प्रवाह लाई चुस्त दुरुस्त एवं प्रभावकारी बनाउनु पर्दछ।

८ **बजेट सीमा निर्धारण समिति**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६(१) बमोजिम गाउँपालिकामा प्राप्त हुने आन्तरिक आय, राजश्व बाँडफाँडबाट प्राप्त हुने रकम, अनुदान, ऋण र अन्य आयको प्रक्षेपण तथा सोको सन्तुलित वितरणको खाका र बजेट सीमा निर्धारण गर्न ७ सदस्यीय स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति गठनको व्यवस्था छ । उक्त समितिले आयको प्रक्षेपण, साधनको सन्तुलित वितरणको खाका, बजेटको कुल सीमा, बजेटको क्षेत्रगत सीमा निर्धारण, बजेट तथा कार्यक्रमको प्रथमिकीकरण, विषयक्षेत्रगत बजेट तर्जुमा मार्गदर्शन तय गर्नुपर्ने जस्ता कार्यहरू फाल्गुन महिनाभित्र सम्पन्न गरिसक्नुपर्ने र बजेट प्रक्षेपण गर्दा बजेट वर्षपछिको थप दुई वर्षको समेत प्रक्षेपण तयार गर्नुका साथै तयार भएको आगामी आर्थिक वर्षको बजेट सीमा प्रमुख प्रशासकिय अधिकृतले चैत्र १५ गतेभित्र गाउँपालिकाका विषयगत शाखा तथा वडा समितिलाई उपलब्ध गराउनुपर्ने कानूनी व्यवस्था रहेकोमा गाउँपालिकाले समितिको गठन गरेतापनि शाखा तथा वडालाई सीमा उपलव्ध गराएको छैन । ऐनमा व्यवस्था भएअनुसार बजेट सीमालगायत क्षेत्रगत विषय समेटी बजेट प्रक्षेपण सम्बन्धी नियम तथा कार्यविधि तर्जुमा एवं सोको पालनामा सम्बन्धित पदाधिकारीको ध्यान जानुपर्दछ ।

९ **बजेट तथा कार्यक्रम तर्जुमा**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६७(१) मा ४ सदस्यिय बजेट तथा कार्यक्रम तर्जुमा समिति गठन गरी आगामी वर्षको नीति तथा कार्यक्रम, बजेट तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, विषय क्षेत्रगत कार्यक्रम, योजना तथा कार्यक्रममा दोहोरोपना हुन नदिई आपसी तादाम्यता तथा परिपूरकता कायम गर्नुपर्ने व्यवस्था अनुसार समिति गठन गरेको भएता पनि आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, कार्यक्रमबीच परिपूरकता कायम गरेको समेत नदेखिएकाले बजेट तर्जुमा गर्दा ऐनमा भएको व्यवस्थाको परिपालनामा ध्यान दिनुपर्दछ ।

१० **योजना प्राथमिकीकरण**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ मा स्थानीय तहले आवधिक योजना बनाई लागू गर्नुपर्ने उल्लेख गरेको छ । स्थानीय तहले योजना तथा बजेट तर्जुमा दिग्दर्शन, २०७४ को दफा ५.२.४ सँग सम्बन्धित अनुसूची ३ मा आयोजना प्राथमिकीकरणका आधारहरू गरिवी निवारण, उत्पादनमूलक, रोजगारी, लागत सहभागिता, स्थानीय स्रोत र साधन, समावेशी विकास, दिगो र वातावरण संरक्षण र भाषिक र सांस्कृतिक विकास उल्लेख गरेको छ र सोही अनुसार गणना गरी प्राथमिकता आधारमा योजना छनौट गर्नु पर्ने व्यवस्था छ। गाउँपालिकाबाट प्राप्त विवरण अनुसार आर्थिक वर्ष २०८१।८२ मा निम्नानुसार ७ वडाको लागि वडागत र पालिकास्तरका कुल २७६ योजनामा वजेट विनियोजन गरेको छ ।

पालिका वा वडा	योजना सङ्ख्या	रु १ लाख सम्म	१ देखि २ लाख सम्म	२ देखि ५ लाख सम्म	५ देखि १० लाख सम्म	१० देखि ५० लाखसम्म	५० लाखभन्दा माथी
पालिकास्तर	१३४	१८	११	६५	१२	१८	१०
वडास्तर	१४२	२५	३३	६८	१२	४	०
जम्मा	२७६	४३	४४	१३३	२४	२२	१०

उपर्युक्त विवरणअनुसार गाउँपालिकाले कार्यान्वयन गरेको योजना मध्ये करिब ८० प्रतिशत (२२० वटा) योजना ५ लाख भन्दा भित्रका रहेकाले पालिकाले साना र वितरणमुखी योजनाहरु सञ्चालन गरेको देखिन्छ । जसले गर्दा सञ्चालित योजनावाट दीर्घकालिन प्रतिफल प्राप्त नहुनका साथै चालु प्रकृतिका खर्चमा बृद्धि भै लागत प्रभावी नहुने तथा निर्माण कार्यको गुणस्तरमा समेत प्रश्न उठ्ने गरेको छ । तसर्थ गाउँपालिकाले योजना वस्तुनिष्ठ तवरले प्राथिमिकीकरण र छनौट गरी प्रभावकारी कार्यान्वयन गर्नुपर्दछ ।

११ **बजेट पेश, पारित र अख्तियारी**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ मा स्थानीय तहले आगामी आर्थिक वर्षको राजस्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र पेश गर्ने र यसरी पेश भएको बजेट छलफल गरी असार मसान्त भित्र सभाबाट पारित गर्नुपर्ने व्यवस्था छ । सोही ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिन भित्र गाउँपालिकाको प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ । गाउँपालिका उपाध्यक्षले मिति २०८१।०३।१० मा रू.६१ करोड ३७ लाख ३० हजारको यस वर्षको वजेट सभा समक्ष पेश गरेकोमा मिति २०८०।०३।१० मा पारित भएको छ । यसै गरी गाउँपालिकाको प्रमुखले मिति २०८०।०६।१० मा मात्र प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गरेको देखिन्छ । कानुनमा भएको व्यवस्थाअनुसार समयमै प्रमुख प्रशासकिय अधिकृतलाई अख्तियारी प्रदान गर्नुपर्दछ ।

१२ **सभा बाहेक कार्यकारी निर्णयबाट भएका योजना**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ अनुसार बजेट पेश गर्दा चालु आर्थिक वर्षको अन्तिम सम्ममा हुने आम्दानी र खर्चको संशोधित अनुमान तथा आगामी आर्थिक वर्षको योजना तथा कार्यक्रम र आय व्ययको अनुमानित विवरण खुलाई सभाले बजेट पारित गर्ने व्यवस्था छ । पालिकामा वजेट अधिवेशनवाट योजना वर्गिकरण तथा विनियोजन नगरी पटके रुपमा कार्यपालिका तथा तोक आदेशका आधारमा कार्यान्वयन भई सम्पन्न भएपश्चात् मात्र सभामा एकमुष्ठ पेश गरी निम्नानुसारका योजना अनुमोदन गरेको पाईयो । आयोजना वैंक निर्माण नहुने हुनाले माग, आवश्यकता र प्रभाव विश्लेषण नभई टुक्रे योजना कार्यान्वयन हुनु उपयुक्त देखिदैन । वडा समिति तथा कार्यपालिकावाट मात्र निर्णय भई कार्यान्वयन भएका केही योजना निम्नानुसार छन् ।

योजनाको नाम	खर्च रकम
डिलमुनी मजुवा सिँचाई मर्मत	१५००००
ब्रम्हाविष्णु डोप्ला चिँसाई मर्मत	१५००००
खोलाखर्क फलाटे सडक मर्मत	५०००००
पासेवन बस्के खोलाखर्क सडक ट्र्याक ओपन	२४५००००
पुँडीघ्याङ टेक्सीङ सानो शैलुङ सडक स्तर उन्नती	२४९५०००

१३ **अबण्डा रकम**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६,६७ मा स्थानीय आवश्यकता र आयको अवस्थाको आधारमा बजेट तथा कार्यक्रमको प्राथमिकिकरण गर्नुपर्ने उल्लेख छ । सोहि अनुसार पालिकाले स्रोत अनुमान तथा सीमा निर्धारण गरी आयव्ययको अनुमान पेश गर्नुपर्दछ। गाउँपालिकाले आकस्मिक रुपमा सम्बोधन गर्नु पर्ने कार्यक्रममा रु. ३०९०००००.०० बजेट अबण्डा राखी रु २९७१३५४३.०० खर्च गरेको पाइयो । बजेट अबण्डामा राखी पटके तोकादेशवाट बजेट खर्च गर्ने गर्दा जनताको आवश्यकता र प्राथमिकताको पहिचान नहुने, आवश्यक कार्यक्रमको छनोट हुन नसक्ने, उत्पादनमा वृद्धि हुने कार्यक्रमभन्दा वितरणमुखी कार्यक्रमको छनोट हुन गई स्रोतको दुरुपयोग समेत हुनसक्ने सम्भावना रहने हुँदा अबण्डामा बजेट व्यवस्था गरी खर्च गर्ने कार्यमा नियन्त्रण हुनुपर्दछ ।

१४ **रकमान्तर**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा (३) अनुसार पालिकाले सभावाट स्वीकृत नीति तथा कार्यक्रम, बजेट तथा कार्यविधिको परिधी भित्र रही प्रचलित कानून बमोजिम खर्च गर्न सकिने व्यवस्था गरेको छ। तद्अनुरुप पालिकाले यस ऐन अनुसार स्वीकृत वार्षिक कार्यक्रम तथा बजेटको परिधी भित्र रहि तोकिएको कार्यक्रम सञ्चालन गर्नुपर्नेमा २०८१ आषाढमा आर्थिक वर्ष ०८१।८२ को लागि स्वीकृत वार्षिक कार्यक्रम अनुसार कार्य सञ्चालन नगरी विभिन्न मितिको कार्यपालिकाको पटके निर्णयवाट ३३ वटा विभिन्न योजनामा रु.२,०४,५०,००० घट गरी ४५ वटा नयाँ योजनामा बढाएर रकमान्तर गरी खर्च गरेको छ । आ व २०८२।८३ को वजेट पारित गर्दा विगतमा भएका कार्यपालिकाका सम्पुर्ण निर्णयहरु एकमुष्ट अनुमोदन गरेको पाईयो । यसरी शुरुमा स्वीकृत कार्यक्रममा खर्च नगरी वर्षान्तमा बजेट फ्रिज नहुने शिर्षक परिवर्तन गरी भुक्तानी खर्च लेखेको नियम सम्मत देखिएन । तोकिएको सिमाभित्र तोकिएको शीर्षकमा नीति तथा कार्यक्रमले तोकिएको सिमा भित्र मात्र रकमान्तर गरी वजेट कार्यान्वयन प्रकृयालाई पारदर्शी बनाउनुपर्दछ ।

१५ **क्षेत्रगत वजेट तथा खर्च**

स्थानीय तहको एकीकृत, समानुपातिक र दिगो विकासका क्षेत्रगत रुपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्ने हुन्छ । गाउँपालिकाको क्षेत्रगत रूपमा कुल बजेट रु.६१ करोड ७ लाख ३० हजार र खर्च रु.४२ करोड ८३ लाख ६३ हजारको आधारमा समग्र रूपमा बजेटको ७०.१४ प्रतिशत खर्च भएकोमा क्षेत्रगत बजेट खर्च प्रगति निम्नानुसार रहेको छ ।

क्षेत्रगत बजेट	बजेट	खर्च रकम	क्षेत्रगत खर्च प्रतिशत
आर्थिक विकास	३३८६९०००	२४९०७५३५	५.८१
पूर्वाधार विकास	१८३२८७८५५	११५७३९६६३	२७.०१
सामाजिक विकास	१५१४७२१४५	११५६०७८२१	२७.००
बातावरण तथा विकास	२२५०००	२०२४००	०.०५
संस्थागत विकास, सेवा प्रवाह र सुशासन	२२६००००	१३६३८६०	०.३२
उद्योग पर्यटन र सहकारी संस्था	०	०	०
अन्य कार्यालय संचालन तथा प्रशासनिक	२३९६१६०००	१७०५४२२१४	३९.८१
जम्मा	६१०७३००००	४२८३६३४९३	१००

उपर्युक्त विवरण अनुसार सभाले विनियोजन गरेको बजेट मध्ये अन्य कार्यालय संचालन तथा प्रशासनिकतर्फ सबैभन्दा बढी ४० प्रतिशत, आर्थिक विकासमा जम्मा ६ प्रतिशत र वातावरण तथा विकासका साथै संस्थागत विकास, सेवा प्रवाह र सुशासनमा सबै भन्दा घटी १ प्रतिशत भन्दा न्यून रहेको छ । खर्च गर्दा आवश्यकताको आधारमा सबै क्षेत्रमा समानुपतिक ढंगबाट खर्च गर्नु उपयुक्त देखिन्छ।

१६ सुचनाको हक

सुचनाको हक सम्बन्धी ऐन, २०६४ तथा सुचनाको हक सम्बन्धी नियमावली, २०६५ बमोजिम नगारिकको सुचनाको हकको संरक्षण र प्रवर्धनको लागि कार्यालयसंग माग गरिएको सूचना उपलब्ध गराएको सूचनाको विवरणको छुट्टै अभिलेख राख्नुपर्ने, तीन तीन महिनामा स्वतः प्रकाशन गर्नुपर्ने, वेभ साइट नियमित रुपमा अद्यावधिक गर्नुपर्ने, सूचनाको वर्गिकरण र अद्यावधिक गर्नुपर्ने व्यवस्था भएकोमा कार्यालयले स्वतः प्रकाशन गरेको, वेभ साइट नियमित रुपमा अद्यावधिक गर्ने गरेको पाइएन। साथै सुचनाको वर्गिकरण एवं माग गरिएको सूचना उपलब्ध गराएको सूचनाको विवरणको छुट्टा छुट्टै अभिलेख अद्यावधिक गरेको समेत पाइएन । कार्यालयले ऐन नियममा भएको व्यवस्थाको पालना गर्नुपर्दछ ।

१७ त्रैमासिक खर्च

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३५ बमोजिम स्वीकृत भएको कार्यक्रममा अनुसूची २ बमोजिम प्रगति विवरण वनाई पेश गर्नुपर्ने र कार्य लक्ष्य तथा कार्यक्रम बमोजिम कार्य सम्पादन सम्पन्न गरी कार्यक्रम कार्यान्वियन गर्नु पर्ने व्यवस्था छ। गाउँपालिकाले उपलव्ध गराएको विवरण अनुसार पुँजिगत खर्चको स्थिति देहाय बमोजिम रहेको छ ।

बजेट उपशिर्षक	कुल खर्च	त्रैमासिक खर्च				
		प्रथम त्रैमासिक	दोस्रो त्रैमासिक	तेश्रो त्रैमासिक	चौथो त्रैमासिक	आषाढ महिना
चालु खर्चतर्फ	२८१२९९७८०	६०४५२३९४	५२६८७८४२	६२७७७१५०	१०५३८२३९२	७८७२२५१९
पूँजिगत खर्चतर्फ	१४७०६३७१४	९४८६१३	६३०९७२०	२४५०७१७२	११५२९८२०९	७८९४२०७४
जम्मा	४२८३६३४९४	६१४०१००७	५८९९७५६२	८७२८४३२२	२२०६८०६०१	१५७६६४५९३
कुल खर्च प्रतिशत	१००	१४	१४	२०	५२	३७
पूँजिगत खर्च प्रतिशत		१	४	१७	७८	५४

गाउँपालिकाको कुल खर्च मध्ये ३४.३३ प्रतिशत पुँजिगत खर्च रू.१४ करोड ७० लाख ६४ हजार भएकोमा प्रथम त्रैमासिकमा रू.९ लाख ४९ हजार (१ प्रतिशत), दोस्रो त्रैमासिकमा रू.६३ लाख १० हजार (४ प्रतिशत), तेस्रो त्रैमासिकमा रू.२ करोड ४५ लाख ७ हजार (१७ प्रतिशत) र चौथो त्रैमासिकमा रु.११ करोड ५२ लाख ९८ हजार (७८ प्रतिशत) खर्च गरेको देखिएको छ । यसरी नै आषाढ महिनामा मात्र रू ७ करोड ८९ लाख ४२ हजार (५४ प्रतिशत) खर्च देखिनुले आषाढमा आएर खर्चको चाप बढेको देखिएकाले

सन्तुलित खर्च व्यवस्थापन भएको देखिएन । स्वीकृत कार्यक्रम अनुसार त्रैमासिक रूपमा सन्तुलित खर्च हुने गरी कार्यक्रम कार्यान्वयन गरिनुपर्दछ । वर्षान्तमा हतारमा काम गराउँदा कामको गुणस्तरमा असर पर्ने देखिएकोले नियममा भएको व्यवस्था अनुरूप आषाढमा खर्च गर्ने परिपाटीमा नियन्त्रण गर्नुपर्दछ ।

१८ **खरिद योजना तथा गुरूयोजना**

सार्वजनिक खरिद ऐन, २०६३ ले सार्वजनिक निकायले तोकेको सीमाभन्दा बढी रकमको खरिद गर्दा तोकिए बमोजिमको खरिद गुरूयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्ने व्यवस्था छ । यस्तै सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७ ले वार्षिक १० करोडभन्दा बढीको खरिद गर्दा गुरूयोजना तयार गर्नुपर्ने, नियम ८ ले वार्षिक १० लाखभन्दा बढीको खरिद गर्दा वार्षिक खारिद योजना बनाउनुपर्ने व्यवस्था छ । यस गाउँपालिकाले विभिन्न शीर्षक अन्तर्गत वार्षिक रू.१४,७०,६३,७१४ पूँजीगत खर्च/खरिद निर्माण कार्य गरेको छ । गाउँपालिकाले ऐन, नियम बमोजिम वार्षिक खरिद योजना र गुरूयोजना नबनाई खरिद कार्य गरेको देखियो । अतः गाउँपालिकाले उक्त नियमावली बमोजिम गुरूयोजना बनाई व्यवस्थित र प्रभावकारी हुने गरी खरिद कार्य गर्नुपर्दछ ।

१९ **भुक्तानी बाँकी**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा ९ मा बहुवर्षीय खरिद र विशेष परिस्थितिबाट सृजित दायित्वमध्ये आगामी वर्ष भुक्तानी गर्नुपर्ने बाँकी रकम समावेश गरेर बजेट बनाउने व्यवस्था छ। आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९ (२) मा कार्यालयले चालु आर्थिक वर्षको वजेटले नखाम्ने र बढी खर्च हुने गरी दायित्व सिर्जना गर्न नहुने उल्लेख छ । त्यस्तै सोही नियमावलीको नियम ३९(१३) मा चालु वर्षको वजेटले नखामेको खर्च व्यहोर्नुपर्ने उचित आधार र पर्याप्त कारण भएमा सम्वन्धित कार्यालयले विल भरपाई बमोजिमको रकम आगामी वर्षमा भुक्तानी दिने गरी महालेखापरीक्षकवाट स्विकृत ढाँचामा भुक्तानी दिन वाँकीको विवरण तयार गरी आर्थिक वर्ष समाप्त भएको ७ दिनभित्र कोष तथा लेखा नियन्त्रक कार्यालय वा आन्तरिक लेखापरीक्षकवाट स्विकृत गराई राख्नुपर्ने व्यवस्था छ । पालिकाले गतवर्षको भुक्तानी दिन बाँकीको खाता तथा कच्चावारी (म.ले.प.फा.नं. २२१) प्रमाणित तथा यस वर्षको बजेटमा समेत गत वर्षको भुक्तानी दिन बाँकीको व्यवस्था सभावाट गरी आ. व. २०८०।८१ समेतको रु.३६,४६,६७९.०० बजेटमा व्यवस्था गरी आ. व. २०८१।८२ मा आंशिक भुक्तानी दिएको छ । बार्षिक बजेटले नखाम्ने गरी योजना एवं कार्यक्रमको लागि सम्झौता गर्ने, तथा केहि सालवसाली ठेक्काका योजनाको रकम समेत भुक्तानी वाँकिको रुपमा राख्ने प्रवृत्तीका कारण भुक्तानी दिन बाँकी रहेको देखिएकोले वर्षेनि गाउँपालिकालाई दायित्व थपिने क्रम बढ्दै गएको देखिन्छ । बार्षिक बजेटले बहुबर्षीय कार्यक्रम स्वीकृत गरेको अबस्थामा बाहेक यस प्रकारको दायित्व सिर्जना नहुने गरी खर्च व्यवस्थापन गर्नु उपयुक्त हुन्छ ।

२० **लक्ष्य प्रगति**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ अनुसार कार्यालयले त्रैमासिक तथा वार्षिक प्रगति विवरण बनाई पेश गर्नुपर्नेमा कार्यालयले सञ्चालन गरेका योजनाको नियम बमोजिमको ढाँचामा त्रैमासिक प्रगति विवरण तयार गरेको देखिएन । गाउँपालिकाले पेश गरेको विवरण अनुसार शुन्य प्रगति भएका कार्यक्रम ४३ वटा, २५ प्रतिशत सम्म प्रगति भएका कार्यक्रम ५० प्रतिशत सम्म प्रगति भएका कार्यक्रम सख्या १० रहेको र ७५ प्रतिशत प्रगती भएका योजना कार्यक्रमको संख्या ११ रहेको देखिन्छ । खरिदमा प्रतिस्पर्धा भई कम मूल्यमा कार्यसम्पन्न भएको तथा केहि योजनामा बढी वजेट विनियोजन भएकोले वित्तिय प्रगती कम देखिएको पालिकाले जनाएको छ । गाउँपालिकाले निर्धारित समयमा कार्यक्रम सञ्चालन गरी प्रगति हासिल गर्नुपर्दछ । साथै गाउँपालिकामा सञ्चालन भएका कार्यक्रमहरुको तोकिएको ढाँचामा प्रगति विवरण तयार गर्नुपर्दछ ।

कार्यक्रम/योजना	कुल कार्यक्रम	वार्षिक प्रगति स्थिति			
		शून्य प्रगति	२५%सम्म प्रगति	५०% सम्म प्रगति	७५% सम्म प्रगति
कार्यक्रम संख्या चालु समेत	५१३	४३	०	१०	११

२१ **स्थानीय तथ्याङ्क, अभिलेख तथा स्रोत नक्साङ्कन**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ बमोजिम स्थानीय तहले आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्याङ्क सङ्कलन, अभिलेख र सोको व्यवस्थापन गर्नुपर्ने तथा आफ्नो क्षेत्रभित्रको शैक्षिक, भौगोलिक अवस्था, प्राकृतिक स्रोत अन्तर्गत खानी, जङ्गल तथा अन्य स्रोत, पूर्वाधार अन्तर्गत सडक, पुल, खानेपानी लगायतको अभिलेख तथा श्रोत नक्साङ्कनसहितको गाउँपालिकाको प्रोफाइल तयार गर्नुपर्ने व्यवस्था छ । गाउँपालिकाले स्थानीय तथ्याङ्क सम्बन्धी नीति, कानून र सोको मापदण्ड बनाएको तथा स्रोत नक्साङ्कन गरेको देखिएन । स्थानीय तहका प्राथमिकीकरणका क्रियाकलाप सञ्चालनमा तथ्याङ्कले महत्वपूर्ण भुमिका खेल्ने हुँदा सोको सङ्कलन र अभिलेखाङ्कन गर्नुपर्दछ ।

२२ **कानून र सञ्चालन स्थिति**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहहरूले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन तथा सोको अधीनमा रही नियम निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वियनमा ल्याउन सक्ने व्यवस्था छ । जसअनुसार स्थानीय तह सञ्चालनको लागि संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट ४२ वटा नमुना कानूनहरू बनाई उपलब्ध गराएकोमा यस गाउँपालिकाले हालसम्म १२ वटा ऐन, ४ नियमावली १३ कार्यविधि तथा १ निर्देशिका लगायत ३० वटा कानुन निर्माण गरेको छ । साथै पालिकाले गाउँसभा कार्यपालिकाबाट स्वीकृत गरेर उक्त कानूनहरू राजपत्रमा प्रकाशन गरेको र ४ वटा कानुनहरु राजपत्रमा प्रकाशन नै नगरी कार्यान्वियनमा ल्याएको छ । राजपत्रमा प्रकाशन नभएका कानुनहरुले कानुनी मान्यता प्राप्त नगर्ने भएकोले कानुनहरु राजपत्रमा प्रकाशन गरी कार्यान्वियनमा ल्याउनुपर्दछ ।

२३ **न्यायिक समिति**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ देखि ५३ सम्म न्यायिक समितिको अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रियाको व्यवस्था गरेको छ । समितिमा परेको उजुरीमध्ये मेलमिलाप प्रकृतिका आधारमा विवाद दर्ता भएको ३ महिनाभित्र टुङ्गो लगाउने व्यवस्था छ ।लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार गतवर्ष फर्स्यौट वा कारवाही किनारा गरी टुङ्गो लगाउन बाँकी १ र यो वर्ष थप भएको २ गरी कुल ३ विवाद दर्ता भएकोमा २ वटा फर्स्यौट भई १ बाँकी देखिन्छ । न्याय सम्पादन प्रक्रियालाई ऐनले तोकेको म्यादभित्र फर्स्यौट वा कारवाही किनारा गरी टुङ्गो लगाउनुपर्दछ ।

२४ **सामुदायिक वनको आय**

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६२ (ख) बमोजिम सामुदायिक वन उपभोक्ता समितिले वन पैदावार बिक्री तथा उपयोग सम्बन्धमा वार्षिक कार्ययोजना बनाई पालिकाबाट स्वीकृत गराउनु पर्ने र वार्षिक कार्ययोजना बमोजिमको वन पैदावारको बिक्री वापतको प्राप्त हुने रकमको दश प्रतिशत सम्बन्धित स्थानीय निकायको संचित कोषमा जम्मा गर्नुपर्ने व्यवस्था भएकोमा पालिकाले सो अनुसार आम्दानी प्राप्त गरेको पाइएन। गाउँपालिकाले डिभिजन वन कार्यालयसंग समन्वय गरी राजस्व असुल गर्नुपर्दछ।

२५ **खर्च विश्लेषण**

गाउँपालिकाले यस वर्ष कुल आन्तरिक आयबाट रू.६३,८९,८९७.०० राजस्व बाँडफाँड र अनुदानबाट रू.६८१५२०९७१.०० तथा गत मौज्दात लगायतको अन्य विविध आय समेत रू.८२५२८७००४.०० आम्दानी भएकोमा चालु तर्फ रू.२८५३२८८२३.०० र पुँजीगत तर्फ रू १६८०५९४७७.०० समेत रू.६५६८३९९२१.०० खर्च भएको छ । खर्च मध्ये आन्तरिक आयको हिस्सा ०.९७ प्रतिशत रहेको छ । यसवर्ष पदाधिकारी सुविधामा रु.५५९९९०८.०० ईन्धन, बैठक भत्ता तथा अन्य पटके सुविधा रु.४४५४९७१.०० समेत कुल रु.१००५४८७९.०० का साथै अन्य बैठक/अनुगमन लगायतका पटके सुविधा समेतमा खर्च लेखेको देखिन्छ । जुन आन्तरिक आयको १.५८ गुणा बढी अर्थात् १५८ प्रतिशत रहेको छ । गाउँपालिकालाई प्राप्त भएको सबै अनुदान र राजस्व बाँडफाँड समेतको आम्दानी रकमबाट चालुतर्फ ४३ प्रतिशत, पुँजीगत निर्माणमा २६ प्रतिशत र फिर्ता तथा सामाजिक सुरक्षा अनुदान लगायतको वित्तिय व्यवस्थामा ३१ प्रतिशत खर्च भएको देखिन्छ । यसबाट गाउँपालिकाले विकास निर्माण कार्यक्रम सञ्चालनमा

न्युन खर्च गरी प्रशासनिक कार्यमा बढी खर्च गरेको देखिन्छ। प्रशासनिक खर्च नियन्त्रण गर्दै प्राप्त अनुदान र राजस्व बाँडफाँडको रकम अधिकरूपमा विकास निर्माणमा परिचालन गरिनुपर्दछ ।

२६ चौमासिक विवरण

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७६(५) मा गाउँपालिकाले स्थानीय सञ्चित कोषमा भएको आय व्ययको चौमासिक शीर्षकगत विवरण तयार गरी संघीय अर्थ मन्त्रालय, प्रदेश अर्थ मन्त्रालय तथा राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगमा पठाउनुपर्ने व्यवस्था रहेको छ । कार्यालयले यो वर्ष सञ्चित कोषको चौमासिक हिसाब तालुक निकायमा पठाएको देखिएन। तहगत अनुगमन व्यवस्थालाई क्रियाशील बनाउन कानून बमोजिमका विवरणहरु तालुक निकायहरुमा पठाउनु पर्दछ।

२७ प्रशासकीय संगठन र जनशक्ति व्यवस्थापन

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ बमोजिम स्थानीय तहको कार्यबोझ, राजस्व क्षमता, खर्चको आकार र स्थानीय आवश्यकता समेतलाई ध्यानमा राखी कर्मचारी समायोजन भएपछि मात्र संगठन तथा व्यवस्थापन सर्वेक्षणका आधारमा स्थानीय तहमा संगठन संरचना कायम हुने व्यवस्था छ ।सो अनुसार पालिकाले संगठन तथा व्यवस्थापन सर्वेक्षणका आधारमा सभावाट दरबन्दी स्वीकृत गरेकोमा पद दर्ता गरेको पाईएन । पालिकावाट प्राप्त विवरण अनुसार प्रमुख प्रशासकीय अधिकृत सहित १३२ दरबन्दी स्वीकृत रहेकोमा आषाढ मसान्तसम्म प्रमुख प्रशासकीय अधिकृत सहित ९७ जना पदपुर्ति भएको देखिन्छ । लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार कार्य व्यवस्थापनका दृष्टिकोणले महत्वपूर्ण मानिएका प्रमुख प्रशासकीय अधिकृत, लेखा अधिकृत, प्रशासकीय अधिकृत, ईन्जिनियर, कृषि विकास अधिकृत, शाखा अधिकृत आलेप सहायक लगायतका ३५ पदहरु रिक्त रहेका छन् । पालिकामा जम्मा ७ वटा वडा मध्ये ६ वडा सचिव मात्र पदपुर्ति भई १ वडा दरबन्दी अनुसारको वडा सचिव बिहिन रहेको देखिन्छ ।फरक सेवाका कर्मचारीलाई वडा सचिवको जिम्मेवारी दिँदा र दरबन्दी बमोजिम जनशक्तिको पूर्णता नहुँदा विषयगत कार्यक्रम सञ्चालन, सेवा प्रवाह तथा पालिकाको समग्र कार्य सम्पादनमा असर परेको स्थिति छ । पालिकाले नियममा भएको व्यवस्था अनुसार स्वीकृत दरबन्दी अनुसारको पद दर्ता गरी रिक्त पदहरुमा स्थायी कर्मचारीहरुको पदपूर्ति हुने व्यवस्था मिलाउनु पर्दछ ।

२८ कर्मचारी करार

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ मा स्थानीय तहले आफ्नो अधिकार क्षेत्र र कार्यबोझको विश्लेषण गरी संगठन तथा व्यवस्थापन सर्भेक्षणको आधारमा स्थायी प्रकृतिको कामको र सेवा करारबाट लिईने कर्मचारीको दरबन्दी प्रस्ताव गर्नुपर्ने र अस्थायी दरबन्दी सृजना गर्न नसकिने व्यवस्था छ । त्यसै गरी सोही ऐनको २०७४ को दफा ८३(८) वमोजिम पालिकाले नगर प्रहरी, सवारी चालक, सयश, कार्यालय सहयोगी, पलम्बर, इलेक्टीसियन, चौकिदार, मालि, बगैंचे लगायतका सहायक तहका पदमा मात्र करारवाट सेवा लिन सकिने व्यवस्था गरेको छ । त्यस्तै बागमती प्रदेश स्थानीय सेवा (गठन तथा सञ्चालन) ऐन, २०७९ को दफा १६ मा स्थानीय सेवाका कर्मचारी गर्नुपर्ने कामको लागि कुनै पनि व्यक्तिलाई ज्यालादारी वा करारमा नियुक्त गर्न नपाइने र तोकिएको अवधिभित्र पदपुर्तिको लागि माग नगरी ज्यालादारी वा करारमा नियुक्ति गरेमा उक्त तलब भत्ता वापतको खर्च रकम नियुक्त गर्ने कर्मचारी वा पदाधिकारीबाट सरकारी बाँकी सरह असुल उपर गरिने उल्लेख छ । गाउँपालिकाले समायोजन ऐन २०७४ को अधीनमा रही कर्मचारी समायोजन नभएसम्मको लागि स्थानीय तहमा सेवा प्रवाह सम्बन्धी व्यवस्था, २०७४ को अधिनमा रहि लागी स्वीकृत दरबन्दी भित्रका पद रिक्त भएमा मात्र करारमा कर्मचारी राख्न पाउने व्यवस्थालाई समेत कर्मचारी समायोजन भएपश्चात् र संगठन तथा व्यवस्थापन सर्वेक्षण स्वीकृत भएपश्चात् पनि सोही आधारमा भर्ना गरेको तथा केहि पद लोक सेवा आयोगमा माग समेत नपठाएको पाइयो । गाउँपालिकाले विभिन्न पदमा करारमा ३५ जना कर्मचारी भर्ना गरी रू १ करोड ५९ लाख २५ हजार खर्च लेखेको छ । स्थानीय सरकार गठन भएको ७ वर्ष पुरा भएको यस अवधिमा शुरु वर्ष लोक सेवा आयोग संघबाट पदपूर्ति भएको तथा पटक पटक प्रदेश लोक सेवा आयोगबाट समेत विज्ञापन भएको अवस्थामा स्थायि पदपूर्ति माग गरी स्थायी पदपूर्ति गर्नुपर्नेमा करार सेवालाई निरन्तरता दिनु उचित देखिँदैन । यसरी नियममा भएको व्यवस्था विपरीत करारमा कर्मचारी नियुक्ती गरी तलब सुविधा रु.३०,१०,८१८ भुक्तानी गरेको (लोक सेवा आयोगमा समेत माग नगरेको) नियमसम्मत देखिएन ।

पद	दरवन्दि	करारमा कार्यरत	रकम
ईन्जिनियर	१	१	५७७९५७
कृषि विकास अधिकृत	१	१	५७७९५७
सव ईन्जिनियर	१०	२	९२७४५२
पशु विकास प्राविधिक सहायक	-	२	९२७४५२
		जम्मा	३०१०८१८

२९ तलबी प्रतिवेदन

निजामती सेवा ऐन २०४९, स्वास्थ्य सेवा ऐन, २०५३ तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४, शिक्षा ऐन, २०२८ मा तलबी प्रतिवेदन पारित गराएर मात्र तलब खर्च लेख्नुपर्ने उल्लेख छ । गाउँपालिकाले यो वर्ष तलबी प्रतिवेदन पारित नगराई संघीय सरकारबाट हस्तान्तरित चालु अन्तर्गत शिक्षातर्फ रु.११४००७९२१.०० स्वास्थ्य तर्फ रू.२९१३९४२०.०० र गाउँपालिका प्रशासनिक कर्मचारी तर्फ रू.१२८७८८५२.४४ समेत रू.१५६०२६१९३.०० खर्च लेखेको छ । तलबी प्रतिवेदन पारित नगरी खर्च लेख्न पाउने भन्दा बढी तलब भत्ता ग्रेड भुक्तानी हुन सक्ने तथा लेखापरीक्षणको क्रममा भुक्तानीको तुलना गर्न नसकिने भएकोले तलबी प्रतिवेदन पारित गराएर तलब भत्ता भुक्तानी गर्नुपर्दछ ।

३० प्रमुख प्रशासकीय अधिकृतको तलब भत्ता

पालिकाका प्रमुख प्रशासकीय अधिकृत समिर रेग्मी २०८१।९।९ सम्म पालिकामा हाजिर भएको तत् पश्चात् हाजिरी नभएको अवस्थामा पौष महिनाको तलब वापत रु.५१,७४७।९० भुक्तानी भएको पाइयो । निज कर्मचारी हाजिरी नभएको २१ दिन भएको, सरुवा भएको प्रमाण नभएको तथा रमाना पत्र समेत संलग्न नभएकोले उक्त तलब भत्ता तथा तत् पश्चातका सम्पूर्ण खर्चको यथार्थता यकिन हुन सकिएन ।

३१ सफ्टवेयर खरिद तथा सञ्चालन

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ३ अनुसार सार्वजनिक निकायले कुनै खरिद कार्य गर्दा आवश्यकताको पहिचान, खरिद विवरण, परिणाम र क्षेत्र यकिन गरी लागत अनुमान तयार गरेर खरिद गर्नुपर्ने व्यवस्था छ । त्यस्तै नेपाल सरकारको सूचना प्रविधि प्रणाली (व्यबस्थापन तथा सञ्चालन) निर्देशिका, २०७१ को बुँदा नं.४.१ मा कुनै सरकारी निकायले आफ्नो कार्य विद्युतीय माध्यमबाट सञ्चालन गर्नका लागि प्रयोग गर्ने सूचना प्रविधि प्रणालीको निर्माण गर्दा त्यस्तो प्रणाली सम्बन्धी कागजात तयार गरी मानक अनुरुप भए नभएको निर्धारण गर्न सूचना प्रविधि विभागबाट स्वीकृत गराउन पर्ने व्यबस्था रहेको छ । यस स्थानीय तहले न्यायिक समितिको प्रभावकारीताका लागी गाउँगाउँवाट उजुरी संकलन गर्न सकिने व्यवस्थाका लागी नेशनल ईन्कुवेसन सफ्टवेयर प्रणाली संञ्चालनका लागी रु.९९५०० वरावरको सफ्टवेयर खरिद गरेकोमा उक्त सफ्टवेयर पालिकाको सरकारी सम्पत्ती अभिलेख प्रणाली पाम्समा दाखिला नभएको र सूचना तथा प्रविधि विभागबाट सो सफ्टवेयर सञ्चालन गर्न स्वीकृत समेत लिएको देखिएन । पाम्समा दाखिला हुनुपर्दछ ।

३२ ठेक्का अभिलेख

सार्वजनिक निर्माण कार्य गर्ने हरेक निकायले ठेक्का अभिलेख म.ले.प.फा.न.५०७ को ढाँचामा अद्यावधिक गरी राख्नुपर्ने व्यवस्था छ । निर्माण कार्यको विस्तृत अभिलेखांकनको लागि प्रयोग गरिने ठेक्का सम्बन्धी अभिलेखले कुल गर्नुपर्ने कार्य, हाल सम्म भएको कामको परिमाण, सम्झौता रकम, भुक्तानी भएको रकम, कार्य सम्पादन जमानत, पेश्की ग्यारेन्टीको अवस्था, काम सम्पन्न गर्नुपर्ने मिति, भेरिएशन, पेश्कीको विवरण लगायतको जानकारी उपलब्ध हुन्छ । तर यस कार्यालयले उक्त विवरण देखिने गरी अभिलेख राखेको देखिएन । अतः स्वीकृत ढाँचा अनुसार सवै विवरण खुल्ने गरी ठेक्का अभिलेख अद्यावधिक गरी राख्नुपर्दछ ।

३३ जिन्सि अभिलेख तथा व्यवस्थापन

३३.१ आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ९९ मा सोही नियमावलीको नियम ९४, ९५ र ९६ बमोजिम जिन्सी मालसामानको लगत खडा गरी राख्नुपर्ने, सोको निरीक्षण गरी प्रतिवेदन तयार गर्नुपर्ने, मूल्य नखुलेको सामग्रीको मूल्य खुलाउनु पर्ने व्यवस्था रहेका छन् । महालेखा नियन्त्रक कार्यालयले २०७७।८।७ मा २०७७।९।७ भित्र सबै तहका कार्यालयहरुलाइ २०७६।७७ सम्मको मौज्दात प्रबिष्टि र जिन्सी निरीक्षण फारम अनिवार्य रुपमा (PAMS) मा प्रविष्ट गर्ने र अनिवार्य रुपमा (PAMS) मा सरकारी सम्पत्तिको लेखाङ्कन गर्न परिपत्र गरेको छ । यस सम्बन्धी देखिएको व्यहोरा निम्नानुसार छ

• गाउँपालिकाको जिन्सी प्रतिवेदन परीक्षण गर्दा विभिन्न मालसमान मर्मत एवं लिलाम बिक्री गर्नुपर्ने औल्याईएकोमा कार्यालयले नियमावलीको पालना गरी जिन्सी समान लिलाम गरेको देखिएन ।कार्यालयले जिन्सी निरीक्षण प्रतिवेदनको कार्यान्वियन गर्नुपर्दछ ।

• गाउँपालिकाले पेश गरेको जिन्सी निरीक्षण प्रतिवेदनमा डेक्सटप १५, कार/ जीप २ थान, मोबाइल ८ थान लगायतका मालसमानको मूल्य नखुलेको देखिएकोले मूल्य खुलाई स्रेस्ता अद्यावधिक गर्नुपर्दछ।

• पाम्स लागु गर्नु भन्दा अगाडिसम्म कार्यालयको मौज्दातामा देखिएका जिन्सी सामग्रीको अनिवार्य रुपमा जिन्सी निरीक्षण प्रतिवेदन तयार गरी पाम्समा मौज्दात प्रविष्टि गर्नुपर्ने व्यवस्था भएकोमा पालिकाको २०७७।७८ को सम्मको खर्च भएर नजाने जिन्सी खातामा नमुनाको रुपमा केही आईटम परिक्षण गरिएकोमा निम्म आइटमको सबै मौज्दात सारेको देखिएन।पालिकाले उक्त सामग्रीहरु यकिन गरी पाम्समा आम्दानी बाँध्नुपर्दछ ।

सि.न		२०७७।७८ को खर्च भएर नजाने जिन्सीको मौज्दात	पाम्स V2 मा भएको	फरक संख्या	कैफियत
१	मोबाइल	१०	८	२	
२	स्क्यानर	८	६	६	
३	भिडीयो क्यामेरा	१	०	१	
५	डेक्सटप	१५	१५	१५	
६	स्यामसुङ ट्याव	२	०	२	
७	Education system software र H.S. software	२	०	०	उक्त सफ्टवेयर कार्यालयमा प्रयोगमा आएको समेत देखिएन

• पाम्स V1 मा लागु हुनुभन्दा आगावै रु १७१४४००.०० मूल्यका कम्प्युटर तथा विद्युतीय सामग्री, मसलन्द तथा छपाई लगायत खर्च भएर जाने सम्पत्ती विभिन्न १५६०९ आइटमहरुको मौज्दात देखिएकोमा उक्त आइटमहरु पाम्स V2 मा अ. ल्या. सारेर अद्यावधिक भएको पाइएन पालिकाले अभिलेख अद्यावधिक गराउपर्दछ ।

• गाउँपालिकाले जिन्सी सहायक खातामा अभिलेख अद्यावधिक गरेको पाइएन ।

३३.२ पालिकाबाट गत विगतमा खरिद भएका रु.१५६०००.०० का ३ थान मोबाइल खर्च भएर नजाने जिन्सी खातामा आम्दानी बाँध्नुपर्नेमा आ.व. २०८०।८१ को खर्च भएर जाने जिन्सी खातामा मौज्दात रहेको देखिएकोले उक्त मोबाइलहरु खर्च भएर नजाने तर्फ दाखिला मौज्दात प्रविष्टि गरेको प्रमाण पेश हुनुपर्ने रु.

प्रमाण पेश नगरेको	१,५६,०००

३४ **ईन्धन सुविधा**

अर्थ मन्त्रालयको कार्यसञ्चालन निर्देशिका, २०७७ को बूँदा ७.१.१६ अनुसार सवारी साधन सुविधा पाउने पदाधिकारीलाई ईन्धन सुविधा पाउने गरी मापदण्ड तयार गरेको छ । कार्यालयमा रहेका सवारी साधनको लागि पाउने ईन्धन सुविधा सम्बन्धमा स्पष्ट मापदण्ड, कार्यविधि बनाएको छैन । गाउँपालिकामा रहेका सवारी साधनमा डिजल र पेट्रोलले चल्ने सवारी साधनको छुट्टाछुट्टै अभिलेख राखी कुपन सिस्टमबाट इन्धन सुविधा उपलब्ध नगराएको र सवारी लगबुकको व्यवस्था पनि गरेको छैन । गाउँपालिकामा चालु हालतमा

डिजेल तथा पेट्रोलबाट चल्ने दुई पाङ्ग्रे र चार पाङ्ग्रे तथा ब्याक्होलोडर रहेको जनाएकोमा के कति संख्यामा रहेका छन् भन्ने अद्यावधिक विवरण पेश भएको छैन । यस वर्ष गाउँपालिकाले ईन्धन वापत रू.९,०३,३३५/- खर्च गरेको छ । सो बाहेक कन्टिन्जेन्सी तथा अन्य शिर्षक तथा कार्यक्रमबाट समेत इन्धन खर्च गरेको देखिन्छ । कार्यालयमा रहेका सवारी साधनको लागि पाउने ईन्धन सुविधा सम्बन्धमा स्पष्ट मापदण्ड, कार्यविधि बनाई खर्चमा मितव्ययीता एवं आन्तरिक नियन्त्रण पद्धती अवलम्बन गरी यस्ता खर्चमा नियन्त्रण हुनुपर्दछ ।

३५ **विविध खर्चः**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम व्ययको बजेट अनुमान आन्तरिक आयको परिधिभित्र रही औचित्यताको आधारमा मात्र विविध खर्च गर्नुपर्ने व्यवस्था छ । गाउँपालिकाले गाउँसभा सञ्चालन तथा विभिन्न समयमा भएको बैठक र अतिथि सत्कारमा खाना, चिया, नास्ता, जुस, पानी लगायतका खर्चको भुक्तानीका लागि रू.१५,४७,९४४.०० विविध खर्च गरेको देखियो । गाउँपालिको आन्तरिक आम्दानी रु.६३८९८९७।- मात्र भएको अवस्थामा आम्दानीको करीब २५ प्रतिशत खर्च लेखेको छ । यस्तो खर्चमा नियन्त्रण गरिनुपर्दछ । केही उदाहरण यस प्रकार छन ।

मिति	भौ. नं	विवरण	डेबिट
२०८१/०६/१७	२६	मुग्रेथुम्की होटल एण्ड किराना पसलमा खाना खाजा	८६५७३
२०८१/०६/१७	२५	शैलुङ पाहुना घर खाना खाजा विभिन्न समयको	४९८७५
२०८१/०६/१७	४२	विभिन्न खाना खाजा	३२०००
२०८२/०१/१०	१९९	कार्यालय र क्याटरमा विभिन्न समयमा खाजा खाना अन्य कार्यक्रमको दाउने होटल लज भुक्तानी	५४९३५
२०८१/०९/०९	९३	क्वार्टर तथा विभिन्न समयको खाजा मुग्रेथुम्की होटल एण्ड किराना पसललाई भुक्तानी	३५२४५
२०८२/०२/०७	२५७	शम्भु थोकरलाई अतिथि सत्कारवापतको भुक्तानी	२३२८०

३६ **आन्तरिक आय संकलन स्थिति**

३६.१ **आय अनुमान एवं असुलीः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ५५, ५७, ५८ र ५९ मा एकीकृत सम्पत्ति कर र घरजग्गा कर, घरजग्गा बहाल कर, व्यवसाय कर र बहाल बिरौटी शुल्क उठाउने व्यवस्था रहेको छ । स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आयसमेतको व्यवस्थापन गर्ने व्यवस्था छ । पालिकाले पेश गरेको आय-व्ययको अनुमानमा गर्दा प्राप्तिका शीर्षक अनुसार अनुमान नगरी एकमुष्ठ अनुमान गरेकोले आन्तरिक आम्दानी यथार्थपरक हुन सकेको छैन । नयाँ श्रोतहरु खोजिगरी शीर्षकगत आम्दानी अनुमान गर्ने र आम्दानी बढाउनुपर्दछ । समग्र प्राप्तिको श्रोतको अनुमानको तुलनामा जम्मा ६३ प्रतिशत संकलन भएको छ । शीर्षकगत आय अनुमान र असुली स्थिति निम्नानुसार रहेको देखिन्छ ।

सि न	प्राप्तिको श्रोत	वार्षिक अनुमान	सुत्रअनुसार शिर्षकगत आम्दानी
१	११३११ - व्यक्तिगत सम्पत्तिमा लाग्ने कर	एकमुष्ठ १ करोड	
२	११३१३ - सम्पति कर		२३५९४७।४५
३	११३१४ - भुमिकर/मालपोत		८६३९३०।०६
४	११३१५ - घरजग्गा रजिष्टेशन दस्तुर		
५	११३१७ - बहाल कर		२७६७९३।६०
६	११६९१ - अन्य कर		१०७३००
७	१४१५१ - सरकारी सम्पत्तिको बहालबाट प्राप्त आय		६७४०४०
८	१४१५७ -बाँडफाडँ भई प्राप्त दहत्तर बहत्तरको बिक्रीवाट प्राप्त हुने रोयल्टी		
९	१४१७८ -सवारी साधन कर		८००
१०	१४२१२ - सरकारी सम्पतिको बिक्रीबाट प्राप्त रकम		
११	१४२१३ - अन्य बिक्रीबाट प्राप्त रकम		१६४५०
१२	१४२१८ - विद्युत सेवा शुल्क		२००
१३	१४२१९ - अन्य सेवा शुल्क तथा बिक्री		१८८५३५
१४	१४२२१ - न्यायिक दस्तुर		३३५०
१५	१४२२३ - शिक्षा क्षेत्रको आम्दानी		३०६००
१६	१४२२४ - परीक्षा शुल्क		२३००
१७	१४२२९ - अन्य प्रशासनिक सेवा शुल्क		३६२६४९
१८	१४२४२ - नक्सापास दस्तुर		२४३९४।४५
१९	१४२४३ - सिफारिश दस्तुर		१२१८४२१
२०	१४२४४ - व्यक्तिगत घटना दर्ता दस्तुर		४९९८१०
२१	१४२४५ - नाता प्रमाणित दस्तुर		३०४२००
२२	१४२४९ - अन्य दस्तुर		५७३५०४।८३
२३	१४२५३ - व्यावसाय रजिष्ट्रेशन दस्तुर		३३४१००
२७	१४२६३ - जलस्रोत सम्बन्धी अन्य दस्तुर		५०२५०
२८	१४५२९ - अन्य राजस्व		२४६३९७।५५
२९	१४६११ - व्यवसाय कर		६०८००
३०	१५१११ - बेरूजु		११८४५०
३१	११३१८ - बहाल बिटौरी कर		३५००
३२	११६३१ - कृषि तथा पशुजन्य बस्तुको व्यवसायिक कारोवारमा लाग्ने कर		८७५०९।०२
४३	१४१२९ - अन्य निकायबाट प्राप्त लाभाँश		१०००

४४	३२१२२ - बैंक मौज्दात		६४०।४५
	जम्मा	१००००००००	६३८९८९७।४१

पालिकाले एकिकृत सम्पत्ति कर लागू नगरेको र एकमुष्ठ आय अनुमान गरेको जनाएको छ । केही शीर्षकमा राजस्व संकलन शुन्य प्रतिशत रहेको पाईयो । व्यवसाय कर समेत सिफारिस तथा अन्य राजस्वमा जनाउने गरेको तथा पालिका भित्र रहेका करदाताहरुको अभिलेख व्यवस्थित नरहेको एवं बुझाउन ल्याएको अवस्थामा मात्र कर एवं शुल्क बुझ्ने परिपाटी रहेको छ । पालिकाले आफ्नो क्षेत्रभित्र करदाताको अभिलेख अद्यावधिक गरी करको दायरामा ल्याउने र राजस्व प्रक्षेपणलाइ यथार्थपरक बनाइ राजस्व संकलन र सोको परिचालन व्यवस्थित गर्नुपर्दछ ।

३६.२ **व्यवसाय करः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ५८ मा पालिकाले आफ्नो कार्यक्षेत्र भित्र रहेका विभिन्न व्यवसाय गर्ने व्यक्तिबाट व्यवसाय कर उठाउनुपर्ने व्यवस्था रहेको छ । यस वर्ष गाउँपालिकाले व्यवसाय दर्ता तथा नवीकरण शुल्क वापत रू.६०८००.०० कर सङ्कलन गरेकोमा गाउँपालिकाको क्षेत्रभित्र रहेका व्यवसायीहरूको अभिलेख अध्यावधिक गरेको छैन । जसबाट गाउँपालिकाले सङ्कलन गरेको व्यवसाय कर यथार्थ मन्न सक्ने अवस्था छैन । तसर्थ गाउँपालिकाले क्षेत्र भित्र सञ्चालनमा रहेका सम्पूर्ण व्यवसायीको अद्यावधिक अभिलेख राखी करको दायराभित्र ल्याउनु पर्दछ ।

३६.३ **आन्तरिक आयः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आय समेतको व्यवस्थापन गर्न सक्ने व्यवस्था छ । गाउँपालिकाले आर्थिक वर्ष २०८१/८२ मा केन्द्रीय अनुदानबाट गरेको खर्चका तुलनामा आन्तरिक आयको स्थिति देहाय बमोजिम छ ।

केन्द्रीय अनुदानबाट खर्च	आन्तरिक आय	आन्तरिक आय प्रतिशत
६८१५२०९७१	६३८९८९७	०.९४

उपर्युक्त विवरण अनुसार स्थानीय तहमा प्राप्त केन्द्रीय अनुदानबाट भएको खर्चको तुलनामा आन्तरिक आयको हिस्सा ०.९४ प्रतिशत मात्र रहेको छ ।

त्यस्तै, पालिकाको विगत २ वर्षको आन्तरिक आम्दानी निम्नानुसार देखिन्छ ।

आ व २०८०/८१	आ व २०८१/८२	थप / घट प्रतिशत
७०६०१७५	६३८९८९७	९.५

आ. व. २०८०/८१ मा ७०६०१७५ मात्र आम्दानी भएकोमा आर्थिक वर्ष २०८१/०८२ मा आन्तरिक आम्दानी रु.६३८९८९७ मात्र प्राप्त भएको देखिन्छ । गत वर्षको तुलनामा यस वर्ष रु.६७०२७८ (करिब १० प्रतिशत) घटी आम्दानी भएको देखिन्छ । फलस्वरुप पालिकाको वजेट केन्द्रिय अनुदान तथा राजस्व बाँडफाँडको रकममा पुर्ण रुपमा भर परिरहेको अवस्था छ । त्यसैले गाउँपालिकाको आन्तरिक आय सङ्कलनको दायरालाई फराकिलो पार्दै आन्तरिक आय वृद्धि गर्नेतर्फ ध्यान दिनुपर्ने देखिन्छ ।

३७ **आन्तरिक राजस्वः**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को परिच्छेद ९ मा वित्तीय अधिकार क्षेत्र अन्तर्गत विभिन्न कर तथा शुल्क लगाउने र आय ठेक्का वापत बक्यौता रकम समेत असुली गर्ने व्यवस्था छ ।पालिकाले यसवर्ष आन्तरिक आय तर्फरु. ६३८९२५६.६४असुल गरेको छ । सो सम्बन्धी देखिएका व्यहोरा निम्नानुसार रहेका छन्

३७.१ **राजस्व अभिलेखः** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ५९ मा कार्यालयले राजस्वको आम्दानी जनाउँदा जुनसुकै माध्यमबाट राजस्व प्राप्त गरेको भएतापनि त्यस्तो राजस्व स्वीकृत राजस्व वर्गीकरण र व्याख्या बमोजिम लगती राजस्व तथा हसवली राजस्व आम्दानी दाखिला गरी गोश्वरा भौचर तयार गरी दोहोरो लेखा प्रणालीको सिद्धान्त अनुरुप राजस्व लेखा आद्यावधिक गर्नुपर्दछ ।पालिकाको राजस्व अभिलेख व्यवस्थित गर्न आवश्यक महालेखापरीक्षकको कार्यालयबाट स्वीकृत म.ले.प. फारमहरु अद्यावधिक गरी राजस्वको हिसाब राख्नुपर्नेमा दैनिक राजस्व आम्दानी किताब म.ले. प. फा.नं. १०२, १०६ क, १०७,

राजस्व प्राप्तिको बैंक नगदी किताब म.ले.प. फा. नं. १०८, राजस्व आम्दानीको मासिक फाँटवारी म.ले.प. फा. नं ११० लगायतका राजस्वको श्रेस्ताहरु अभिलेख राखेको पाइएन । यसले गर्दा असुली भएको राजस्व सम्बन्धमा यकिन हुन सकिएन । पालिकाले राजस्व आम्दानीलाई पारदर्शी बनाउन सम्बन्धित कर्मचारीलाई जिम्मेवार बनाई नियमानुसार राख्नुपर्ने खाता, अभिलेख अद्यावधिक गर्नुपर्दछ ।

३७.२ **लेखाङ्कन गर्न बाँकी रसिदः** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन,२०७६ को दफा २७ मा प्रचलित कानुनबमोजिम नेपाल सरकारलाई प्राप्त हुने राजस्व तथा अन्य सरकारी रकम कार्यालयमा प्राप्त भएपछि सोही दिन तथा सोही दिन सम्भव नभए सोको भोलिपल्ट प्रचलित ढाँचामा लेखा राखी बैङ्क दाखिला गर्नुपर्ने व्यवस्था छ।सुत्रको राजस्व संकलन तथा बैंक दाखिलाको विवरणको Revenue VS Accounting module अनुसार रु. ११६०७.१३ लेखाँकन गर्न बाँकी रसिद देखिएको छ । उक्त रकम सम्बन्धमा यकिन गरी राजस्व दाखिला गरेको प्रमाण पेश हुनुपर्ने रु

प्रमाण पेश नगरेको	११,६०७.१३

३७.३ **नगदी रसिद फिर्ता नभएकोः** गाउँपालिकाले पेश गरेको रसिद नियन्त्रण खाता अनुसार रसिद नं १ देखि ११०० सम्म निम्नानुसार व्यक्तिहरुलाई नगदी रसिद बुझाएकोमा पालिकामा फिर्ता भएका छैनन्। यस वर्ष निकासी कर बाट के कति आम्दानी भयो सो को विवरण गाउँपालिकाले पनि नराखेको र रसिद समेत फिर्ता नआएकोले निकासी कर के कति संकलन भयो, संकलन भएको सबै रकम राजस्व दाखिला भए नभएको सम्बन्धमा यकिन हुन सकिएन। साथै कार्यपालिकाको मिति २०७९।९।१६ को निर्णयबाट वडामा निकासी कर संकलनको लागि वडा कार्यालयलाई जिम्मा दिने र सो कर उठाए वापत ३० प्रतिशत पारीश्रमिक उपलव्ध गराउने निर्णय भएकोमा वडाले विभिन्न व्यक्तिलाई जिम्मेवारी दिएकोमा के आधारमा दिएको र क- कसलाई जिम्मेवारी दिएको हो सो निर्णय वा सम्झौता समेत पेश भएको छैन र संकलन कर्तालाई के कति भुक्तानी भयो सो समेत लेखापरीक्षणको क्रममा पेश भएको छैन। गाउँपालिकाले उक्त रसिदहरु फिर्ता गरी रसिदबाट प्राप्त भएको सबै रकम बैक दाखिला भए नभएको यकिन गर्नुपर्दछ ।

रसिद लिने नाम	रसिद नं र ठेली
सन्तलाल थापा मगर, अध्यक्ष वडा नं ३	१ (रसिद नं १-१००)
दिनेश बुढाथोकि कर्मचारी वडा नं १	३ (रसिद नं १०१-४००)
सोमराज तामाङ्, पालिकाले निकासी करको लागि तोकेको व्यक्ती वडा नं २	२ (रसिद नं ४०१-६००)
श्यामलाल घिसिङ्, अध्यक्ष वडा नं ४	३ (रसिद नं ६०१-९००)
सन्तलाल थापा मगर, अध्यक्ष वडा नं ३	१ (रसिद नं ९०१-१०००)
केशर थापा मगर, पालिकाले निकासी करको लागि तोकेको व्यक्ती वडा नं ४	१ (रसिद नं १००१-११००)

३८ **मापदण्ड भन्दा बढी भुक्तानी**

(✂ ..... कार्यालयले बेरुजु फर्स्योट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२७** को निर्णयले रू **१,१९०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फर्स्योट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२७** को निर्णयले रू **१,१९०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फर्स्योट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२७** को निर्णयले रू **३,४००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फर्स्योट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२७** को निर्णयले रू **२,५५०**

सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२७** को निर्णयले रू **१,७००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२७** को निर्णयले रू **१,७००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२७** को निर्णयले रू **८५०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२७** को निर्णयले रू **१,०२०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

असुल गर्नुपर्ने	०

३९ **शीर्षक फरक**

आर्थिक कार्यविधी तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७को नियम ४१ मा स्वीकृत बजेटबाट खर्च गर्ने अधिकार प्राप्त अधिकारीले स्वीकृत बजेट सिमा भित्र सम्वन्धित खर्च शीर्षकमा पर्दछ र खर्च गर्न बाँकी छ छैन विचार गरी खर्च गर्ने र खर्च गर्ने निकासा दिनु पर्ने व्यवस्था छ। लेखापरीक्षणको क्रममा नमुना परीक्षण गर्दा निम्नानुसार रु.४०३५५४.०० फरक कार्यक्रम र खर्च शीर्षकबाट खर्च लेखाङ्कन गरेको देखिएकोले खर्च गर्दा नियमावलीको व्यवस्था पालना गरेको देखिएन । बजेटरी नियन्त्रण र खर्च सीमाको पालना गरी खर्च एवम् लेखाङ्कन गर्नु पर्दछ। फरक कार्यक्रम र खर्च शीर्षकबाट खर्च लेखाङ्कन गरेको नियमसम्मत नदेखिएको रू.

भौ नं	मिति	खर्चको प्रकृति	खर्च लेख्नु शीर्षक	खर्च लेखेको शीर्षक	खर्च लेखेको रू.
१७	२०८१।९।१६	प्राविधिक कर्मचारीको योजना सर्भेक्षण भ्रमण खर्च	कर्मचारी भ्रमण	पदाधिकारी भ्रमण	२७५०००
१८	२०८१।९।१६	कर्मचारी भ्रमण खर्च	कर्मचारी भ्रमण	पदाधिकारी भ्रमण	३२४००
१९	२०८१।९।१६	कर्मचारी भ्रमण खर्च	कर्मचारी भ्रमण	पदाधिकारी भ्रमण	३४४५०
२०	२०८१।९।१६	कर्मचारी भ्रमण खर्च	कर्मचारी भ्रमण	पदाधिकारी भ्रमण	५१०००
९७	२०८१।९।९	ईन्धन खरिद	पदाधिकारी ईन्धन	सवारी मर्मत	१०७०४
जम्मा					४०३५५४

अनियमित भएको	४,०३,५४४

४० **अध्यक्षको भ्रमण खर्चः**

बागमती प्रदेश स्थानिय तहका पदाधिकारी तथा सदस्यको सुविधा सम्बन्धी ऐन, २०७५ को दफा ७ को उपदफा ३ मा गाउँपालिका अध्यक्षले ३ दिन भन्दा बढीको भ्रमण आदेश कार्यपालिकाबाट स्वीकृत वा अनुमोदन गराउनु पर्ने व्यवस्था छ ।गाउँपालिका अध्यक्ष श्री मैन कुमार मोक्तानले ३ दिन भन्दा बढीको आफ्नो भ्रमण आदेश आफै स्वीकृत गरी भ्रमण गरी खर्च दावी गरेकोमा सोही अनुसार भुक्तानी भएको छ ।कानुनमा व्यवस्था भए अनुसार आफ्नो भ्रमण कार्यपालिका बाट अनुमोदन गराएको देखिएन ।कानुनमा भएको व्यवस्थाको पालना हुनुपर्दछ । गाउँपालिका अध्यक्ष स्वयंले आफ्नो भ्रमण आदेश स्वीकृत गरेका केही उदाहरण निम्नानुसार छन् ।कार्यपालिकाबाट स्वीकृत वा अनुमोदन नगराई भुक्तानी भएको भ्रमण खर्च नियम सम्मत नदेखिएको रू.

भौ नं	मिति	भ्रमण स्थान	भ्रमण मिति		भ्रमण खर्च रू.
			देखि	सम्म	
२३१	२०८२।१।२५	मन्थली	२०८१।६।४	६।१०	१००००
		काठमाडौ	२०८१।६।१८	६।२४	१००००
		मनथली	२०८१।७।९	७।७।१५	१००००
		काठमाण्डौ	२०८१।७।२६	८।२	१००००
		मन्थली	२०८१।८।९	८।१५	१००००
		काठमाण्डौ	२०८१।८।२७	९।१	१००००
		काठमाण्डौ	२०८१।९।५	९।११	१००००
		काठमाण्डौ	२०८१।९।२१	९।२७	१००००
		काठमाण्डौ	१०८१।१०।२	१०।८	१००००
		काठमाण्डौ	२०८१।१०।१६	१०।२२	१००००
		काठमाण्डौ	२०८१।११।२	११।८	१००००
		काठमाण्डौ	२०८१।११।१३	११।८	१००००
३७७	२०८२।३।२२	काठमाण्डौ र मन्थली	विभिन्न मितिका १८ वटा भ्रमण		६६४००
जम्मा					१८६४००

अनियमित भएको	१,८६,४००

४१ **भ्रमण खर्च**

४१.१ दैनिक भ्रमण भत्ताः भ्रमण खर्च नियमावली २०६४ को नियम १० मा दैनिक भत्ता तथा भ्रमण खर्च भुक्तानी विधि को उपनियम १ मा एक जिल्लाबाट अर्को जिल्ला वा सोही जिल्लाको एक कार्यालयबाट बीस किलोमिटरभन्दा बढी दुरी भएको अर्को कार्यालयमा सरूवा बढुवा वा कायम मुकायम मुकरर भई जाने कर्मचारीलाई दैनिक भ्रमण भत्ता दिन सक्ने व्यवस्था छ । गाउँपालिकाले कुन कुन वडामा जाँदा कति कोष हुन्छ भनि प्रमाणित नगरी वडामा जाँदा आउदा भ्रमण भत्ता पाउने गरि भुक्तानी गरेको देखिन्छ । गाउँपालिकाको चालु खर्च तर्फ भ्रमण खर्चमा रू.२५,८०,०००/- भुक्तानी गरेको देखिन्छ । विभिन्न कार्यक्रममा भुक्तानी गरेको भ्रमण भत्ता दिन मिल्ने नमिल्ने यकिन गर्न सकिएन । गाउँपालिकाले कति कोष टाढा हो भनी प्रमाणित गरी भ्रमण खर्च दिनुपर्दछ । नियमानुसार २० किलोमिटर भन्दा कम दुरीमा दैनिक भ्रमण भत्ता दिने कार्यलाई नियन्त्रण गर्नुपर्दछ। साथै वागमती प्रदेश अन्तर्गतका स्थानीय तहका पदाधिकारी तथा सदस्यले पाउने सुविधा सम्बन्धी ऐन २०७५ तथा भ्रमण खर्च नियमावली, २०६४ बमोजिम कार्यालयको काममा भ्रमण गरेको उल्लेख गरी पदाधिकारीलाई भ्रमण खर्च भुक्तानी भएकोमा कानुन अनुसारको नर्म्स लागु भएको छैन । अधिकांश भ्रमणको उद्देश्य र स्पष्ट प्रयोजन कार्यालयकै कामका लागि भएको हो भनी सुनिश्चित नभएको, अद्यावधिक भ्रमण अभिलेख खाता नरहेको, भ्रमण पश्चात् तोकिए बमोजिम भ्रमण प्रतिवेदन पेश नगरी अधिकांश भ्रमणको भ्रमण खर्च भुक्तानी गर्ने गरेको र गाउँपालिका वा कार्यालयसँग असम्बन्धित नगर/गाउँपालिका गएको जनाइ सो वापत भ्रमण खर्च लेखेको छ । यस सम्बन्धमा पालिकामा भएको भ्रमण खर्चका सम्बन्धमा यथार्थता यकिन गर्न सकिएन । भ्रमण खर्च र अभिलेख यथार्थ वनाउन भ्रमण आदेश स्वीकृत गरी सोको अभिलेख जनाएपश्चात् मात्र भ्रमण गर्ने र बिल भरपाई तथा प्रतिवेदन बुझाएपश्चात् मात्र खर्च लेख्नुपर्दछ ।

४१.२ (१५७-2082-12-05):

भ्रमण आदेश नभएको -

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२७** को निर्णयले रू **१०,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

असुल गर्नुपर्ने	०

४२ **ईन्धनको बढी भुक्तानी** -

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२७** को निर्णयले रू **१२८,३८२** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

असुल गर्नुपर्ने	०

४३ **कार्यक्षेत्र बाहिरको भ्रमण** (२५९-2082-02-07):

भ्रमण खर्च नियमावली ,२०६४ अनुसार भ्रमणको विशिष्ट ,मूल्याङ्कन योग्य र प्रष्ट उद्देश्य सहितको आदेश तोकिएको अधिकारीबाट स्वीकृत हुनु पर्ने, भ्रमण स्थान खुलाउनु पर्ने र भ्रमण बाट फर्किए पछि भ्रमणको उद्देश्य, अवस्था,उपलब्धि तथा सिकाइ, समस्या र सुझाव सहितको महालेखा परीक्षकको फारमको ढाँचामा प्रतिवेदन पेश गर्नु पर्ने व्यवस्था छ ।दोरम्बा प्राथमिक अस्पतालका डाक्टर श्री रश्मी झा अपाङ्गता परिचय पत्र वितरण प्रयोजनार्थ काठमाण्डौको गएको भनी भ्रमण खर्चको बिल पेश गरी निम्नानुसार भुक्तानी लिएको पाइयो ।यसरी कार्यक्षेत्र बाहिर सेवा प्रवाहको लागि खँटिदा कार्यालय वा कार्यपालिकाको निर्णय समेत नगराई आफै भ्रमण आदेश स्वीकृत गरी भ्रमण गरेको देखिन्छ।यसरी प्रमुख प्रशासकीय अधिकृतबाट भ्रमण आदेश स्वीकृत गराएर मात्र भ्रमण गर्नु पर्नेमा स्वयं आदेश स्वीकृत गरी काठमाण्डौको भ्रमण बिल पेश गरी भुक्तानी भएको नियम सम्मत नदेखिएको रू.

भ्रमण मिति		भ्रमण खर्च रू.
देखि	सम्म	
२०८१।८।१६	८।१८	६०००
२०८१।१२।३	१२।८	१००००
१०८१।११।१	११।७	१००००
२०८१।११।१८	११।२४	१००००
२०८१।५।२२	५।२४	६०००
२०८१।६।२१	६।२३	६०००
२०८१।७।२९	८।१	६०००
२०८१।९।४	८।६	६०००
जम्मा		६००००

अनियमित भएको	६०,०००

४४ **मर्मत प्रकृया पालना** -

सार्वजनिक खरिद नियमावली २०६४ को नियम १३ (५) मा मर्मत गरिने सवारी साधनको दक्ष प्राविधिकबाट लागत अनुमान स्वीकृत गरी नियमावलीको प्रकृया अपनाई मर्मत संम्भार गराउनु पर्ने, मर्मत गराउदा कुनै मालसामान ,पार्टपूर्जा वा उपकरण प्रतिस्थापन गर्नुपर्ने भए यस नियमावलीको प्रकृया अपनाई खरिद गर्नुपर्ने र यसरी खरिद गरेको सामानको जिन्सी दाखिला गराई रू. ५०००।००भन्दा बढी मूल्यका सामानको अभिलेख राखी प्रतिस्थापन गरिएको कुरा सम्बन्धित प्राविधिकबाट प्रमाणित गराई पुराना सामान जिन्सी दाखिला

गर्नुपर्ने उल्लेख छ।पालिकाको लागि सवारी साधन मर्मत संभार शीर्षकमा यस वर्ष रू.४७०००००।०० विनियोजन भएकोमा हलुका सवारी साधन २, एक्साभेटर ,मोटरसाईकल ,स्कुटर जस्ता सवारी साधन मर्मतको लागि रू.४२५४१७३। खर्च गरेको छ । साधनहरुको मर्मत गर्दा दक्ष प्राविधिकबाट लागत अनुमान स्वीकृत नगराएको, प्रतिस्पर्धा गराई वार्षिक सम्झौता गरी मर्मत गर्न सकिनेमा पनि पटक पटक कोटेशन बाट मर्मत गराएको, प्रतिस्थापन गरेका महत्वपूर्ण सामानको जिन्सी दाखिला नगराएको पाईयो । खरिद कानुनको प्रकृया नअपनाई मर्मत गराउदा खरिदमा मितव्ययिता, दक्षता, पारदर्शिता भएको छ भनी विश्वस्त हुन नसकिएकोले खरिद कानुनको पालना गरी मर्मत कार्य गराउनु पर्दछ ।उल्लिखित प्रकृया नअपनाई गरेका मर्मत सम्बन्धी केही उदाहरण निम्न छन ।

सि नं	भौ नं	मिति	मर्मत प्रकृया	सवारी साधन	मर्मत गर्ने फर्म	विल नं	मिति	मर्मत खर्चरू.
१	३४	२०८१।६। १७	कोटेशन	प्र ३-०१ ००२-झ ५१०६	एलिट अटो मोवमाईल्स पिंगलास्थान काठमाण्डौ	SPI 81/82 00061	२०८१।५। २	४३२६६
२		२०८१।६। १७	कोटेशन	प्र ३-०१ ००२-झ ५१०६	एलिट अटो मोवमाईल्स पिंगलास्थान काठमाण्डौ	SPI 81/82 00158	२०८१।६। १४	२२२२७७। १०
३		२०८१।६। १७	कोटेशन	प्र ३-०१ ००२-झ ५१०६	एलिट अटो मोवमाईल्स पिंगलास्थान काठमाण्डौ	SPI 81/82 00169	२०८१।६। १६	९९९३७। २०
४		२०८१।६। १७	कोटेशन	प्र ३-०१ ००२-झ ५१०६	एलिट अटो मोवमाईल्स पिंगलास्थान काठमाण्डौ	SPI 81/82 00170	२०८१।६। १६	४९८२९। ६१
५		२०८१।६। १७	कोटेशन	प्र ३-०१ ००२-झ ५१०६	एलिट अटो मोवमाईल्स पिंगलास्थान काठमाण्डौ	SPI 81/82 00159	२०८१।६। १४	६७८००। ००
६		२०८१।६। १७	कोटेशन	प्र ३-०१ ००२-झ ५१०६	एलिट अटो मोवमाईल्स पिंगलास्थान काठमाण्डौ	SPI 81/82 00160	२०८१।६। १४	९९६८४। ०२
७	९४	२०८१।९। ९	कोटेशन	प्र ३-०१ ००२-झ ५१०६	एलिट अटो मोवमाईल्स पिंगलास्थान काठमाण्डौ	SPI 81/82 00198	२०८१।७। १	५८२३२। ५२

उल्लिखित सवारी साधनहरु पटक पटक बिग्रिएको देखियो।यो वर्ष प्र ३-०१ ००२- ३७६९ गाडी मर्मतमा रू.१०३५७३० र प्र ३-०१ ००२-झ ५१०६ गाडी मर्मतमा रू. ६०११३९।३७ खर्च भएको विवरण पेश भएको छ। यसरी वडा कार्यालयबाहेक कार्यपालिकामा मात्र सवारी साधन मर्मतमा जम्मा रु.४२५४१७३ (आन्तरिक आय रु.६२७७३३३.१६ को ६८ प्रतिशत) खर्च भएको देखिन्छ । यस प्रकारको खर्च पटक पटक गरी हाते कोटेशनबाट खरिद गरिएको र मर्मतमा मात्र ठुलो रकम खर्च भएकोले आन्तरिक नियन्त्रण व्यवस्था प्रभावकारी भएको देखिँदैन ।नियमावलीमा भएको व्यवस्था पालना गरी मर्मत प्रकृयालाई प्रतिस्पर्धी र मितव्ययी बनाउनु पर्दछ ।

४५ **खर्चको मापदण्ड** -

स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा १०२ मा आफ्नो अधिकारक्षेत्रको विषयमा ऐन बनाउन सक्ने र सो ऐन अन्तरगत रहेर नियम, निर्देशिका,कार्यविधि तथा मापदण्ड बनाउन सक्ने व्यवस्था रहेको छ ।पालिकाले सञ्चालन गर्ने परीक्षा, खेलकुद कार्यक्रम लागायतका कार्यक्रमहरु संचालन गरेकोमा मापदण्ड तयार नगरेको कारण खर्च मितव्ययी एवं पारदर्शी हुन सकेको देखिदैन। पालिकाले यस्ता किसिमका कार्यक्रम सञ्चालन मापदण्डतयार गरी कार्यक्रम मितव्ययी र व्यवस्थित रुपमा सञ्चालन गर्नु पर्दछ।केहि उदाहरण निम्न छन् ।

(क)परीक्षा सञ्चालन :- पालिकाले कक्षा ८ परिक्षा सञ्चालनमा कार्यपालिकाको पटके निर्णयका आधारमा परीक्षा तयारी बैठक खर्च, मोडेरेशन खर्च, प्रश्न पत्र छपाई खर्च, केन्द्राध्यक्ष भत्ता, सहायक केन्द्राध्यक्ष भत्ता, उत्तर पुस्तिका कोडिङ, डिकोडिङ खर्च, नतिजा प्रकाशन लगायतका कार्यमा यस वर्ष रू . ५४६३१८।०० खर्च गरेको पाइयो।यसको लागि स्पष्ट मापदण्ड नभएको कारण विभिन्न शीर्षकमा भएको खर्च एवं भत्तामा एकरुपता हुन सकेको छैन। पालिकाले परिक्षा सञ्चालन कार्यविधि तथा मापदण्ड तयार गरी खर्च गर्नुपर्दछ ।

(ख)खेलकुद कार्यक्रम:- लेखापरीक्षणको क्रममा नमुना परीक्षण गर्दा पालिकाले विभिन्न खेलकुद प्रतियोगिता सञ्चालन गरी निम्नानुसार रु.३० लाख १० हजार खर्च गरेको देखिन्छ।यस्तो प्रकृतिका कार्यक्रममा प्रकृया तथा खर्चका मापदण्ड र प्रशिक्षकद्वारा प्रशिक्षण लगायतका कार्यका लागि छनोट तथा बन्द प्रशिक्षणमा संलग्न मेडिकल स्वयंसेवक टिम, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय प्राविधिक प्रशिक्षक, निर्णायक, रेफ्री ,स्कोरर तथा खेलाडीलाई उपलब्ध गराइने सेवा सुविधाको निर्धारण गरी व्यवस्थित रुपमा खेल सञ्चालन गर्न मापदण्ड तथा कार्यविधि तयार गरेको देखिएन ।कार्यविधि तथा खर्चका मापदण्डहरु तयार नगरी यस्ता किसिमका खर्च लेख्दा खर्चमा मितव्यिता र एकरुपता कायम नभएको देखिन्छ। पालिकाले यस्ता किसिमका खर्च गर्दा खर्चमा मितव्यिता कायम गर्नुपर्दछ।

व उ शि न	भौ नं	मिति	कार्यक्रम	खर्च रकम	मुख्य मुख्य खर्च
गापा चालु	७४	२०८१।८। २६	भलिवल प्रतियोगिता गाल्माथान युवा क्लबको सहकार्यमा	१०००००	खाजा व्यवस्थापन, खाना
गापा चालु	९	२०८१।११। १३	कालिका मा वि खेलकुद व्यवस्थापन	३०००००	खेल सामान ,खेलाडी खाना
	४२	२०८२।३। १२	दोरम्बा वडा स्तरिय बादे कराँते	१३००००	खाजा व्यवस्थापन, खाना प्रशिक्षण भत्ता पुरस्कार
गापा चालु	१३ शसर्त	२०८१।८। १३	राष्ट्रपति रनिङशिल्ड तयारी १० विद्यालय	९९४०००	खाजा व्यवस्थापन, खाना प्रशिक्षण
गापा चालु शिक्षा	२६	२०८१।११। १३	जिल्ला स्तरिय राष्ट्रपती रनिङ शिल्ड	६०००००	खाजा व्यवस्थापन, खाना प्रशिक्षण भत्ता पुरस्कार
गापा चालु शिक्षा	४१	२०८२।१। २२	वडा स्तरिय खुल्ला फुटवल	६०००००	खाजा व्यवस्थापन, खाना प्रशिक्षण भत्ता पुरस्कार
गापा चालु शिक्षा	७३	२०८२।३। २३	सुनापति अल्ट्रा म्याराथुनमा सहभागिता	२८६२४४	खाजा, खाना,यातायात व्यवस्थापन

४६ **लागत अनुमान बेगर छपाई** (२१-2082-06-16):

सार्बजनिक खरिद ऐन, २०६३ को दफा ५ मा रू.१ लाख भन्दा बढी रकमको खरिद गर्नु पर्दा लागत अनुमान स्वीकृत गरेर मात्र खरिद गनुपर्ने व्यवस्था छ । पालिकाले लागत अनुमान स्वीकृत नगरी तीन वटा खुल्ला दरभाउपत्र दिई सवै भन्दा न्यून कबोल गर्ने चौरीगङ्गा ५६० वटा बजेट (रातो किताव) ,योजना सम्झौता किताव ११२५वटा योजना,नीति कार्यक्रम एवम् बजेट कार्यक्रमबाट रू. ६८१८९९ मा खरिद गरेको देखियो।लागत अनुमान बेगर खरिद गर्दा सामानको स्पेशिफिकेशन (कागज साईज, thickness , पेज संख्या) गुणस्तर र भुक्तानी गर्न सकिने अधिकतम मुल्यको जानकारी नहुने , प्रतिस्पर्धा तथा मितव्ययिता कायम भएको छ भन्ने आधार नहुने नभएकोले लागत अनुमान तयार नगरी खरिद गर्ने कार्यमा सुधार हुनुपर्दछ ।

४७ **परामर्श खर्च**

(३४९-2082-03-09):

सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२ मा परामर्श सेवाको लागत अनुमान तयार गर्नु पर्ने तथा नियम ६९ मा परामर्श सेवाको कार्य क्षेत्रगत शर्तहरु तयार गर्नु पर्ने व्यवस्था छ।पालिका भित्रका ६ वटा विद्यालयमा बन्यजन्तु तथा जैविक विविधता सम्बन्धी चेतनामुलक कार्यक्रम संचालन गर्न लागत अनुमान र कार्यक्षेत्रगत शर्तहरु Terms of Reference तयार गरेको देखिएन । तीन वटा सेवा प्रदायक मध्ये सवै भन्दा कम रू.२९७००० कवोल गर्ने शैलुङ ग्रिन सोसाईटी नेपालको प्रस्ताव स्वीकृत गरी कार्यक्रम सञ्चालन गरेको देखियो ।लागत अनुमान र कार्यक्षेत्रगत शर्तहरु Terms of Reference तयार नगरी बजेटका आधारमा परामर्श लिने कार्य नियमसम्मत नदेखिएको रू.

अनियमित भएको	२,९७,०००

४८ **वडा संचालन खर्च**

पालिकाले सवै वडाहरुको लागि कार्यक्रम खर्च शीर्षकमा बाहेक संचालन खर्च तर्फ कार्यालय सञ्चालन, विद्युत ,पानी , मर्मत, ईन्धन, भ्रमण खर्च र विविध जस्ता खर्च शीर्षकको लागि एकमुष्ठ रू. १००००००।०० विनियोजन गरेकोमा सोही अनुसार बजेट खर्च भएको सुत्र बाट देखिएको छ।खर्च शीर्षकगत बजेट विनियोजन नगरी वडा सचिवको नाममा पेश्की दिएकोमा बिल भर्पाई पेश गरी खर्च लेखाङ्कन गर्ने गरेको पाईयो । शीर्षकगत वजेट विनियोजन गरी अख्तियारी दिने तथा बजेटको सीमा भित्र रहेर खर्च गरी बजेटरी नियन्त्रण कायम हुनु पर्दछ ।

४९ **वडा नंबर ४ संचालन खर्च**

४९.१

भरपाईमा आधारमा भुक्तानी :- सार्वजनिक खरिद नियमावली ,२०६४ को नियम १९ मा सार्वजनिक निकायले कुनै खरिद गर्दा आन्तरिक राजस्व कार्यालयबाट स्थायी लेखा नम्बर र मूल्य अभिवृद्धि कर दर्ता गरेकासँग खरिद गर्नुपर्ने उल्लेख छ ।कार्यालयले पसलको नाम उल्लेख नभएको स्थायी लेखा नम्बर नलिएका किराना पसल तथा होटल व्यवसायी दिल कुमारी नगरकोटीको भरपाईका आधारमा रकम भुक्तानी गरेको पाईयो । किराना सामान खरिद वापत पसललाई रू.३८८७०।००भुक्तानी भएको छ । आन्तरिक राजस्व कार्यालयबाट स्थायी लेखा नम्बर नलिएका व्यापारी संग खरिद गरेको नियम सम्मत नदेखिएको रू

भौचर नंबर	मिति	भुक्तानी रकम
५	२०८१।९।११	१९६७०
४४	२०८२।३।१५	१९२००
जम्मा		३८८७०

अनियमित भएको	३८,८७०

४९.२ (५-2082-09-11):

सक्कल विजक पेश नभएको :- आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९ मा भुक्तानी दिँदा रीत पुगे वा नपुगेको जाँच गरेर यथेष्ट वील भरपाई तथा प्रमाणका आधारमा मात्र भुक्तानी दिई खर्च लेखाङ्कन गर्नुपर्ने व्यवस्था रहेको छ। डिजिटेलरिङ सेवाको वील नंबर ५८४ र ५८५ /२०८१।५।६ र ७ बाट ४० सेट ते-क्वान्दो ड्रेस रू. ३२०००.००मा खरिद गरेकोमा वितरण भरपाई पेश नभएकोले पेश हुनु पर्ने रू.

प्रमाण पेश नगरेको	३२,०००

५० **वडा नंबर २ CCTV खर्च :-** (२७-2082-02-09):

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-१०** को निर्णयले रू **२९७,६६९** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

प्रमाण पेश नगरेको	०

५१ **गृहणी महिला सशक्तिकरण कार्यक्रमः**

गृहणी महिला शसक्तिकरण कार्यक्रम अन्तर्गत समाजिक विकास कार्यालय धुलिखेल र गाउँपालिका बीच रु.१८७४८५२.०० लागत मध्ये समाजिक विकास कार्यालयले रु १५९३६२४.०० र गाउँपालिकाले रु २८१२२८.०० खर्च गर्ने गरी २०८१।१०।१४ मा सम्झौता भएकोमा रु १८६८५३५.०० खर्च भएको छ। सो सम्बन्धी देखिएका व्यहोरा निम्नानुसार छन् ।

५१.१ गृहणी महिला सशक्तिकरण कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८० को बुँदा नं २४ मा गृहिणी महिला सशक्तिकरण कार्यक्रम सञ्चालनका लागि खर्चका शिर्षक अनुसूची- ३ बमोजिम हुनेछ। अनुसूची ३ मा गृहिणी महिलाहरूको प्रोफाइल विकास र कार्यक्रम सञ्चालन, तालिम संचालन, बिंउ पूँजी, गृहिणी महिलाहरूको सशक्तीकरणका लागि चेतनामूलक, सशक्तीकरण कार्यक्रम, व्यवसायबाट उत्पादन तथा विकीको व्यवस्थापन, सिप परीक्षणको लागत लगायतमा खर्च गर्न मिल्ने देखिन्छ। उक्त खर्च शिर्षकमा मेशिनरी औजार किन्न मिल्ने देखिदैन।पालिकाले निर्देशिका विपरित १० सेट सिलाई मेशिन र गलैचा तान ढक्की १८ सेट खरिद गरी रु ८७०१५०.०० खर्च गरेको छ । पालिकाले तालिम संचालनको लागि निजी संस्थालाई दिएको अवस्थामा समेत समाग्री खरिद गरेको रकम नियमसम्मत देखिदैन।

५१.२ सम्झौताको बूँदा नं ६ र १० मा गृहणी महिला सशक्तिकरण कार्यक्रम संचालन कार्यविधि २०८० को दफा १०.२ बमोजिम कार्यक्रममा सहभागि हुने महिलाको छनौटको लागि राष्ट्रिय स्तरको दैनिक पत्रिकामा तथा वेभसाइटमा कम्तिमा १५ दिनको म्याद दिई आफुले तालिम लिन चाहेको विषयक्षेत्र छनौट गरी सम्बन्धित स्थानीय तहले वडा कार्यालयमा निवेदन पेश गर्न सुचना प्रकाशन गर्ने र छनौट गर्ने उल्लेख भएकोमा सो अनुसार सुचना प्रकाशन गरेको पाइएन ।साथै सहभागि छनौटका आधार समेत पेश भएको छैन ।साथै गाउँपालिकाले कार्यक्रम संचालन हुने वडाका जनप्रतिनिधी तथा कर्मचारीलाई अभिमुखीकरण गर्ने, तीन महिनाको तालिम पुरा गरेका महिलाको सीप परीक्षण गर्ने उल्लेख भएकोमा सो अनुसार अभिमुखीकरण गरेको पाइएन। वडा नं १ र २ मा गलैँचा बुन्ने र वडा नं ३ मा सिलाई तालिम जम्मा ६० जनालाई दिएकोमा तालिम प्राप्त गृहिणी महिलाहरुको सीप परीक्षण समेत गरेको छैन। पालिकाले सम्झौताको कार्यान्वयन गर्नुपर्दछ ।

५१.३ गृहणी महिला सशक्तिकरण कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८० को बुँदा नं २४ अनुसूचि ३ अनुसार तालिम संचालन गर्दा सीपमुलक तालिम सञ्चालन कार्यविधि, २०८० अनुसार गर्नुपर्ने उल्लेख छ। उक्त कार्यविधिमा प्रशिक्षकको योग्यता निर्धारण गरेको छ । सो अनुसार प्रशिक्षक मान्यता प्राप्त शिक्षण संस्थानात विषयमा प्रमाण-पत्र वा कुनै विषयमा प्रमाणपत्र तह उत्तीर्ण गरी स्वीकृत प्राप्त संस्थाबाट सम्बन्धित विषयमा १ वर्षको तालिम प्राप्त वा प्रमाण पत्र तह उर्तिण गरी सम्बन्धित कामको १ वर्षको अनुभव भइ सम्बन्धित सीपमा दुई तहको सीप परीक्षण पास भएको हुनपर्ने उल्लेख छ।गाउँपालिकाले ६० जनालाई गलैचा बुन्ने तालिम र सिलाई तालिम दिनको लागि विनायक मल्टि स्किल विजनेश प्रा.ली. को रु ९९८३५५.०० को प्रस्ताव स्विकृत गरेको छ । निज प्रा.ली. ले पेश गरेको प्रस्तावमा पेश गरेका प्रशिक्षक र तालिम दिने प्रशिक्षक फरक भएको देखिन्छ । प्रस्तावमा सिलाई तर्फ प्रशिक्षक रेनुका श्रेष्ट र गलैँचा बुन्ने तर्फ डुवा सिंह तामाङ् र मान ब वि.क. को को योग्यता र प्रतिवद्धता पेश गरेकोमा तालिम सञ्चानल गर्दा प्रस्तावमा पेश गरेका भन्दा फरक प्रशिक्षकबाट तालिम प्रदान गरेको देखिन्छ । उनीहरु प्रशिक्षण दिनको लागि निर्देशिका अनुसार योग्यता, अनुभव र सीप परीक्षण पास गरे नगरेको सम्बन्धमा यकिन हुन सकेन। पालिकाले तालिम प्रदान गर्दा यस्ता विषयमा ध्यान दिनु पर्दछ ।

५२ **सेनिटरी प्याडः**

शिक्षा तथा मानवस्रोत विकास केन्द्रको कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८१।८२ को क्रियाकलाप नं २.७.१३.२३ मा सामुदायिक विद्यालयको कक्षा ६-१२ सम्म अध्ययनरत सबै छात्राका लागि निःशुल्क सेनिटरी प्याड व्यवस्थाका लागि ६-१२ सम्मको छात्राको तथ्यांक यकीन गरी वार्षिक १० महिना अवधिको लागि निःशुल्क सेनिटरी प्याडको व्यवस्था गर्नुपर्ने र गत विगतको मौज्दातको अवस्था यकीन गरी आवश्यक मात्र नियमानुसार खरिद तथा वितरण गर्नुपर्ने व्यवस्था छ। पालिकाले भौचर नं २९३/०८२/३/१९ बाट ९७२३ प्याकेट सेनिटरी प्याड मू.अ.कर समेत रु.९९.४३ प्रति प्याकेटको जम्मा रु.९६६८५५।- को खरिद गरी विद्यालयलाई भरपाई गराइ उपलब्ध गराएकोमा तपशिल बमोजिमका व्यहोरा देखिएका छन्

• **लागत अनुमानः** पालिकाले सेनेटरी प्याड खरिदको लागि लागत अनुमान तयार गर्दा १७ विद्यालयका १२ सम्मका छात्रा संख्या जम्मा १३३१ रहेको उल्लेख गरी सोहि अनुसार लागत अनुमान तयार गरेकोमा गरेकोमा IEMIS बाट संख्या भिडान गर्दा ८४५ छात्रा संख्या मात्र देखियो। साथै सेनिटरी प्याडको लागत अनुमान तयार गर्दा विद्यालयको माग विश्लेषण तथा गत आर्थिक वर्षको मौज्दातको अवस्थाको समेतलाई आधार लिनु पर्नेमा सो समेत नगरी बढी संख्याको लागत अनुमान तयार गरेको देखियो । पालिकाले लागत

अनुमान तयार गर्दा छात्रा संख्याको साथै विद्यालयको माग तथा विद्यालयमा रहेको मौज्दात समेतका यकिन गरी आवश्कताको आधारमामात्र खरिद कार्य गर्नुपर्दछ।

• **वितरणः** सेनिटरी प्याड (वितरण तथा व्यवस्थापन) कार्यविधि, २०७६ को ४(४)मा स्थानीय तहले विद्यालयहरुसँग समन्वय गरी विद्यालयको आवश्यकता र विद्यालयहरुमा भण्डार क्षमताको आधारमा त्रैमासिक, चौमासिक वा अर्धवार्षिक रुपमा वितरण गर्न सकिनेछ। पालिकाले खरिद गरेको ९७२३ प्याकेट सेनिटरी प्याड कार्यविधिमा उल्लेखित आधार बेगर एकै पटकमा १७ विद्यालयलाई वितरण गरेको देखियो।लामो समयसम्म मौज्दात रहेमा वा राम्रो सँग भण्डारण नभएमा प्याडको गुणस्तरमा ह्रास भई गम्भीर स्वास्थ्य समस्या हुने भएकोले कार्यविधिले तोकेको मापदण्डमा मात्र सेनिटरी प्याड वितरण गर्नुपर्दछ साथै विद्यालयमा रहेको सेनिटरी प्याडको मौज्दात यकीन गरी अभिलेख राख्नुपर्दछ।

५३ **दिवा खाजाः**

शिक्षा तथा मानवस्रोत विकास केन्द्रको कार्यक्रम कार्यान्वयन कार्यविधि,२०८१।८२ को २.७.८ को क्रियाकलाप नं २.७.११.१ अन्तर्गत IEMIS मा समावेश भएको प्रारम्भिक बाल विकास देखि कक्षा ५ सम्मको विद्यार्थी संख्यालाई आधार मानेर १८० दिनका लागि दैनिका रु.१५ का दरले स्थानीय तहले विद्यालयलाई निकासा दिने व्यवस्था छ साथै यस सम्बन्धी भएको खर्च विद्यालय व्यवस्थापन समिति वा खाजा व्यवस्थापन समितिबाट अनुमोदन गर्ने व्यवस्था मिलाउने, विद्यालयबाट सञ्चालित दिवा खाजा कार्यक्रमको निरीक्षण अनुगमन स्थानीय तहबाट गर्ने व्यवस्था छ। पालिकाले ४२ वटा विद्यालयलाई विभिन्न भौचरबाट जम्मा रु.३४०२९३६।८४ दिवा खाजावापत उपलब्ध गराएको छ । विद्यालयले उपलब्ध गराएको तथा माग गरेको तथ्यांक अनुसार नै खाजा वितरण भए नभएको सम्बन्धमा अनुगमन हुनुपर्दछ।

५४ **मेन्टरिङः**

शिक्षा तथा मानवश्रोत विकास केन्द्रको कार्यक्रम कार्यान्वियन कार्यविधि, २०८१/८२ को क्रियाकलाप नं. १५.३ मा विद्यालय सुपरीवेक्षण तथा शिक्षकको निरन्तर पेशागत सहयोग तथा मेन्टरिङ पद्धतिको कार्यान्वियन सम्बन्धमा १५.३(ङ) मा स्थानीय तहले मेन्टरहरुबाट पेश भई भेरिफिकेशन भएका प्रतिवेदनलाई समेटेर एकीकृत प्रतिवेदन शिक्षा तथा मानवस्रोत विकास केन्द्रको शिक्षक तालिम शाखामा पठाउनुपर्ने व्यवस्था छ।पालिकाबाट प्राप्त विवरण अनुसार यस आर्थिक वर्षमा २४ नवप्रवेशी शिक्षकहरुलाई मेन्टरिङ कार्यक्रममा ५ जना मेन्टरहरलाई कार्यविधि अनुसार प्रति मेन्टर रु.५००००।- का दरले जम्मा रु.२५००००।- भुक्तानी भएको देखियो। पालिकाले कार्यविधि अनुसार एकीकृत प्रतिवेदन तयार नगरेकोले उपरोक्त खर्च बाहेक यस कार्यक्रमसँग सम्बन्धित सबै खर्च यकीन गर्न सकिएन।कार्यविधि अनुसार सबै विवरणहरु तयार गरी स्रेस्ता अद्यावधिक गर्नुपर्दछ।

५५ **स्थानीय विषय/मातृभाषाको पाठ्य सामग्री व्यवस्थापनः**

शिक्षा तथा मानवस्रोत विकास केन्द्रको कार्यक्रम कार्यान्वयन कार्यविधि,२०८१।८२ को २.३.३को क्रियाकलाप नं २.४.६.२ मा विद्यालय शिक्षाको राष्ट्रिय पाठ्यक्रम प्रारूप, २०७६ बमोजिम स्थानीय तह/विद्यालयबाट विकास भई स्वीकृत भएको पाठ्यक्रममा आधारित स्थानीय विषय/मातृभाषाको समेत पठ्यपुस्तक स्वीकृत गरी स्थानीय तहले प्रत्येक विद्यार्थीलाई मुद्रित प्रति उपलब्ध गराउने गरी रकम वा पाठ्यसामग्री विद्यालयलाई उपलब्ध गराउने र तोकिएको कक्षाका लागि विषयगत मूल्य सूचीमा उल्लेखित १०० पूर्णाङ्कका विषयका लागि पाठ्यक्रम विकास केन्द्रबाट स्वीकृत मूल्य सूचीमध्ये न्यूनतम मूल्य तोकेको विषयको मूल्यभन्दा बढी खर्च सङ्घीय अनुदानबाट नगर्ने व्यवस्था छ। पालिकाले स्थानीय तहबाट स्वीकृत भएको पाठ्यक्रम लागु भएको विद्यालय संख्या र विद्यार्थी संख्या तथा सो सम्बन्धमा सशर्त बजेटबाट भएको निकासाको छुट्टै विवरण बनाएको देखिएन साथै उपरोक्त उल्लेख भएनुसार मूल्य नतोकिएको देखियो। अतः कार्यविधिमा उल्लेख भएनुसार स्थानीय पाठ्यक्रमको न्यूनतम मूल्य तोकी संघीय अनुदानबाट बढी खर्च भए नभएको यकीन गर्नुपर्दछ।

५६ **उत्कृष्ट शिक्षक/विद्यार्थी पुरस्कारः**

शिक्षा तथा मानवस्रोत विकास केन्द्रको कार्यक्रम कार्यान्वयन कार्यविधि,२०८१।८२ मा वित्तीय व्यवस्थापन सम्बन्धी मार्गदर्शनको बुँदा नं. ६ मा स्वीकृत नर्म्सको परिधि भित्र रहेर कार्यक्रम कार्यान्वयन कार्यविधिमा उल्लेख गरिएका आधार र प्रक्रिया अनुरूप खर्च लेख्ने

व्यवस्था मिलाउने उल्लेख रहेको छ।पालिकाले भौचर नं. २७/०८१/११/१५ बाट पालिका भित्रको कक्षा ८ र १० को उत्कृष्ट विषय शिक्षक र विद्यार्थी पुरस्कार वापत जम्मा रु.२०४०००।- खर्च लेखेकोमा उत्कृष्ठ जी.पी.ए. को आधारमा एस.ई.ई. र बी.एल.ई.का विभिन्न विधामा १८ विद्यार्थी र २५ शिक्षकलाई एस.ई.ईको रु.४०००।- र बी.एल.ई को रु.३०००।- वितरण गरेको देखियो।विभिन्न विधामा पुरस्कार प्राप्त गरेका विद्यार्थीहरु २.९६ भन्दा बढी जी.पी.ए. प्राप्त गरेका देखिएकोमा बी.एल.ई. शिक्षक तर्फ १.७६ जी.पी.ए. प्राप्त गरेकालाई समेत पुरस्कार वितरण भएको देखियो।विद्यार्थीहरुको औषत जी.पी.ए. को आधारमा शिक्षकको जी.पी.ए. निर्धारण गरेकोमा जी.पी.ए. निर्धारण गर्ने निश्चत आधार तोकी पुरस्कार वितरण गर्दा निश्चित जी.पी.ए. र मापदण्डको आधारमा मात्र उत्कृष्ट शिक्षक तथा विद्यार्थी छनौट गर्नुपर्दछ।

५७ **युवा तथा खेलकुद विकास समितिः**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्त्व नियमावलीको नियम ३९(१०) मा भुक्तानी दिँदा रीत पुगे वा नपुगेको जाँच गर्नुपर्ने व्यवस्था छ। पालिकाले युवा तथा खेलकुद विकास समितिलाई अन्तर वडा स्तरीय पुरुष फुटबल आयोजना गर्न भौचर नं ४१/०८२/१/२२ बाट रु.६ लाख र अन्तरपालिका स्तरीय महिला भलिबल प्रतियोगिता संचालन गर्न भौचर नं २९/०८१/११/१५ बाट सम्झौता गरी रु.३९६६४७।- समेत जम्मा रु.९९६६४७।- भुक्तानी दिँदा समितिले पेश गरेको बिल भरपाईमा तपशिल बमोजिमका व्यहोराहरु देखिएका छन्।

५७.१ ट्रफि खरिदः पुरुष फुटबल प्रतियोगिताका लागि समितिले घिमिरे स्पोर्ट्स एण्ड सप्लायार्स बाट रु.१००००।- को १ सेट ट्रफि खरिद गरेको बिल संलग्न गरेकोमा सोही सप्लायर्स बाट महिला भलिबल प्रतियोगिता संचालन गर्न रु.१२०००।- को १ सेट ट्रफि खरिद गरेको बिल पेश गरेकोले निजले पेश गरेको खर्च विवरण यथार्थ भएको यकीन गर्न सकिएन।

५७.२ पुरस्कारः अन्तरापालिका स्तरीय महिला भलिबल प्रतियोगितामा विजेतालाई रु.१लाख, द्वितीय ७० हजार र तृतीयलाई ४० हजार पुरस्कार राशि निर्धारण दिएकोमा वडास्तरीय पुरुष फुटबलमा विजेतालाई रु.१लाख ५० हजार, द्वितीय १लाख र तृतीयलाई २५ हजार दिएको छ। पुरस्कार राशि निर्धारणको निश्चित मापदण्ड देखिएन।

५७.३ **भुक्तानी प्रक्रियाः** पालिकाले उल्लेखित दुवै खेल समितिसँग सम्झौता गरी संचालन गरेकोमा भुक्तानी उक्त समितिलाई नभई समितिका संचालक इन्द्र रजान मगरलाई भएको देखियो। प्रतियोगिता संचालनको सम्झौता समितिसँग गरी भुक्तानी व्यक्तिलाई गरेको नियमसम्मत नदेखिएको रु.

अनियमित भएको	९,९६,६४७

५८ **डे बोडर्स संचालनः**

५८.१ शिक्षा तथा मानवस्रोत विकास केन्द्रको कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८१।८२ को क्रियाकलाप नं २.७.१३.१३ मा नमुना विद्यालयको शैक्षिक तथा व्यवस्थापकीय योजना कार्यान्वयनका लागि कार्यसम्पादनमा आधारित अनुदान कार्यक्रम अन्तर्गत सार्वजनिक खरिद ऐन,२०६३ तथा नियमावली,२०६४ तथा स्वीकृत कार्यविधि अनुसार खर्च गर्ने गरी सम्झौता गरी भौचर नं. १९/०८१/१२/२८ बाट पालिकाले श्री कालिका मा.वि.लाई रु.१० लाख उपलब्ध गराएको छ। विद्यालयको शिक्षा स्तर गुणस्तरीय बनाउन विद्यार्थीलाई नियमित विद्यालय अवधि भन्दा बढी समय सम्म शैक्षिक क्रियाकलाप आवद्ध गर्न विद्यालयमा राखेर डे बोडर्स कार्यक्रम संचालन गरी विद्यालयले खाना तथा खाजाको व्यवस्था गरेको देखियो। विद्यालयले कालिका क्यान्टिनसँग कुनै प्रकारको खरिद प्रक्रिया नअपनाई सोझै सम्झौता गरी सोहि आधारमा ६७ दिनको लागि १२५।-को दरले १०० जना विद्यार्थी र २० जना शिक्षकलाई खाना खुवाएको बिल तथा भरपाई पेश गरेको देखियो। खरीद ऐन तथा नियमावलीमा भएको व्यवस्था विपरीत क्यान्टिनसँग सोझै सम्झौता गरी रु.१० लाख भुक्तानी गरेको नियमसम्मत नदेखिएको रु.

अनियमित भएको	१०,००,०००

५८.२ स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ मा आफ्नो अधिकारक्षेत्रको विषयमा ऐन बनाउन सक्ने र सो ऐन अन्तर्गत रहेर नियम, निर्देशिका, कार्यविधि तथा मापदण्ड बनाउन सक्ने व्यवस्था रहेको छ । पालिकाले सशर्त अनुदान तथा पालिका श्रोतबाट समेत डे बोडर्स संचालनको लागि माध्यमिक विद्यालयहरुमा अनुदान दिएकोमा विद्यालय व्यवस्थापन समितिको निर्णय,कक्षा संचालन तालिका जस्ता निश्चित आधार तथा मापदण्ड बेगर रकम निकासा गरेको देखिन्छ। विद्यालयले पेश गरेको बिल भरपाई परीक्षण गर्दा विद्यालय अनुसार खाजा खाना दर फरक फरक देखियो जसले गर्दा खर्चमा मितव्यीता कायम भएको देखिएन । पालिकाले यस्ता किसिमका कार्यक्रम सञ्चालन गर्दा मापदण्ड तयार गरी कार्यक्रम मितव्ययी र व्यवस्थित रुपमा सञ्चालन गर्नुपर्दछ।केहि उदाहरण तपशिल बमोजिम छन्;

भौचर न. र मिति	विद्यालयको नाम	खर्च रकम	खाना/ खाजा को दर	संचालन भएको दिन	विद्यार्थी/शिक्षक संख्या	कैफियत
१९/०८१/१२/२८	श्री कालिका मा.वि.	१००००००	१२५	६७	१२०	
५९/०८२/३/२१	श्री काकलिङ मा.वि.	२०००००	८५	४२	७६	
३४६/०८२/३/२	श्री कण्ठेश्वर मा.वि.	५०००००	६० र खाजा२५ समेत	३५	विहान बेलुका गरी औषत १२५	पालिका बाट
२०/०८१/१/१३	श्री भिमेश्वर मा.वि.	५०००००	८५	६२६९छाक	९४	वडा बाट

५९ प्रति विद्यार्थी लागतः

गाउँपालिकाले सामाजिक सेवा तर्फ गरेका अल्पकालिन तथा दिर्घकालिन लगानीलाई लागत लाभ मापन हुने गरी लगानीको सुनिश्चितता गर्नुपर्दछ । गाउँपालिकाबाट प्राप्त विवरण अनुसार तिनै तहका सरकारवाट विद्यालयको संचालन व्यवस्थापनका लागी आर्थिक वर्ष २०८१।८२ मा भएको खर्च तथा विद्यार्थी संख्यको अनुपातमा निकालेको प्रति विद्यार्थी लागत निम्नानुसार ४८७१० रहेको छ ।

बजेट विवरण	बजेट रकम	खर्च रकम	विद्यार्थी संख्या	प्रति विद्यार्थी लागत
संघीय सरकार सशर्त	१६२०२८०००	१४७५४२९४०	३३८९	४८७१०
प्रदेश सरकार	११३६०००	११३५९१४		
गाउँपालिका	१९२८९०००	१६६०२६५०		
	१८२४५३०००	१६५१८१५०४		

उपरोक्त विवरण अनुसार पालिकाको सामुदायिक विद्यालयको वाल विकास देखि कक्षा १२ सम्म ३३८९ विद्यार्थी भएकोमा प्रति वद्यार्थी रु.४८७१० खर्च भएको देखिन्छ । विद्यार्थीमा भएको लगानीको प्रतिफल क्लास आउट भएपछि मात्र देखिने हुँदा लगानीका आधारमा विद्यार्थी उतिर्ण हुने गरी गुणस्तरीय शिक्षाका लागि शिक्षण विधि प्रक्रियालाई परीमार्जन गरी उत्कृष्ट नतिजा ल्याउने गरी पठनपाठनलाई व्यवस्थित, व्यवहारिक, सिपयूक्त बनाउने तर्फ लगानीलाई केन्द्रित गर्नुपर्दछ ।

६० जिन्सी दाखिलाः (१६७-2081-12-20):

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली,२०७७ को नियम ७८ बमोजिम कार्यालयले खरिद गरेको,निर्माण गरेको वा अन्य कुनै माध्यमबाट प्राप्त गरेको चल अचल मालसामान तथा सम्पत्तिको खरिद मूल्यको आधारमा दाखिला गर्नुपर्दछ।पालिकाले श्री खारपानी मा.वि. लाई ICT व्यवस्थापन को लागि रु.६५००००।- अनुदान दिएकोमा विद्यालयले भुँडीपुराण प्रकाशनबाट ५०३ किसिमका २२०९ वटा पुस्तक खरिद गरेकोमा जिन्सी दाखिला गरेको देखिएन। खरिद भएका पुस्तक जिन्सी दाखिला भएको प्रमाण पेश गर्नुपर्ने रु.

प्रमाण पेश नगरेको	६,५०,०००

६१ शिक्षक दरबन्दी र पदपूर्तिः

शिक्षक सेवा नियमावली, २०५७ को नियम (८) मा स्थानीय तहले आफ्नो अधिकार क्षेत्र भित्रका सामुदायिक विद्यालयको रिक्त शिक्षक दरबन्दीको विवरण प्रत्येक वर्षको जेठ मसान्तसम्म सम्बन्धित जिल्लास्थित शिक्षा विकास तथा समन्वय ईकाई पठाउनु पर्ने उल्लेख छ । गाउँपालिका अन्तर्गत विभिन्न तहका ३९ सामुदायिक विद्यालयहरुको शिक्षक दरवन्दी २०८ रहेकोमा १०४ जना स्थायी, करार तथा राहत ८२ समेत जम्मा १८६ जना कार्यरत रहि २२ रिक्त रहेको र ३९ विद्यालयमा जम्मा विद्यार्थी संख्या ३१३१ रहेको र औसत १६.८३ शिक्षक विद्यार्थि अनुपात रहेको देखिन्छ । विद्यार्थी संख्याको तुलनामा शिक्षक बढि भएको विद्यालयबाट कम विद्यार्थी भएको विद्यालयमा शिक्षकको दरबन्दी मिलान एवं न्युन विद्यार्थी भएको विद्यालयहरु सम्भाव्यताको आधारमा समायोजन गर्ने र तोकिए बमोजिम शिक्षक विद्यार्थी अनुपात कायम गर्दै करारमा रहेका पदहरु स्थायी पूर्ति गर्नेतर्फ पालिकाले पहल गर्नुपर्दछ ।

६२ **शैक्षिक गुणस्तर:**

पालिकाको शिक्षा शाखाबाट प्राप्त विवरण अनुसार यस पालिका अन्तर्गत २०८१ सालको एस.ई.ई. परीक्षामा सहभागी विद्यार्थीमध्ये नतिजाका आधारमा सामुदायिक र संस्थागत विद्यालयको तुलनात्मक विवरण देहायअनुसार छ ।

एस.ई.ई. परीक्षामा सहभागी विद्यार्थी		**उत्तीर्ण विद्यार्थी सख्या**		**उत्तीर्ण प्रतिशत**		**जी.पी.ए.को अवस्था**		
संस्थागत	सामुदायिक	संस्थागत	सामुदायिक	संस्थागत	सामुदायिक	जी.पी.ए.	संस्थागत	सामुदायिक
-	१९९	-	१५६	-	७८.३९	२.६१ औसत	-	२.६१

पालिकामा संस्थागत विद्यालय नरहेको र सामुदायिक विद्यालयमा एस.ई.ई. परीक्षा सहभागी मध्ये ७८.३९ प्रतिशत मात्र उत्तिर्ण रहेको पाईयो । शैक्षिक गुणस्तरमा थप अभिवृद्धि गर्नुपर्ने देखिन्छ ।

६३ **समानीकरण अनुदानबाट शिक्षकको तलब भत्ताः**

अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा ९ ले स्थानीय निकायलाई स्वीकृत दरबन्दी भित्रका शिक्षकको तलब भत्ता बापत सशर्त अनुदान उपलब्ध गराउने व्यवस्था छ । समानीकरण अनुदान पुँजीगत निर्माण, सामाजिक असमानता कम गर्ने प्रयोजनका लागि मात्र खर्च गर्नुपर्छ । सो रकम शिक्षकको तलब भत्तामा खर्च लेख्न मिल्ने देखिदैन । साविकको जिल्ला शिक्षा कार्यालयबाट अनुमति प्राप्त गरी सञ्चालनमा रहेका र कुनै पनि दरबन्दी तथा राहत अनुदान कोटा प्राप्त नगरेका विद्यालयलाई शिक्षक व्यवस्थापन गर्ने गरी सहयोग अनुदान दिन सकिने व्यवस्था छ । तर पालिकाले स्वीकृत दरबन्दीभित्र नपरेका, पालिकावाट व्यवस्थापन भएका शिक्षकको तलव भत्ता एवं विद्यालयले गत विगतदेखि नै अन्य स्रोतबाट तलब भत्ता व्यहोरेका विद्यालयका निजी स्रोतका शिक्षक संख्या १- कालिका भगवती आधारभुत विद्यालयलाई समानीकरण अनुदानबाट रु.२४९७६४.०० तलब भत्ता लगायत भुक्तानी गरेको पाईयो । आन्तरिक श्रोतबाटनै यस किसिमको भुक्तानी हुनुपर्नेमा वित्तिय समानिकरण अनुदानवाट भुक्तानी भएको नियमसम्मत देखिएन ।

६४ **औषधि खरिदः**

पालिकाकालाई आवश्यक पर्ने औषधि मध्ये पालिकाबाट खरिद गर्नुपर्ने र तालुक निकायबाट प्राप्त हुने परिमाण यकिन गरी वार्षिक आवश्यकताको परिणाम विवरण तयार गरी पुल सिस्टमको आधारमा आपूर्ति व्यवस्थापन गर्नुपर्दछ । आपूर्ति हुने औषधीमा उत्पादन मिति, म्याद सकिने मिति, ब्याच नं., उत्पादक कम्पनीको नाम र नि:शुल्क वितरणको लागि लगायतका सूचना उल्लेख रहेको हुनुपर्दछ । आपूर्ति भएका औषधिको म्याद सकिने मिति भण्डार दाखिला समयदेखि कम्तिमा २ वर्ष बाँकी हुनु पर्दछ। त्यसैगरी भण्डारमा दाखिला गर्दा समेत उल्लेखित सबै विवरण खुलाउनुपर्दछ । यसवर्ष पालिकाले भौचर नं.१६।०८२।२।९ औषधि र उपकरण खरिद गरी बंगलामुखी मेडिसिन सप्लायर्सलाई रू.७५१४१७।- भुक्तानी दिएको छ। पालिकाले औषधी खरिद गर्दा आवश्यकता पहिचान गरेको छैन भने पुल सिस्टमको आधारमा आपूर्ति समेत गरेको देखिएन। अत: पालिकाले औषधि खरिद, उपयोग र मौज्दातको अवस्था यकिन गरी औषधि खरिदलाई व्यवस्थित बनाउनुपर्दछ।

६५ **उपचार खर्चः**

स्थानीय तह स्वास्थ्य कार्यक्रम संचाल निर्देशिका,२०८१।८२ मा मृगौला प्रत्यारोपण डायलसिस गरिरहेका क्यान्सर रोगी र मेरुदण्ड पक्षघातका बिरामी औषधि उपचार खर्च उपलब्ध गराउने सम्बन्धी कार्यविधि, ०७८ को बुँदा नं २ख अनुसार तोकेको उपरोक्त लक्षित

समुहलाई कार्यविधिको बुँदा नं ४ बमोजिम रु.५०००।- त्रैमासिक रुपमा महिनाको अन्तिम दिन लाभग्राहीको बैक खातामा जम्मा गर्ने व्यवस्था छ। पालिकाले यस आर्थिक वर्षमा जम्मा रु.३८०००००।- निकासा भएकोमा तपशिलका व्यहोरा देखिएका छन् ।

६५.१ गाउँपालिकाबाट प्राप्त मृत्यु दर्ताको विवरण अुनसार देहायका व्यक्तिलाई मृत्यु पश्चात् समेत भुक्तानी भएको देखिएको बढी भुक्तानी असुल गर्नुपर्ने रु.

भौचर नं र मिति	व्यक्तिको नाम	मृत्यु भएको मिति	बढी भुक्तानी रु.
१६८।-८१।१२।४	चतुरमान थामी		१५०००।-
चौथो त्रैमासिक निकासा	इन्द्रमणि ढुँगाना	२०८२।१।१६	१००००।-
			२५०००।-

असुल गर्नुपर्ने	२५,०००

६५.२ उपरोक्त निर्देशिकाको बुँदा नं.४ मा पेन्सन सुविधा पाइरहेका, अन्य कुनै सामाजिक सुरक्षा भत्ता सुविधा पाइरहेका व्यक्तिले यो सुविधा नपाउने तथा बुँदा नं ७ मा लाभग्राहीको अभिलेख यस निर्देशिकाको अनुसूची ४ बमोजिम राखी अद्यावधिक गरी राख्नु पर्ने र बुँदा नं १० मा स्थानीय तहले भुक्तानी गरेको रकम र बुझी लिने व्यक्तिको नामावली स्थानीय तहका कार्यालय, सम्बन्धित वडा कार्यालय र वेभसाइटमा सार्वजनिक गर्नुपर्ने व्यवस्था रहेकोमा पालिकाले अनुसूची ४ बमोजिम लाभग्राहीको विवरण अद्यावधिक गरी सम्बन्धित वडा कार्यालय र वेभसाइट सार्वजनिक गरेको पाइएन। निर्देशिका बमोजिमका विवरण अद्यावधिक गरी उपचार खर्च वितरण प्रक्रियामा पारदर्शिता कायम गर्नुपर्दछ।

६६ औषधि PAMS V2 दाखिलाः

स्वास्थ्य सेवा विभागको पत्र संख्या २०८१।८१, च.नं. २०७३ मिति २०८२।३।३०को पत्रानुसार eLMIS लाई PAMS माइग्रेशन गर्नका लागि २०८२।८३ देखि औषधि तथा औषधिजन्य सामग्रहरुको जिन्सी व्यवस्थापन PAMS V2 मा eLMIS को फिचर थप गरी eLMIS संचालन भएका सम्पूर्ण संस्थाहरुमा PAMS V2 लागु गर्ने भएकोले आ.व. २०८१।८२ को eLMIS को अन्तिम मौज्दात लाई PAMS V2 मा अ.ल्या. गर्न अषाढ मसान्त सम्म भएको सम्पूर्ण तथ्यांकहरुलाई अद्यावधिक गरी २०८२ श्रावण १५ गते भित्र जिन्सी खातामा प्रिन्ट गरी राख्नुपर्ने व्यवस्था गरेको छ। पालिकाले २०८१।८२ अषाढ मसान्त सम्मका औषधिको अन्तिम मौज्दात अद्यावधिक गरी जिन्सी खातामा राखेको नदेखिएको औषधि मौज्दात यकिन गर्न सकिएन। पालिकाले उपरोक्त निर्देशनानुसार औषधि तथा औषधिजन्य सामग्रीको मौज्दात यकीन गरी ह.फा गरेका समानहरु समेत यकीन गरी जिन्सी खाता अद्यावधिक गरी राख्नुपर्दछ।

६७ प्रधानमन्त्री रोजगार कार्यक्रमः

प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालन निर्देशिका, २०७६ अनुसार प्रधानमन्त्री रोजगार कार्यक्रमको मूख्य उद्देश्य मुलक भित्र रोजगारका प्रयाप्त अवसर सिर्जना गरी उपलव्ध बेरोजगार जनशक्तिको लगत तयार गरी आर्थिक विकासमा योगदान पुर्‍याउने सुनिश्चितता गरी सामाजिक सुरक्षाको ब्यवस्था गर्नु रहेको छ । स्थानीय तहमा सूचीकृत बेरोजगार व्यक्तिलाई न्यूनतम रोजगारी प्रत्याभूत गराउन एवम् सामूदायिक पूर्वाधारहरूको विकास मार्फत नागरिकको जीवनयापनमा सुधार ल्याउने उद्देश्यले स्थानीयतहभित्र प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालनमा रहेको छ ।कार्यविधि अनुसार बेरोजगार युवाको लगत तयार गरी उनिहरूलाई रोजगारको अवसर प्रदान गरी उनीहरूको आर्थिक विकासमा सहयोग पुर्‍याउने योजना संचालन गर्नुपर्नेमा सो अनुसार संचालन भएको देखिदैन। यस कार्यक्रम अन्तर्गत स्थानीयतह भित्रका वडाहरूमा गोरेटो बाटो निर्माण खानेपानी मर्मत नाली सरसफाई मोटर बाटो मन्दिर निर्माण कार्य लगायतका कार्यक्रम सञ्चालन गरी ७ वडामा ९ योजना सञ्चालन गरी यस वर्ष १०४ जना लाई रोजगारी उपलव्ध गराई रू.६७,१४,५५६ खर्च गरेको छ । सो वाहेक कर्मचारी तलवमा रु.१४,११,२१४ खर्च भएको छ । लक्षित वर्ग लाई औषत दिन देखि ९७ दिन सम्म रोजगारी उपलब्ध गराई श्रमिक ज्याला प्रशासनिक र कार्यक्रम खर्च समेत खर्च लेखेका छन् ।उक्त खर्च वाट लक्षित वर्गमा

अल्पकालीन रोजगारी सृजना भएता पनि कामको दीगोपना तथा दीर्घकालीन रोजगारी सृर्जना भएको देखिंदैन। तसर्थः कार्यक्रमको मुल मर्म अनुसार कार्यक्रम सञ्चालन गरी आर्थिक विकासमा योगदान पुग्ने गरी गर्नु पर्दछ।

६८ **व्यक्तिगत जग्गामा भण्डारण घर निर्माणः**

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा २४ योजना छनौट गर्दा योजना छनौटका चरण पुरा गरी जनताको आवश्यकता र मागलाई मध्यनजर गरी बढी भन्दा बढी जनता लाभान्वित हुनेगरी योजना छनौट गर्नुपर्ने व्यवस्था छ।गाउँपालिका र श्री बहुओमजय कृषि प्रा.लि. वडा नं ७, बीच मिति २०८१।१।२१ मा प्रांगारिक कृषि प्रवर्धन कार्यक्रम अन्तर्गत कृषि उत्पादित वस्तुहरु भण्डारण घर निर्माणका लागि कुल लागत अनुमान रु.१२००८५८।– मा रु.२०३६३७।– को श्रमदान गर्ने सम्झौता भएकोमा उक्त घर निर्माण सम्पन्न भई भौचर नं ६५।०८२।३।२२ बाट रु.९६८८२६।- उक्त फर्मलाई भुक्तानी समेत भएको छ।

पालिकाले यस कार्यक्रमको लागि आव्हान गरेको सूचनामा संलग्न गर्नुपर्ने आवश्यक कागजातको बुँदा नं.३ मा निर्माण गरिने जग्गा आवेदक संस्थाको नाममा भएको वा कम्तीमा १५ वर्षे करार सम्झौता गरी भोगाधिकार गरिने कागजातको सक्कल प्रमाण पत्र माग गरिएकोमा यस फर्मका एकल संचालक श्री ठग बहादुर श्रेष्ट र उनका बुवा आमाको नाममा रहेको जग्गाधनी प्रमाणपूर्जा पेश भएको देखियो। पालिकाले सुचनामा उल्लेख भए बमोजिम अनुदान प्राप्त गर्ने संस्थाको नाममा रहेको जग्गाधनी प्रमाण पूर्जा पेश गर्नुपर्ने रु.

प्रमाण पेश नगरेको	९,६८,८२६

६९ **अपाङ्ग बाल अस्पताल केन्द्रः** (७०-2082-03-23):

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२७** को निर्णयले रू **११६,९५५** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

असुल गर्नुपर्ने	०

७० **प्रविधि हस्तान्तरणः** (२८९-2082-03-19):

गरिबी निवारणका लागि लघु उद्यम कार्यक्रम संचालन निर्देशिका,२०७७ को ४०(१) मा लघु उद्यमीलाई वार्षिक कार्यक्रममा व्यवस्था भए बमोजिम प्रविधि हस्तान्तरण गर्नुपर्दछ र ४१(४) मा प्रविधि हस्तान्तरण गरिएका लघु उद्यमीले प्रविधि उपयोगको विवरण कार्यालयमा पेश गर्नुपर्नेका साथै ४२(ग) मा प्रविधि हस्तान्तरणको सम्झौता बमोजिम पेशा व्यवसाय परिवर्तन भई सो प्रविधि प्रयोगहीन भएमा वा कुनै कारणले व्यवसाय नगर्ने भएमा हस्तान्तरण भएको प्रविधि कार्यालयमा फिर्ता गर्नुपर्ने व्यवस्था छ। शैलुङ अल्लो प्रशोधन उद्योगलाई रु.१३८५०९।- को उद्योग संचालनको लागि ५ सेट तान समेतका आवश्यक सामग्रीहरु हस्तान्तरण गरेको देखिएकोमा निर्देशिका बमोजिम उक्त उद्योगले प्रविधि उपयोग सम्बन्धमा कुनै विवरण पेश गरेको देखिएन।पालिकाले उक्त उद्योगले हस्तान्तरित प्रविधिको सदुपयोग गरे नगरेको सम्बन्धमा अनुगमन गरी निर्देशिका बमोजिम विवरण पेश गर्न लगाउनुपर्दछ।

७१ **आवधिक तथा क्षेत्रगत योजना निर्माणः** (७४-2082-03-23):

सार्वजनिक खरिद ऐन २०६३, को दफा २९ मा सार्वजनिक निकायमा उपलब्ध जनशक्तिबाट कुनै काम हुन नसक्ने भएमा परामर्श सेवा खरिद गर्न सक्ने र नियमावली को नियम ६९ मा परामर्शदाताले गर्नुपर्ने कामको पृष्ठभूमि र उद्देश्य, कामसँग सम्बन्धित अध्ययन तथा आधारभूत तथा तथ्यांक उपलब्ध भए सोको विवरण, परामर्शदाताले पेश गर्नुपर्ने प्रतिवेदन, तथ्यांक, नक्सा, सर्भे प्रतिवेदन आदिको विवरण सहितको कार्य क्षेत्रगत शर्त तयार गर्नुपर्ने व्यवस्था छ। पालिकाले स्थानीय सरकार संचालन तथा क्षेत्रगत योजना निर्माण गर्न सरल जनसेवा केन्द्र प्रा.लि.काठमाडौं सँग सम्झौता गरेको छ।तीनवटा फर्मको आर्थिक प्रस्तावको आधारमा प्रस्तावदाता छनौट गरी सम्झौता अनुरुप रु.२९९४५०।- भुक्तानी गरेकोमा नियमानुसारको विवरण सहितको कार्य क्षेत्रगत शर्त (ToR) तयार नगरेकोले फर्महरुले पेश गरेको प्राविधिक प्रस्तावको विश्लेषण गरेको आधार र प्रक्रिया देखिएन। पालिकाले कार्य क्षेत्रगत शर्त (ToR) नबनाएकोले पालिकाको उद्देश्य पुरा हुने प्रतिवेदन तयार भएको तथा प्रतिवेदनको उपयोग तथा प्रभावकारिता समेत मूल्यांकन गर्न सकिएन।

७२ **सीप विकास तालिम कार्यक्रमः**

७२.१ गरिवी निवारणको लागि लघु उद्यम विकास कार्यक्रम सञ्चालन निर्देशिका, २०७७ को बुँदा २८ मा उद्यमशीलता विकास तालिम लिएका सहभागीहरु मध्येबाट व्यावसायिक योजना, उद्यमीको प्रकृति अनुसार विभिन्न समूहमा आबद्ध गरी सीप विकास तालिम सञ्चालन गर्नु पर्ने र बुँदा ३० मा उद्यम विकास सहजकर्ताले उल्लेखित क्रियाकलापको प्रगति विवरणलाई अनिवार्य रुपमा जेसीएमआईएसमा अद्यावधिक गर्नुपर्ने व्यवस्था छ ।भौचर नं.५७/०८२/३/२० बाट पालिकाले ४२ सहभागीलाई सुन्तलाजात फलफुल प्रशोधन प्रविधि सम्बन्धी सीप विकास तालिममा रू.४५००००।- खर्च लेखेकोमा पालिकाले उद्यशीलता विकास तालिम नलिएका र जेसीएमआईएस सफ्टवेयरमा तथ्याङ्क अद्यावधिक नभएका व्यक्तिहरु समावेश गरी तालिम सञ्चालन गरेको देखियो। निर्देशिकामा उल्लेख भए बमोजिम तालिम संचालन गरी सफ्टवेयरमा तथ्यांक अद्यावधिक गर्नुपर्दछ।

७२.२ **मापदण्ड भन्दा बढी भुक्तानी -**

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२७** को निर्णयले रू **२४,४२५** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

असुल गर्नुपर्ने	०

७३ **पाइपको प्रयोगः** (१९-2082-02-23):

सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२३(१) मा खरिद सम्झौता अनुसार सार्वजनिक निकायले रनिङ बिल वा अन्य कुनै बिल बिजकको भुक्तानी गर्दा प्राविधिक नापजाँच गरी नापी कितावमा उल्लेख भएको वास्तविक कार्यसम्पादनको आधारमा भुक्तानी गर्नुपर्ने व्यवस्था रहेको छ। गाउँपालिकाले बृहत शैलुङ् खानेपानी योजनाको टाडी निर्माण सेवाले निम्नानुसार रु २४१५१८ मूल्यका पाइप तथा फिटिङ्स उपभोक्ता समितिलाई बुझाएको उल्लेख गरेकोमा उक्त पाइपहरु सम्बन्धित आयोजनामा प्रयोग भएको प्रमाण पेश हुनुपर्ने अन्यथा उक्त रकम असुल हुनुपर्ने रु.

पाइपको विवरण	परिमाण	दर	रकम
५० एम एम	२५ मिटर	३७०	९२५०
२५ एम एम	१५२९ मिटर	९५	१४५२५५
२० एम एम	४७५ मिटर	६०	२८५००
५०×२० Saddle	१३४ पिस	२४२	३२४२८
४०×२० Saddle	१४१ पिस	१८५	२६०८५
			२४१५१८

प्रमाण पेश नगरेको	२,४१,५१८

७४ **बढी भुक्तानीः** (१९-2082-02-23):

सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२३(१) मा खरिद सम्झौता अनुसार सार्वजनिक निकायले रनिङ बिल वा अन्य कुनै बिल बिजकको भुक्तानी गर्दा प्राविधिक नापजाँच गरी नापी कितावमा उल्लेख भएको वास्तविक कार्यसम्पादनको आधारमा भुक्तानी गर्नुपर्ने व्यवस्था रहेको छ।गाउँपालिकाले बृहत शैलुङ् खानेपानी योजनाको टाडी निर्माण सेवालाई डण्डीको भुक्तानी गर्दा नापी किताबबाट आएको ६६२०.६६ के जि मा पुन ५ प्रतिशत Extra थप गरी भुक्तानी गरेको देखिएकोले बढी भुक्तानी भएको ३३१.०३ के.जी को प्रति के.जी १३५ को दरले भुक्तानी भएकोमा बढी भुक्तनी भएको रु.५०४९८.०० (मु.अ.कर समेत) सम्बन्धित निर्माण व्यवसायीबाट असुल हुनुपर्ने रु

असुल गर्नुपर्ने	५०,४९८

७५ **स्टिल पोल र पाइपको प्रयोगः** (३७-2082-03-31):

सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२३(१) मा खरिद सम्झौता अनुसार सार्वजनिक निकायले रनिङ बिल वा अन्य कुनै बिल बिजकको भुक्तानी गर्दा प्राविधिक नापजाँच गरी नापी कितावमा उल्लेख भएको वास्तविक कार्यसम्पादनको आधारमा भुक्तानी गर्नुपर्ने व्यवस्था रहेको छ।अस्लेश्वरी खानेपानी योजना निर्माण कार्यको लागि भैरवी इन्जिनियरिङ् प्रा.ली संग रु. ५४२५१८२.८४ को सम्झौता भई रु.४८४५२५९. १२ को कार्यसम्पन्न भएको छ ।निर्माण व्यवसायीले वि.ओ.क्यु अनुसार निम्नानुसार रु ८९३२००.०० मूल्यका पोल एव पाइप खरिद भएकोमा वडा नं २ का वडाअध्यक्षलाई २०८२।३।२३ मा बुझाएको देखिएकोमा उक्त सामग्री सम्बन्धित स्थानमा जडान नभएको र जिन्सी दाखिला समेत भएको नदेखिएकोले उक्त पोल एवं पाइप सम्बन्धित योजनामा जडान भएको कार्यसम्पन्न प्रतिवेदन पेश हुनुपर्ने रु.

विवरण	परिमाण	दर	रकम
११ मिटरको स्टिल पोल	२५ वटा	३४०००	८५००००
जि आई पाइप ५० एम एम	३६ मिटर	१२००	४३२००
			८९३२००

प्रमाण पेश नगरेको	८,९३,२००

७६ **मूल्य अभिवृद्धि कर कट्टा नगरेको**

मूल्य अभिवृद्धि कर नियमावली २०५३ (आठौं संसोधन) को दफा ६(ग) तथा आर्थिक ऐन २०८१ अनुसार ठेक्का वा करार अन्तर्गत वस्तु आपूर्ति वापतको मूल्य अभिवृद्धि कर भुक्तानी गर्दा सो कर रकमको ३० प्रतिशतले हुन आउने रकम ठेकेदार वा आपूर्तिकर्ताको नामबाट स्वयं भुक्तानी गर्ने निकायबाट सम्बन्धित राजस्व शीर्षकमा जम्मा गरी बाँकी रहने कर रकम मात्र सम्वन्धित आपूर्तिकर्तालाई भुक्तानी दिनु पर्ने र सो व्यहोराको जानकारी सम्बन्धित ठेकेदार वा आपूर्तिकर्तालाई दिनु पर्ने व्यवस्था छ । पालिकाले क्याटलग सपिङ्ग विधिवाट पञ्चकन्या मार्केटिङ्गमार्फत् ५ वटा मोटरसाईकल रु.२४९९८०० मा खरिद गरि भुक्तानी गर्दा नियमावलीमा भएको व्यवस्था विपरित मूल्य अभिवृद्धी कर शत प्रतिशत रु.२८७५८७.६४ नै सम्वन्धित फर्मलाई भुक्तानी भएकोले यसरी भुक्तानी भएको मु.अ.कर सम्वन्धमा सम्वन्धित आन्तरिक राजस्व कार्यालयवाट मु.अ.कर समायोजन भएको प्रमाण पेश हुनुपर्ने रु.

प्रमाण पेश नगरेको	२,८७,५८८

७७ **विज्ञापन तथा सूचना प्रकाशन**

विज्ञापन नियमन गर्ने ऐन, २०७६ को दफा २१ को उपदफा २(ख) र विज्ञापन नियमन गर्ने नियमावली,२०७७ को नियम ६(क) को उपदफा ३ र ४ बमोजिम तीन प्रतिशत रकम कट्टा गरी विज्ञापन बोर्डको कोष खातामा पठाउने व्यवस्था रहेको छ । यस वर्ष विज्ञापन, सुचना प्रकाशन तथा पत्रपत्रिकामा कुल १५ लाख विनियोजन गरेकोमा जम्मा रु.१२,७३,२९० को सुचना प्रकाशन खर्च लेखेकोमा यस्तो रकमको भुक्तानीमा उक्त व्यवस्था बमोजिम कोषमा रु.३८१९८ जम्मा गरेको देखिएन । नियममा भएको व्यवस्थाको कार्यान्वयन हुनेगरी विज्ञापन बोर्डको कोष खातामा पठाउनुपर्ने देखिएको रु.

प्रमाण पेश नगरेको	३८,१९८

७८ **वडागत सञ्चालन खर्च**

पालिकाको आर्थिक वर्ष २०८१।०८२ को वार्षिक निति, कार्यक्रम तथा वजेट पुस्तिकामा उल्लेख भएअनुसार गाउँपालिकाका ७ वटै वडाहरुमा वडा कार्यालय सञ्चालन खर्चको लागी १० लाखका दरमा ७० लाख विनियोजन भएको छ ।सो रकम वडाले उपशिर्षक उल्लेख नभएकोले आवश्यक्तानुसार र कुनै मापदण्ड वेगर खर्च गर्दै आएको पाईन्छ । उक्त खर्चको मापदण्ड तथा शिर्षकगत विनियोजन नभएकोले यस्ता खर्चमा मितव्ययीता कायम गर्नुपर्दछ । साथै वडाहरुले उक्त रकमवाट खरिद भएका खर्च भएर जाने र खर्च भएर नजाने जिन्सी सामानको अभिलेख सरकारी सम्पत्ती व्यवस्थापन प्रणाली (पाम्स) मा अभिलेख नराखेको कारण पालिका कार्यालयको मात्र

जिन्सी निरिक्षण प्रतिवेदन तयार भएको पाईयो । सरकारी सम्पत्तिको अभिलेख संरक्षण तथा व्यवस्थापन गर्न अनिवार्य रुपमा पाम्समा अभिलेख राखी अद्यावधिक गर्नुपर्ने देखिएको छ ।

७९ कृषि तथा पशु अनुदान

कृषि क्षेत्रको रुपान्तरण, कृषी तथा पशुपन्छीजन्य व्यवसाय प्रवर्धन लगायतका कृषी, पशुपन्छी, बालीनाली, मत्स्य आदि सम्वन्धी अनुदान उपलब्ध गराउने कार्यक्रमबाट विभिन्न व्यक्ति तथा समूहलाई अनुदान दिएको देखिन्छ । यस्ता कार्यक्रम संघका साथै प्रदेश तथा स्थानीय तह मार्फत तिनका समेत स्रोत साधनको संलग्नतामा सञ्चालन गर्न विभिन्न नीति कार्यविधी तथा निर्देशिका नेपाल सरकार, प्रदेश सरकार र स्थानीय तहबाट समेत तर्जुमा भएको देखिन्छ । सोही बमोजिम लक्षित कृषक वर्गलाई अनुदान वितरण वापत वार्षिक कार्यक्रम अनुसार यस वर्ष यस पालिकावाट निम्नानुसारको रु.१ करोड ४ लाख २५ हजार अनुदानमा खर्च भएको देखिन्छ ।

कृषि विकास अनुदान

सि.नं.	कार्यक्रमहरु	साझेदारी संस्था/व्यक्ति	विवरण	खर्च रकम	कैफियत
	प्रदेश सरकार शसर्त				
१.	कृषि उपज भण्डारणको लागि कोल्ड च्यामबर निर्माण	शैलुङ कात्छाप पशुपालन कृषि फर्म	फलफूल भण्डारणको लागी दोरम्बा १मा कोल्ड च्याम्बर निर्माण	१० लाख	८०% अनुदान गाउँपालिका मार्फत
२.	कृषि व्यवसाय प्रर्वद्धन कार्यक्रम दोरम्बा १	हिल डाइमन्ड एग्रीकल्चर फ्रम प्रा.ली.	किवि फल पुर्वाधार निर्माण	५ लाख	८०% अनुदान गाउँपालिका मार्फत
३.	प्राङ्गारिक खेती प्रर्वद्धन कार्यक्रम दोरम्बा १	१.ब्लु एसियन एग्रीकल्चर फर्म	पानी भण्डारण तथा सिचाईको लागि पोखरी निर्माण	५ लाख	८०% अनुदान गाउँपालिका मार्फत
	२. डडुवा साना किसान सहकारी संस्था लि.	सहकारिका सदस्यहरुका लागी अनुदानमा प्लास्टिक टनेला,बिउ,विषादी,स्पेयर खरीद वितरण, थोपा सिंचाई प्लास्टिक पोखरी निर्माण	५ लाख		८०% अनुदान गाउँपालिका मार्फत
४.	प्राङ्गारिक कृषि प्रर्वद्धन कार्यक्रम	बहुओमजय कृषि प्रा.लि.	उत्पादित सामाग्रीहरु स्टोरको लागी भण्डारण घर निर्माण	१० लाख	८०% अनुदान गाउँपालिका मार्फत
५.	घरेलु एकिकृत कृषि प्रर्वद्धन कार्यक्रम एकिकृत रुपमा अन्नवाली,फलफूल उत्पादनमा अनुदान दोरम्बा ७	श्री सुन्तला तथा फलफूल उत्पादन कृषक समुह दोरम्बा ७	उत्पादन वृद्धि गर्नका लागि सिचाईको व्यवस्थापनको लागि पाइप खरीद, पानी भण्डारणको लागि ड्रम खरीद, सुन्तलाको विरुवा खरिद, स्पेयर खरीद काँटछाटमा प्रयोग हुने औजारहरू समूह मार्फत खरीद गरी अनुदानमा समुह सदस्यलाई अनुदानमा वितरण	४ लाख ५० हजार	८०% अनुदान गाउँपालिका मार्फत
६.	उच्च मूल्य वस्तु उत्पादन प्रोत्साहन तरकारी, फलफूल, मह उत्पादनमा अनुदान दोरम्बा ७	श्री सानो शैलुङ एग्रीकल्चर फर्म दोरम्बा ७	मह उत्पादन वृदि तथा प्रोत्साहनको लागि महदानी र मौरी घार खरिद गरिएको	१ लाख ३५ हजार	८०% अनुदान गाउँपालिका मार्फत
	जम्मा			४० लाख २५ हजार	
	स्थानीय तह मार्फत				
१.	मिनि टिलर, प्लास्टिक	कृषकहरुलाई(छनौट गरिएका	कृषि यान्त्रिकरणको लागि ५.५ एच.पी.को मिनिटिलर	२५	५०%

	टनेला र स्पेयर वितरण	मध्ये मिनि टिलर ७७थान, प्लास्टिक टनेला १७३ र स्पेयर ५० थान कृषकहरुलाई वितरण गरियो)	खरिद गरिएको, बेमौसमी खेती गर्नको लागि टनेला निर्माणको लागि प्लास्टिक टनेला र स्पेयर खरीद गरी कृषकहरुलाई अनुदानमा वितरण गरिएको	लाख	अनुदान गाउँपालिका मार्फत
२.	तरकारी विउ र विषादी वितरण	कृषकहरुलाई	विभिन्न जातका तरकारीहरुको विउ यस गा.पा.को हावापानी अनुसार तरकारी विउ खरीद गरिएको साथै रोग किरा नियन्त्रणको लागि विषादी खरीद गरि वितरण गरिएको	१९ लाख	निःशुल्क
३.	५०% अनुदानमा किवि फल विकास कार्यक्रममा पूर्वाधार निर्माण	कृषकहरुलाई(छनौट भएका मध्ये १४ जना कृषकहरु	किवि फल विस्तारको लागि पोल तथा थाङ्क्रा निर्माण गरिएको	१० लाख	५०% अनुदान गाउँपालिका मार्फत
४.	५०% अनुदानमा गोला सहित मौरी घार वितरण	कृषकहरुलाई(छनौट भएका मध्ये ९५ जना कृषकहरु	कृषकहरुको मागको आधारमा गोला सहित मौरी घार खरीद गरी वितरण गरिएको	१०लाख	५०% अनुदान गाउँपालिका मार्फत
	जम्मा			६४ लाख	

पालिकाले यन्त्र उपकरण अनुदान वितरण गर्दा पालिकाको अंश सिधै खरिद भएको फर्म वा संस्थाको खातामा र कृषकको अंश वडा सचिवले लाभग्राही वा कृषकवाट नगद संकलन गरी सो नगद कृषि शाखाका कर्मचारीको व्यक्तिगत खाता मार्फत् खरिद भएको फर्म वा संस्थाको खातामा जम्मा गर्ने गरेको पाईयो । अनुदानग्राही छनौटका आधारहरू के के हुन र के कसरी मूल्यांकन भई छनौट भएको हो सो खुल्ने छनौटको स्पष्ट आधार नतोकि कतिपय अनुदान कार्यपालिकाबाट सोझै फर्मको नाम खुलाएरै निर्णय समेत गरेको पाइयो । विगत वर्षहरुमा समेत यस्ता कार्यक्रम रहेकोमा को को व्यक्तिलाई कति वितरण गरिएको थियो, यसको कुनै विवरण अद्यावधिक नगरेको, यस्तै प्रकारको अनुदान प्रदेश र संघीय सकरकारबाट समेत वितरण गर्ने गरेकोले दोहोरो पर्न जाने पनि देखिन्छ । पालिकाले बितरण भएको अनुदानको सहि सदुपयोग भए नभएको सम्बन्धमा अनुगमन तथा सोबाट प्राप्त उपलव्धी मापन गरेको छैन र अनुदान सम्बन्धमा स्थानीय अनुदान नीति तय गरेको पाइएन । पालिकाले अनुगमनलाई प्रभावकारी वनाई संघ प्रदेश तथा स्थानीय तहबाट वितरण हुने अनुदानमा दोहोरोपना नहुने गरी अनुदान ग्राही छनौटको स्पष्ट आधार र मापदण्ड तयार गरी अनुदानग्राहीको जीबनस्तरमा सुधार आएको यकिन गरी रकमको पूर्ण सदुपयोग गराउनेतर्फ ध्यान दिनुपर्दछ र यस्ता खर्चका पारदर्शिता र जवाफदेहिता प्रवर्धनको लागी यसरी अनुदान प्राप्त गर्ने कृषकको नाम, ठेगाना र अनुदानको किसिम तथा रकम वेभसाइटबाट सार्वजनिकरण गरी अनुदान वितरणलाई व्यवस्थित बनाउनु पर्दछ ।

८० **लागत अनुमानः**

सार्वजनिक खरिद नियमावली. २०६४ को नियम १० मा सार्वजनिक निकायले निर्माण कार्यको लागत अनुमान तयार गर्दा नियम ९ को अधीनमा रही तयार गर्नु पर्ने र निर्माण कार्यको लागत अनुमान तयार गर्दा निर्माण सम्बन्धी स्वीकृत नर्म्स बमोजिम लागत अनुमान तयार गर्नु उल्लेख छ ।गाउँपालिकाले कतिपय आईटममा लागत अनुमान तयार गर्दा स्विकृत भन्दा फरक पारी लागत तयार गरेको पाइयो । लेखापरीक्षणको क्रममा नमुना परिक्षण गर्दा देहायको योजनामा स्विकृत नर्म्स भन्दा फरक पारेको कारण रु.८१७२९५.०० बढीको लागत अनुमान तयार भएको छ । गाउँपालिकाले लागत अनुमान तयार गर्दा स्विकृत नर्म्स पालना गरी तयार गर्नुपर्दछ ।

योजनाको नाम	कामको विवरण	परिमाण	हुनुपर्ने दर	भएको दर	फरक रकम	कैफियत
थापागाउँ धुकुटी डाँडा थोट्नेरी सडक	PCC grade M15	१२८.३८ घ मी	१३६१०	१७९३९.५९	५५५८३३	सडकमा भवन विभागको नर्म्स प्रयोग गरेको
बृहत शैलुङ् खानेपानी आयोजना	विभिन्न साइजको पाइप खरिद	विभिन्न साइजका पाइप खरिद गर्दा पाईपको जिल्ला दररेटमा मू.अ.कर समेत जोडेर दर विश्लेषण गरेकोले दोहोरो मु.अ.कर भएको			२६१४६२	
					८१७२९५	

८१ **पूर्वनिर्धारित क्षतिपूर्ति**

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२७** को निर्णयले रू **११५,५३७** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

असुल गर्नुपर्ने	०

८२ **१५ शय्या अस्पताल निर्माणः**

गाँउपालिकाको १५ शय्या अस्पतालन निर्माण कार्य २०७८।१०।१७ मा सम्पन्न गर्ने गरी श्री आरोग्य सुवेदी जे.भि .संग २०७७।१२।१७ मा रु.११३०११४६०.१५ को सम्झौता भएको छ । उक्त योजनामा पाँचौ रनिङ् विलसम्म रु.३७१६२६६८.७२ खर्च भएको देखिन्छ । सो सम्बन्धी देखिएका व्यहोरा निम्नानुसार रहेका छन्;

८२.१ **बीमाः** सार्वजनिक खरिद नियमावली २०६४ को नियम ११२ मा २० लाख भन्दा बढी मूल्यको निर्माण कार्य गर्ने निर्माण व्यवसायीले निर्माण सामाग्री प्रयोग गरिने मेसिन औजार वा प्लान्ट लगायत निर्माण कार्यको पूर्ण प्रतिस्थापन खर्च लगायत उपनियम २ मा लेखिएदेखि वाहेक सम्पूण जोखिम वहन गर्ने गरी वीमा गराउनु पर्ने तथा वीमा गराएर मात्र निर्माण कार्य गराउनु पर्ने व्यवस्था छ । पालिका र निर्माण व्यवसायीबीच भएको सम्झौताको बिशेष शर्त न १९.१ मा सम्झौता रकमको ११५ प्रतिशत रकम को विमा गर्नुपर्ने व्यवस्था छ। विमा वापत रु.६२०७८४.०० भुक्तानी भएकोमा निर्माण व्यवसायीले २३.०१.२०२४ सम्म म्याद भएको प्रिमियर इन्सुरेन्सको पोलिसीको रु ४३१४६०.०० प्रिमियम तिरेको र पुन १५.१.२०२५ देखि १३.०१.२०२८ सम्म म्याद भएको सानिमा इन्सुरेन्सको पोलिसी पेश गरेको छ। यसरी विचको १ वर्ष बीमा नभएको देखिन्छ। पछिल्लो बीमाको पोलिसीमा यो पोलिसि भन्दा अगाडिको कामको क्षति नव्यहोर्ने उल्लेख गरेको सम्झौता अनुसार सम्झौता रकमको ११५ प्रतिशतको विमा गर्नुपर्नेमा सम्झौता रकम रु ११३०११४६०.१५ को मात्र सझौता गरेको र मेशिनरी औजारहरुको समेत विमा गरेको देखिएन। सम्झौताको पालना गर्नुपर्दछ ।

८२.२ **बढी परिमाणको भुक्तानीः**

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-१०** को निर्णयले रू **४६२,८७६** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

असुल गर्नुपर्ने	०

८२.३ **कार्य प्रगतिः** अस्पतालन निर्माण कार्य २०७८।१२।१७ मा सम्पन्न गर्ने गरी श्री नवलक्ष्मी निर्मण सेवासंग २०७७।१२।१७ मा रु.११३०११४६०.१५ को सम्झौता भएको छ । उक्त योजनामा पाँचौ रनिङ् विलसम्म रु.३७१६२६६८.७२ खर्च भएको छ । अस्पताल निर्माण कार्यको शुरु म्याद १२ महिनाको रहेकोमा पटक पटक गरी पाँचौ पटक म्याद थप गरी योजना सम्पन्न गर्नुपर्ने अवधि २०८२।९।३० सम्म कायम भएको छ । यसरी अस्पताल निर्माण कार्यको शुरु म्यादको करिब ४०० प्रतिशत अवधि थप हुँदा समेत

वित्तीय एवं भौतिक प्रगति करिब ३३ प्रतिशत मात्र भएको छ। यसरी अस्पताल जस्तो नागरिकको स्वास्थ्य सेवामा प्रतक्ष्य प्रभाव पार्ने भवन समयमा सम्पन्न हुँन नसक्दा सेवा प्रवाहमा समेत असर पर्न सक्ने भएकोले पालिकाले समयमै कार्यसम्पन्न गर्नुपर्ने देखिन्छ ।

निर्माणाधीन अस्पताल

८३ **अग्रिम आयकरः** (७-2082-02-05):

आयकर ऐन, २०५८ को नियम ८८ मा वासिन्दा व्यक्तिले नेपालमा स्रोत भएको सेवा शुल्क भुक्तानी गर्दा कुल भुक्तानी रकमको पन्ध्र प्रतिशतका दरले कर कट्टी गर्नु पर्नेछ। गाउँपालिकाले विकास आयोजना सेवा केन्द्र (डिप्रोक्स नेपाल) लाई पर्चलाखोला झोलुङ्गे पुल निर्माण कार्यको परामर्श सेवा शुल्क वापत रु ७६६६६.०० भुक्तानी गरेकोमा उक्त संस्था मू.अ.करमा दर्ता समेत नभएकोले ऐनको व्यवस्था अनुसार १५ प्रतिशत कर रु ११४९९.०० कट्टि गर्नुपर्नेमा १.५ प्रतिशत रु ११४९ मात्र कर कट्टी गरेकोले नपुग कर रु १०३४९.०० असुल हुनुपर्ने रु

असुल गर्नुपर्ने	१०,३४९

८४ **परामर्श सेवा**

सार्वजनिक खरिद ऐन २०६३ को नियम ८ र ९ मा प्रतिस्पर्धात्मक प्रस्ताव माग गरी परामर्श सेवा खरिद गर्नुपर्ने, यस्तो खरिदमा आवश्यकताको पहिचान समेत गर्नुपर्ने व्यवस्था छ। बजेट व्यवस्था भई कार्यान्वियन हुने आयोजनाको मात्र गुरुयोजना, डीपीआर लगायतको अध्ययन गरी प्रतिवेदन तयार गर्नु पर्दछ । पालिकाले यो बर्ष स्वीकृत बार्षिक कार्यक्रम अनुसार निम्नानुसारका योजनाको DPR तयार गरेर परामर्श शुल्क बापत परामर्शदातालाई रु.५६ लाख १९ हजार भुक्तानी गरेको छ । यसरी खरिद गर्दा सो को आवश्यकता, खरिदमा मितव्ययिता, विभागीय जनशक्तिको परिचालन जस्ता पक्षमा विश्लेषण गरेको छैन। स्वीकृत बार्षिक कार्यक्रम अनुसार देहाय बमोजिमको कार्य परामर्शदाताबाट गराई प्रतिवेदन प्राप्त गरेको छ। यस्ता प्रतिवेदन खरिद गर्दा ती आयोजना एव कार्यक्रमको लागि बजेट व्यवस्था गरेर कार्यान्वयनमा जाने विषयमा समेत कार्यक्रमले ध्यान पुर्‍याएको छैन ।

कार्य विवरण	परामर्शदाता	स्वीकृत रकम	खर्च रकम	अध्ययनबाट निर्धारण भएको आयोजनाको लागत
बुलबुले खानेपानी योजना	Evren Consult pvt.ltd.	९०००००.	८८५०९५.१	१९१८१२२७.५
सानो शैलुंग जिपलाईन्	Darshan Builders and Developers Pvt.ltd.	७००००००.	६८५०११.६५	७७५०४५६.३८
घट्टेखोला रज्मंतार खानेपानी	Eva Engineering and Development	७००००००.	६८५३६७.६	१५२१२७५२.२३
पुदिगैराटोल सानो शैलुंग सडक	Ejora Nepal Pvt.ltd.	५०००००.	४८५०१८.६	१९३१४९९६०.८२
अल्छेढुंगा सिगार्चे खोला पक्कि पुल	Mainstream consultant and company pvt.ltd	१२०००००.	११९१५८९.५२	४८१४२६५७.२१
थापागाउ पुजाथान खोला पक्कि पुल	Integrated planning and solution pvt.ltd.	१२०००००.	११९२८८५.५	९५५०१६८८.४६
ब्रम्हाबिष्णु खोला स्लेट ढुंगा व्यबस्थापन IEE	D Tech Engineering Solution pvt.ltd.	६०००००.	४९४३७५.	
Total			५६१९३४३	

यस्तो अध्ययन कार्य गराउँदा लाग्ने खर्चको लागत अनुमान तयार गर्दा कुनै आधार नलिई स्वीकृत बजेट बमोजिमकै रकम खर्च गरेको उपयुक्त देखिएन । पालिकाले आयोजना एव कार्यक्रमको लागि बजेट व्यवस्था गरेर कार्यान्वयनमा जाने निश्चित आयोजना छनौट गर्ने,

आवश्यकता, खरिदमा मितव्ययिता, विभागीय जनशक्तिको परिचालन जस्ता पक्षमा विश्लेषण गरेरमात्र प्रतिस्पर्धात्मक विधिबाट परामर्श सेवा लिनु पर्दछ।

८५ **अधुरा योजना**

पालिकाले पालिका भित्र संचालित योजना कार्यान्वयन गर्दा स्वीकृत वार्षिक कार्यक्रम अनुसार तोकिएको समयमा सम्पन्न गर्ने गरी संचालन गरिनुपर्दछ। पालिकाले यस वर्ष थोरै बजेट विनियोजन गरी धेरै संख्यामा योजना छनोट गरेको र विनियोजित वजेटवाट सम्पन्न हुनै नसक्ने खालका योजना बनाएको छ। भवन तथा मन्दिर लगायत वाटो निर्माणका काममा जग तथा पिल्लरमात्र बनाएको, जग र एक साईडको वाल मात्र वनाएको, जग र पिल्लर वनाएकोमा छाना छाउने काम वाँकि भएको, सडक खनेर मात्रै छोडेको जस्ता एउटै योजनाको एक चौथाई वा आधा मात्रै कामको योजना सम्झौता गरी भुक्तानी गरेको देखिन्छ। आर्थिक वर्ष २०७९।८० का योजना हालसम्म नसकिएका र २०८१।८२ का अधुरा योजना सम्पन्न गर्न आर्थिक वर्ष २०८२।८३ मा पनि बजेट व्यवस्था गरेको पाईएन । यस प्रकारका योजना सम्पन्न नहुने तथा निर्माण सम्पन्न नहुदै भत्कने, विग्रने तथा उपयोग नहुने देखिएकोले पालिकाले वजेट विनियोजन गर्दा योजना सम्पन्न हुने गरी विनियोजन गर्ने र अधुरा योजना सम्पन्न गर्नेतर्फ ध्यान दिनुपर्दछ । केहि उदाहरण निम्न छन् ।

क्र.स	योजनाको नाम	हुनुपर्ने काम	भएको काम	बाकी रहेको काम	सुरु आ.व
१	चैनाखोला सामुदायिक भवन निर्माण	१ तलाको भवन निर्माण हुनु पर्ने	structure को काम मात्र भएको	रंगरोगनको बाकी	२०८१/०८२
२	पुडी सामुदायिक भवन निर्माण	२ तलाको भवन निर्माण हुनु पर्ने	column and slab को काम मात्र भएको	wall, plaster , door ,window ,colouring and wiring को काम बाकी	२०७९/०८०
३	नागी सामुदायिक भवन निर्माण	१ तलाको भवन निर्माण हुनु पर्ने	column and slab को काम मात्रै भएको	wall, plaster , door ,window , colour and wiring को काम बाकी	२०७९/०८०
४	मंसिरे सिनेडाडा सामुदायिक भवन निर्माण	१ तलाको भवन निर्माण हुनु पर्ने	Truss ,roof covering and floor PCC काम मात्रै भएको	wall, plaster , door ,window ,colouring and wiring को काम बाकी	२०८१/०८२
५	टार लामाटोल सामुदायिक भवन निर्माण	१ तलाको भवन निर्माण हुनु पर्ने	Truss ,roof covering को काम मात्रै भएको	wall, plaster , door ,window ,colouring and wiring को काम बाकी	२०८१/०८२
६	टांडी राम्चा सामुदायिक भवन निर्माण	१ तलाको भवन निर्माण हुनु पर्ने	structure को काम मात्र भएको	रंगरोगनको बाकी	२०७९/२०८०
७	डाडागाउँ सामुदायिक भवन निर्माण	१ तलाको भवन निर्माण हुनु पर्ने	structure को काम मात्र भएको	रंगरोगनको बाकी	२०७९/२०८०

८६ **सब कन्ट्रयाक्टर** (१६२-2082-03-20):

सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७ मा उपभोक्ता समिति वा लाभग्राही समुदायले पाएको काम आफैले सम्पन्न गर्नुपर्ने तथा कुनै निर्माण व्यवसायी वा सव कन्ट्र्याक्टरवाट गराउन नसकिने उल्लेख छ । कुनै कारणवश सो समिति वा समुदाय आफैले सम्झौता अनुसारको काम सम्पन्न गर्न नसक्ने भएमा सार्वजनिक निकायले समिति वा समुदायसँग भएको सम्झौता तोडी बाँकी काम ऐन र नियमावली बमोजिम गराउनु पर्ने उल्लेख छ । नमुना परीक्षण गर्दा यस पालिकाले पुँडिध्याङ्ग टेन्सिङ्ग सानो शैलुङ्ग सडक स्तरोन्नती उपभोक्ता समितिसँग रु.२७४५९३१.०० सँग सम्झौता गरेकोमा सम्बन्धित उपभोक्ता समितिले सम्झौता अनुसारको काम आफैले नगरी सब कन्ट्रयाक्टर एम वि पि कन्स्ट्रक्सन एण्ड मल्टिप्रपोज कम्पनीबाट काम गराई रु.२७३६५८८.२३ को मुल्यांकन गरी निर्माण व्यवसायीले पेश गरेको कर विजक रु.२७३५६४१.०० को आधारमा मु.अ.कर समेत रु.२४११२१५.०० भुक्तानी गरेको छ । यसरी समिति वा समुदाय आफैले सम्झौता अनुसारको काम सम्पन्न गर्न नसकेको अबस्थामा नियमको उक्त व्यवस्था अनुसार पालिकाले

स्वंयम ठेक्का मार्फत् काम गराउँदा प्रतिस्पर्धी दरमा काम गराउन सकिनेमा सो बमोजिम नगरी उपभोक्ता समिति मार्फत सब कन्ट्र्याक्टरले पेश गरेको बिलको रकम भुक्तानी दिंदा प्रतिस्पर्धा नहुने हुनाले राज्यलाई थप ब्ययभार परेको रु.

अनियमित भएको	२४,११,२१५

८७ **झोलुङ्गे पुलः** (२-2082-12-27):

सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२३(१) मा खरिद सम्झौता अनुसार सार्वजनिक निकायले रनिङ बिल वा अन्य कुनै बिल बिजकको भुक्तानी गर्दा प्राविधिक नापजाँच गरी नापी कितावमा उल्लेख भएको वास्तविक कार्यसम्पादनको आधारमा भुक्तानी गर्नुपर्ने व्यवस्था रहेको छ ।गाउँपलिकाले डोरपानी ब्रम्हा विष्ण झो.पु. निर्माण कार्य वापत उपभोक्ता समितिलाई गत आ व को भुक्तानी बाँकी रकम यस वर्ष रु.५६८३९४.०० भुक्तानी भएको छ । उक्त रकम भुक्तानी गर्दा उपभोक्ता समितिको २ वटा क्रमश. रु १३९३४६.८२ र रु ४२८९५७.४६ को २ वटा कार्यसम्पन्न प्रतिवेदन पेश भएकोमा उपभोक्ता संग भएको सम्झौता, लागत अनुमान लयातका विवरण पेश हुन आएन।एउटै योजनाको २ वटा कार्यसम्पन्न प्रतिवेदन पेश भएकोले सो सम्बन्धमा यकिन हुन सकेन। पेश भएको कार्यसम्पन्न प्रतिवेदनमा सिमेन्ट खरिद दुबै विलबाट देखिन्छ। त्यसै गरी ढुवानी खर्च समेत दुबै विलबाट देखिन्छ। पालिकाले सो सम्बन्धमा स्पष्ट हुने गरी लागत अनुमान, उपभोक्तासंग भएको सम्झौता र योजनाको कार्यसम्पन्न प्रतिवेदन पेश हुनुपनर्ने साथै रु.५६८३०४.००

प्रमाण पेश नगरेको	५,६८,३०४

८८ **प्रकोप व्यवस्थापन कोष** (३३-2082-03-19):

विपत प्रभावित घर परिवारलाई अस्थायी आवास निर्माण अनुदान मापदण्ड, २०८१ वुँदा ५(३) को व्यवस्था अनुसार अस्थायी आवासको पहिलो किस्ता रकम लिएर निर्माण सुरु गरी छाना छाउनुअघि वा सम्पन्न गरी लाभग्राहीले दोश्रो किस्ताको लागी निवेदन दिनुपर्ने र प्रकृया पुगेपछी लाभग्राहीको वैंक खातामा उपलव्ध गराउनुपर्ने उल्लेख छ । त्यस्तै वुँदा नं ३ मा लेखासहितको सम्पुर्ण विवरण सम्वन्धित स्थानीय निकायमा वुझाउनुपर्ने उल्लेख छ ।

जिल्ला प्रशासन कार्यालय रामेछापको च.नं. ३८०८।०८२।३।१ को पत्र अनुसार अस्थायी आवास टहरा निर्माणको लागी विपत व्यवस्थापन समितिको निर्णयका आधार अनुसार विपत प्रभावित घर परिवारलाई अस्थायी आवास निर्माण अनुदान मापदण्ड, २०८१ अनुसार कैफियत नआउने गरी लाभग्राही कायम गर्ने प्रयोजनको लागी रु.१६,००,००० (६४*२५०००) प्राप्त भएकोमा दोश्रो किस्ता मागको लागी निवेदन प्राप्त नभएको तथा पहिलो किस्ताको अद्यावधिक कामको प्रगती पेश भएको पाईएन । पालिकाले ४० जनालाई रु.२५००० का दरमा १० लाख वितरण गरेको र वाँकी ६ लाख पालिकाको खातामा नै रहेको देखिन्छ । दुई किस्तामा दिने कार्यक्रम रहेकोमा एक किस्ता मात्र लगी सो को प्रगती पालिकामा पेश नभएको तथा दोश्रो किस्ता रकम माग नभएको देखिन्छ ।

सुरक्षित नागरिक आवास समन्वय समितिको बैठकको निर्णय अनुसार जिल्ला प्रशासन कार्यालय रामेछापको पत्रवाट लाभग्राहीसँग सम्झौता भइसकेपछि प्रथम किस्ता रु. २५००० हजार र दोस्रो किस्ता रु. २५००० भुक्तानी हुने उक्त कार्यक्रमको सम्बन्धित स्थानीय तहले मासिक अनुगमन गरी कार्यान्वियनको प्रगति आवास निर्माणको व्यहोरा पालिकालाई बुझाउने निर्णय कार्यान्वियन सन्दर्भमा कुल ६४ घरधुरी पहिचान एवं स्वीकृत गरी कार्यक्रम पालिका मार्फत कार्यान्वियनमा आएकोमा ४० घरधुरीले प्रथम किस्ता रु. १० लाख भुक्तानी लिएको र बाँकी २४ घरधुरीले प्रथम किस्ता समेत लिन नआएकोमा प्रथम किस्ता लगेका अनुदानको निर्माण कार्य सम्पन्न नगरेको, प्रगती पेश नगरेको र दोश्रो किस्ताका लागि माग समेत नगरेकोले प्रथम किस्ता बापतको अनुदान कार्यान्वियनको सम्झौतामा तोके अनुसारका फर्छ्यौटका कागजातहरु समेत पेश भएको देखिएन । साथै उक्त अनुदानको पालिकाबाट निर्माण कार्यको अनुगमन गरी प्रगति प्रतिवेदन समेत तयार भएको छैन । नियम अनुसार प्रथम किस्ता अनुदान लिएका घरधनीले तोके बमोजिमको रकम आवास निर्माण कार्यमा उपयोग गएको निश्चित हुने आधार समेत देखिएन । अत: प्रथम किस्ता भुक्तानी लिएका लाभग्राहीको अनुगमन गरी उक्त किस्ताको अनुदान सुरक्षित आवासका लागि उपयोग नगरी दोस्रो किस्ता नै माग नगर्ने लाभग्राहीबाट सम्झौता अनुरुप भएको प्रथम किस्ताको रकम रु १०००००० फिर्ता हुनुपर्ने र पालिकामा वचत रहि निष्कृय रहेको रकम ६००००० समेत कुल रु.१६,००,००० असुल हुनुपर्दछ ।

८९ **गाउँपालिकाको योगदानः** (२-2081-12-27):

सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२३(१) मा खरिद सम्झौता अनुसार सार्वजनिक निकायले रनिङ बिल वा अन्य कुनै बिल बिजकको भुक्तानी गर्दा प्राविधिक नापजाँच गरी नापी कितावमा उल्लेख भएको वास्तविक कार्यसम्पादनको आधारमा भुक्तानी गर्नुपर्ने व्यवस्था रहेको छ । गाउँपलिकाले डोरपानी ब्रम्हा विष्ण झो.पु. निर्माण कार्यको स्विकृत लागत अनुमान अनुसार उपभोक्ता समितिको रु.९१७५६.०० योगदान रहने र गाउँपालिकाको ५९६४१८.७० व्यहोर्ने र अन्य लागत SWAP बाट खर्च लेख्ने गरी सम्झौता भएकोमा यस वर्ष उपभोक्ता समितिको २ वटा बिलबाट रु. ३३३४९२३.९ को कार्यसम्पन्न भएकोमा उपभोक्ता समितिको रु ९१७५६.०० योगदान कट्टी गरी बाँकी रकम संघीय सशर्त अर्थात SWAP तर्फको श्रोतबाट मात्र खर्च लेखेको देखिएकोले गत वर्ष पालिकाको श्रोतबाट खर्च लेखेको भएमा सो को प्रमाण पेश हुनुपर्ने अन्यथा रु ५९६४१८.०० संघीय संचितकोष दाखिला गरेको प्रमाण पेश हुनुपर्ने रु.

प्रमाण पेश नगरेको	५,९६,४१८

९० **बढी भुक्तानी**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १० मा सार्वजनिक निकायले निर्माण कार्यको लागत अनुमान तयार गर्दा निर्माण सम्बन्धी स्वीकृत नर्म्स बमोजिम लागत अनुमान तयार गर्नुपर्ने उल्लेख छ ।गाउँपालिकाले कतिपय आईटममा लागत अनुमान तयार गर्दा स्विकृत नर्म्स भन्दा फरक पारी लागत तयार गरी सोहि अनुसार भुक्तानी गरेको पाईयो । त्यस्तै आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली २०७७ को नियम ३९ मा सरकारी रकमको भुक्तानी गर्दा रीत पुगे नपुगेको जाँच गरी विल भरपाईका साथ लेखा राख्नुपर्ने उल्लेख छ । पालिकाले निम्नानुसार योजनामा सिँढी निर्माण कार्य उपभोक्ता समिति मार्फत् गराएकोमा पि सि सि १:२:४ एम १५ को जिल्ला नर्म्स र जिल्ला दर रेट अनुसार रु.१२४९७ प्रति घ. मि. कायम हुनेमा पालिकाले रु.१५५९९ का दरमा भुक्तानी दिएको देखिएकोले प्रति घ मि रु. ३१०२ का दरमा बढी भुक्तानी भएको रकम सम्वन्धित उपभोक्ता समितिवाट असुल हुनुपर्ने रु.५,३३,०७९

गो भौ नं	उपभोक्ता समिति र योजना	भुक्तानी	भुक्तानी परिमाण घ मी	भुक्तानी दर	नर्मस् अनुसार दर	बढी दर	बढी भुक्तानी रकम
४७।१२। १८	माथिल्लो चौरटोल खाङ्गथोङ्ग वि क टोल सिढी निर्माण वडा नं५	२२५२७०	८	१५५९९	१२४९७	३१०२	२४८१६
४५।१२। २८	गागीवाल पौवा सिढी निर्माण गलपा सडक	१६६०५२	७	१५९९९	१२४९७	३१०२	२१७१४
५०।१२। १९	सुवेदारटोल गैराघर सिढी निर्माण वडा नं ७	२२१४६०	८.६८	१५९९९	१२४९७	३१०२	२६९२५
१०४।३। ३	विरवहादुर घरमुनी देखी सडकसम्म सिढी निर्माण	२६४८४९	१०.०५	१५९९९	१२४९७	३१०२	३११७५
१६०।३। २०	टासी छ्योलिङ् गुम्वा भवन वडा नं १	३८५४५६	१०.८४	१५९९९	१२४९७	३१०२	३३६२६
१५।८। ११	टि वि टी सिढी निर्माण उपभोक्ता समिति वडा नं २	२८२२३२	११.०८	१५५९९	१२४९७	३१०२	३४३७०
१९।९।८	छेपिडाडा वौद्ध गुम्वा स्तुपा घेरावार तथा सिढी निर्माण वडा नं७	३६३९९२	१४.४	१५९९९	१२४९७	३१०२	४४६६९
५२।१२। २८	भडारे तल्लो वस्ती सिढी निर्माण वडा नं २	२७८८५२	१२.०२	१५९९९	१२४९७	३१०२	३७२८६
४८।१२। २७	चौकीडाडा आहालखोला सिढी निर्माण	२९०५६२	११.५५	१५९९९	१२४९७	३१०२	३५८२८
५८।१२। २८	डाडागाउँ पिपलडाडा सिढी निर्माण वडा नं ७	२६६८०३	१२.४	१५९९९	१२४९७	३१०२	३८४६५
६५।१२। २९	ठाडोमाने लाईटार कामधुने सिढी निर्माण वडा नं ५	३७४९९४	१६.२६	१५५९९	१२४९७	३१०२	५०४३९
९३।२।६	कोलमुनीटोल भुमिथान सिढी निर्माण वडा नं २	२८८०२८	१०.२	१५९९९	१२४९७	३१०२	३१६४०
८७।१। २३	पसलमुनी गैह्रीगाउँ रुपधारा भैसी आहाल सिढी निर्माण वडा नं२	२९०६८५	१२.८२	१५९९९	१२४९७	३१०२	३९७६८
९६।२। १८	चौताराडाडा स्कुलडाडा सिढी निर्माण वडा नं २	२७०५४४	११.५५	१५९९९	१२४९७	३१०२	३५८२८
१०२।२। ३०	पूँडी डाडाखोला काफलडाडा सिढी वडा नं ७	३६०४९५	१५	१५९९९	१२४९७	३१०२	४६५३०
	जम्मा						५३३०७९

असुल गर्नुपर्ने	५,३३,०७९

९१ **बीमा नगराएको**

सार्वजनिक खरिद नियमावली २०६४ को नियम ११२ मा निर्माण व्यवसायी तथा उपभोक्ता समितिहरुले बीस लाख भन्दा बढी लागत अनुमान भएको निर्माण कार्य गर्दा निर्माण सामाग्री मेशिन औजार वा प्लाण्ट लगायत निर्माण कार्यको पूर्ण प्रतिस्थापन खर्च विमा गराउनु पर्ने उल्लेख छ। निर्माण व्यवसायीले २० लाख माथी ठेक्काको वीमा गरेको भएपनि ठेक्का म्याद थप पश्चात मर्मत अवधि कभर गर्ने गरी

बढी अवधि थप नगरेको र उपभोक्ता समितिहरुले वीमा गरेको देखिएन । सम्भावित जोखिम बहन गर्न नियमको व्यवस्था अनुसार ठेक्काको त्रुटी सुधार अवधिकभर गर्नेगरी ठेक्काको म्याद थपसँगै विमाको म्याद थप्नु पर्ने र उपभोक्ता समितिहरुले बीस लाखभन्दा माथिको कार्यको विमा गराउनु पर्दछ । विमा नगरी उपभोक्ता समितिबाट निर्माण कार्य गराएका केहि उदाहरण निम्नानुसार छन् ।

योजना	जम्मा भुक्तानी रकम
सानो शैलुंग पार्किंग निर्माण	२१०००००
ढुङ्गे तामचेत गौश्वारा सडक स्तरोउन्नती	२१५००००
पासेवन बस्के खोला खर्क सडक ट्र्याक ओपन	२४५००००
बोजेलेक सादीखोला सुर्के सडक स्तरउन्नती	२२०००००
पुँडिघ्याङ टेक्सिङ सानो शैलुङ सडक स्तरउन्नती	२४९५०००

९२ **पालिकाको कार्यालयको काम उपभोक्ता समितिवाट गराएको**

सार्वजनिक खरिद ऐन, २०६३ को दफा ४४ मा काममा मितव्ययी, गुणस्तरीय, रोजगारी श्रृजनागर्ने तथा दिगोपना हुने भएमा त्यस्ता आयोजना उपभोक्ता समितिमार्फत गराउन सकिने उल्लेख छ। साथै सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७(१२) मा उपभोक्ता समितिमार्फत गराएको कार्य सम्पन्न भएपछी सार्वजनिक निकायले सोको रेखदेख, मर्मत सम्भार गर्ने जिम्मेवारी समेत तोकी आयोजनाको स्वामित्व उपभोक्ता समितिलाई नै हस्तान्तरण गर्नुपर्ने उल्लेख छ। कार्यालयले प्रतिस्पर्धात्मक खरिद विधिवाट निर्माण गर्नुपर्ने, आफै निर्माण गर्नुपर्ने पालिकाको सम्पत्ती भवन निर्माण तथा मर्मतको काम उपभोक्त समितिलाई निर्माणको जिम्मा दिई रु.१५४१७६८ भुक्तानी गरेको पाईयो । उपभोक्ता समिति मार्फत् कार्य गराउँदा लाभ प्राप्त गर्ने र दिगोपना आउने योजनाको कार्य गर्न दिनुपर्नेमा हस्तान्तरण गर्न नमिल्ने र प्रतिस्पर्धाको लागी कोटेशन वा बोलपत्र आव्हान गरी गर्नुपर्ने कार्यहरु समेत उपभोक्ता समितिमार्फत गराएको पाइयो। नियमावलीमा भएको व्यवस्थाको प्रतिकूल हुने गरी लाभग्राही समुदायमार्फत भवन निर्माण कार्य गराउनु नियमसम्मत नदेखिएको रु.

गो भौ नं	योजना	भुक्तानी रकम	कैफियत
५८।३। २०	थापागाँउ सामुदायिक स्वास्थ्य इकाइ भवन निर्माण र सवलिकरण उपभोक्ता समिति	९६९६१०	खरिद तथा निर्माणका काम (वडा नं ७)
१७२। ३।२१	अन्तराष्ट्रिय वर्ष मा वि खेल मैदान निर्माण उपभोक्त समिति	५७२१५८	शैलुङ्गेश्वरी चौरीखोला कन्स्ट्रक्सन कम्पनीमार्फत् काम गराएकोमा ६४८००६.५१ को कर विजक संलग्न
		१५४१७६८	

अनियमित भएको	१५,४१,७६८

९३ **कार्यसम्पन्न नहुँदै कार्यसम्पन्न प्रतिवेदन जारी भएको** (१०२-2082-03-03):

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७(१०) मा उपभोक्ता समितिले पाएको काम समयमा नसक्ने भएमा सोको जानकारी कार्यालयलाई गराउनु पर्ने र कार्यालयले आवश्यक जाँच गरी समितिसँग भएको सम्झौता तोडी बाँकी काम ऐन र नियमावली बमोजिम गराउनु पर्ने उल्लेख छ । पालिकाले दोरम्वा नर्सरी डाँडाँकटेरी सडक वडा नं २ निर्माणको लागी उपभोक्ता समितिसँग ५०९०६१.९९ को लागत अनुमान तथा सम्झौता गरी काम गराएकोमा २४७४१६.०५ मात्र मुल्यांकन गरी भुक्तानी दिएको छ । उक्त कामको लागी निर्माण व्यवसायी सय थुम्का कन्स्ट्रक्सन को रु.२४७५२५ को विल संलग्न भएको पाईयो । सम्झौताको ५२ प्रतिशत काम भएकोमा वाँकी ४८ प्रतिशत काम अर्थात् रु.२६१६४५.९४ को काम नभएको अवस्थामा पालिकाले कार्यसम्पन्न प्रतिवेदन तयार गरी अन्तिम भुक्तानी गरेकोमा वाँकी काम पुन: नयाँ उपभोक्ता समिति मार्फत् कार्य गराउनुपर्ने देखियो । यसरी पालिकाले नियममा भएको व्यवस्था विपरित कार्यस्विकार प्रतिवेदन जारी गरी अन्तिम भुक्तानी गरेको नियमसम्मत देखिएन ।

९४ **धरौटी फिर्ता**

आर्थिक कार्यविधी तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७७ को नियम ६६(१) कार्यालयमा जम्मा गरेको धरौटी नियम ६५ वमोजिम राजश्व दाखिला नहुने भएमा त्यस्तो धरौटी रकम सम्बन्धित व्यक्तिले फिर्ता पाउने व्यवस्था छ । त्यस्तै सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२४ (२) क (१) मा निर्माण कार्यको कम्तिमा असि प्रतिशत काम सम्पन्न गरेको, काम सन्तोषजनक भएको र निर्धारित समयमा सम्पन्न हुने सुनिश्चित भएमा रिटेन्सन मनी बापत बैंक जमानत पेश गरी रिटेन्सन मनी फिर्ता मागेमा त्यस्तो रिटेन्सन मनी फिर्ता दिन सक्ने उल्लेख छ । पालिकाले खाँडादेवी विल्डर्स एण्ड कन्सलेटेन्सी प्रा ली को धरौटी रु.८४५६१ फिर्ता दिँदा सम्वन्धित फर्म वा व्यवसायीले कर कार्यालयमा आय विवरण समेत पेश गरेको प्रमाण पेश नभएकोले उल्लेखित कर चुक्ता प्रमाण पत्र र मूल्य अभिवृद्धि समायोजन पत्र पेश हुनुपर्ने रु.

प्रमाण पेश नगरेको	८४,५६१

९५ **सामाजिक सुरक्षा कार्यक्रमः**

सामाजिक सुरक्षा भत्ता वितरण गर्दा सामाजिक सुरक्षा ऐन-२०७५, सामाजिक सुरक्षा नियमावली २०७६, विद्युतीय प्रणालीबाट सामाजिक सुरक्षा भत्ता भुक्तानी रणनीति-२०७४, सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि-२०७७को प्रावधान बमोजिम गर्नुपर्ने व्यवस्था छ । पालिकालाई सामाजिक सुरक्षा संरक्षण कार्यक्रमको लागि यो रु. १२११०९२५०.०० खर्च भएको आर्थिक विवरण पेश भएको छ । यस सम्बन्धमा देखिएको व्यहोराहरु निम्नानुसार छन् ।

९५.१ **निष्कृय लाभग्राहीः** सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को बुँदा २३(५) मा सामाजिक सुरक्षा भत्ता वितरण गर्न खाता सञ्चालन गर्ने बैंक तथा वित्तीय संस्थाले यस प्रकारका खाताहरुमध्ये निष्कृय खाताको विवरण प्रत्येक श्रावण महिनाभित्र सम्बन्धित स्थानीय तहका साथै सामाजिक सुरक्षा तथा पञ्जीकरण विभागलाई दिनुपर्ने व्यवस्था रहेको छ । पालिकाले गत विगत आ.व. मा निष्कृय रहेको एकमुष्ट विवरण सम्बन्धित बैंकबाट प्राप्त गरेको छैन । कार्यविधि बमोजिम सामाजिक सुरक्षा भत्ता वितरण गर्ने बैंकहरुले निष्कृय खाताको विवरण तोकिएको समयावधिमा तयार गरी पालिकालाई उपलब्ध गराउने र स्थानीय निकायले पनि समयमा नै विवरण प्राप्त गर्नेतर्फ ध्यान दिनु पर्दछ ।

९५.२ **निरीक्षण तथा अनुगमनः** सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को दफा २७ बमोजिम नेपाल सरकारको सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले नियमित, केन्द्रीय पञ्जीकरण विभागले बिशेष सूचक बनाई, प्रदेश सरकारको मन्त्रालय तथा गाउँ कार्यपालिकाका अध्यक्ष वा नगर कार्यपालिकाका प्रमुख वा स्थानिय तहका प्रमुख प्रशासकिय अधिकृतले भत्ता वितरण कार्य प्रक्रियाको निरीक्षण तथा अनुगमन गर्नुपर्ने व्यवस्था भएता पनि यस वर्ष सम्बन्धित निकायले कार्यविधि अनुसार अनुगमन तथा निरीक्षण गरेको पाइएन ।

९५.३ **पारदर्शिता :** सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को दफा ३२(३) बमोजिम पारदर्शिता प्रवर्द्धनका लागि सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लागग्राहीहरुको नाम नामेसी सम्बन्धित स्थानीय तहले आफ्नो वेभ साइटमा राख्ने व्यवस्था भएकोमा पालिकाले सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लाभग्राहिको विवरण आफ्नो वेभसाइटमा राखेको देखिएन ।

९५.४ **मृत्यु भएका सेवाग्राहीलाई भत्ताः** सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि,२०७७ को बुँदा नं ९ मा सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लाभग्राहीको योग्यता सम्बन्धमा व्यवस्था छ साथै सामाजिक सुरक्षा नियमावली, २०७६ को नियम १३ मा सामाजिक सुरक्षा भत्ता पाईरहेका व्यक्तिको नाम हटाउने र उपनियम ४ मा ऐन विपरित हुने गरी भत्ता . लिएको पाईएमा सरकारी बाँकी सरह असुल गर्नुपर्ने व्यवस्था छ । पालिकाबाट सामाजिक सुरक्षा कार्यक्रमलाई प्रभावकारी रुपमा सञ्चलान गर्न नियमित रुपमा अनुगमन गर्नुपर्ने, केन्द्रिकृत सूचना प्रणालीमा प्रविष्टि गरी अधावद्यिक गर्ने जिम्मेवारी सामाजिक सुरक्षाको अख्तियारी पाउने सम्वन्धित स्थानीय निकायको हुने व्यवस्था गरेको छ।तर पालिकाले दोहोरो परेको र मृत्यु भइसकेका केही लाभग्राहीको लगत कट्टा नगरी भत्ता खर्च लेखेको छ । पालिकाबाट पेश भएको मृत्यु दर्ताको आधारमा मानी नमुना छनौट गरी परीक्षण गर्दा निम्नानुसारको लाभग्राहीलाई पाउने रकम भन्दा बढी रू. १६६०१०।- रकम भुक्तानी दिएको देखिएकोले उक्त रकम सम्बन्धितबाट असुल गर्नुपर्ने देखिएको रु

सि.नं.	परिचय पत्र नं	नाम	बैंक खाता नं	भुक्तानी भएको	भुक्तानी हुनुपर्ने	बढी भुक्तानी	कैफियत
1	2002123214409	PASANG TAMANG	26107010002331	48000	40400	7600	
2	2010052505515	Yam Lal Yonjan	26107010062462	48000	36700	11300	
३	2001031203033	PAMPHA KUMARI SHRESTHA	26107010004083	12000	4700	7300	
४	2023072100795	Naina Basel	26107010072432	31920	31920	0	दोहोरो परेको
५	2023072100753	Naina Basel	26107010068378	7980	0	7980	
६	2004123217911	Sher Bahadur Magar	26107010002477	48000	40600	7400	
७	2013022001128	THULI MAYA TAMANG	26107010004357	36000	0	36000	दोहोरो परेको
८	2006101801574	yaga bhadur shrestha	26107010002793	48000	40000	8000	
९	1999020702264	birkha bhadur tamang	26107010003088	48000	21500	26500	
१०	1999020801256	Urgan Tamang	26107010003510	48000	44000	4000	
११	2008123108517	Maag Maya Tamang	26107010002179	24000	14000	10000	
1२	1995123176166	CHANDRA BAHADUR TAMANG	26107010002961	12000	4000	8000	
1३	2019020700421	KALI THAMI	26107010003677	31930	0	31930	
जम्मा						166010	

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२७** को निर्णयले रू **६,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२७** को निर्णयले रू **४,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२७** को निर्णयले रू **३९,२००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२७** को निर्णयले रू **८,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२७** को निर्णयले रू **१०,५००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

असुल गर्नुपर्ने	१,६६,०१०

संपरीक्षणबाट थप भएको बेरूजू

क्र.सं.	बेरुजुको विवरण	रकम
१	१५ शैया अस्पताल निर्माण बढी भुक्तानीः सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२३(१) मा खरिद सम्झौता अनुसार सार्वजनिक निकायले रनिङ बिल वा अन्य कुनै बिल बिजकको भुक्तानी गर्दा प्राविधिक नापजाँच गरी नापी कितावमा उल्लेख भएको वास्तविक कार्यसम्पादनको आधारमा भुक्तानी गर्नुपर्ने व्यवस्था रहेको छ ।गाउँपालिकाले १५ शैया अस्पताल निर्माण कार्यमा निर्माण व्यवसायी आरोग्य-सुवेदी जे भीलाई चौथो रनिङ् बील भुक्तानी गर्दा providing mixing with concrete mixer machine compacting with vibrator and cutting plain cement concrete M20 मा नापी किताब अनुसार ६०४.४६ घनमिटरको भुक्तानी गर्नुपर्नेमा ६३२.७१ घनमिटरको भुक्तानी भएकोले प्रति घनमिटर रु १४५०० का दरले २८.२५ घनमिटरको रु ४०९६२५ र सो मा लाग्ने मू.अ.कर समेत रु. ४६२८७६।- सम्बन्धित निर्माण व्यवसायीबाट असुल गर्नुपर्ने रु	४,६२,८७६

अनुसूचीहरू

अनुसूची - १

आर्थिक कारोबारको स्थिति

आर्थिक बर्ष: २०८१/८२

कार्यालय र स्थान : दोरम्बा शैलुङ गाउँपालिका, रामेछाप , दोरम्बा शैलुङ गाउँपालिका , रामेछाप

पद	नाम	कार्यकाल सुरु मिति	कार्यकाल समाप्त मिति
कार्यालय प्रमुख	Naresh Mahato	२०८०-८-१३	हाल सम्म कार्यरत
लेखा प्रमुख	Santa Bahadur Chauhan	२०८२-०२-१०	हाल सम्म कार्यरत
लेखा प्रमुख	Laxmi Raj Joshi	२०८१-१२-१९	२०८२-०२-०९

बेरुजु वर्गीकरण:

असूल गर्नुपर्ने	अनियमित भएको	प्रमाणका कागजात पेश नभएको	जिम्मेवारी नसारेको	सोधभर्ना नलिएको	जम्मा पेश्की
१,७२४,४११	६,९३५,४४४	५,२८०,४७७.१३	०	०	०
प्रारम्भिक प्रतिवेदनबाट देखिएको बेरुजू रु.					१३,९४०,३३२.१३
प्रारम्भिक प्रतिवेदन उपर फछ्र्यौट गरी संपरीक्षण भएको रकम रु.					१,२३७,१४४
संपरीक्षणबाट थप भएको बेरुजू रु.					४६२,८७६
लेखापरीक्षण प्रतिवेदनमा कायम बेरुजू रु.					१३,१६६,०६४.१३

स्थानीय तह :

गत बर्षको जिम्मेवारी		११५०८९६६८	
आम्दानी		खर्च	
संघीय सरकारबाट अनुदान	५००५४८७३६	चालु खर्च	२८५३२८८२३
प्रदेश सरकारबाट अनुदान	७२९१४०००	पूँजीगत खर्च	१६८०५९४७७
राजश्व बाँडफाँट	१०८०५८२३५	वित्तीय/अन्य व्यवस्था	२०३४५१६२१
आन्तरिक आय	६३८९८९७.०		
अन्य आय	२२२८६४६८		
कुल आय	७१०१९७३३६.०	कुल खर्च	६५६८३९९२१
बाँकी मौज्दात		१६८४४७०८३	

अनुसूची - २

बेरूजु दफा २ सँग सम्बन्धित विवरण - अनुसूची - ३

दोरम्बा गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय, रामेछाप

कार्यालयको कोड : ८०३२४५०४३००

वित्तीय प्रतिवेदन

प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (बजेट र गैरबजेट निकाय)

आ.व. : २०८१/८२ अवधी : २०८१/०४/०१ - २०८२/०३/३२

क्र.स./आर्थिक सङ्केत	विवरण	चालु आ.ब.को कारोबार	गत आ.ब. को कारोबार
	राजस्व, अनुदान र अन्य प्राप्ति		
११०००	कर	१०,५९,२६,३६८.५९	४,१२,४५,७३५.४२
१३०००	अनुदान	३६,०४,९६,७७३.४८	३४,७१,५४,३१६.६६
१४०००	अन्य राजस्व	४७,०५,८९२.२०	५६,७८,५५९.५९
१५०००	विविध प्राप्ति	१,१८,४५०.००	८५,३२१.००
क	कुल जम्मा प्राप्ति	४७,१२,४७,४८४.२७	३९,४१,६३,९३२.६७
३	चालु	२८,१२,९९,७८०.६४	२७,४३,४८,९४५.००
२१०००	पारिश्रमिक / सुविधा	१९,५०,६०,७३६.३२	१४,३४,७३,७६०.३७
२२०००	मालसामान तथा सेवाको उपयोग	७,७३,५१,५४८.३२	१२,७३,९७,७३९.६३
२५०००	सहायता (Subsidy)	८३,७०,५५६.००	७९,५२७.००
२७०००	सामाजिक सुरक्षा	१,४६,९४०.००	२८,७९,०६८.००
२८०००	अन्य खर्च	३,७०,०००.००	५,१८,८५०.००
४	पूंजीगत	१४,७०,६३,७१४.००	१६,४०,९५,९१६.९३
३१११०	भवन तथा संरचना	१,१२,४८,७४३.००	४८,००,६५१.००
३११२०	सवारी साधन, मेशिनरी औजार, फर्निचर्स तथा फिक्चर्स	४३,५६,१२५.००	४,२८,२७०.००
३११३०	अन्य पूँजीगत खर्च	१३,९३,९६६.००	४,९१,००७.००
३११५०	सार्वजनिक निर्माण	१२,६८,४०,६४६.००	१५,४७,८६,४१०.९३
३११६०	निर्मितसरचनाको सुधार खर्च	३२,२४,२३४.००	३५,८९,५७८.००
ख)	कुल जम्मा भुक्तानी	४२,८३,६३,४९४.६४	४३,८४,४४,८६१.९३
ग)	बचत /कमी (ग = क-ख)	४,२८,८३,९८९.६३	(४,४२,८०,९२९.२६)
घ)	धरौटी, आकस्मिक कोष लगायतका अन्य कोषको मौज्दातको थप/घट (+/-)	१,०७,५४,५७१.६८	(८९,१७,४५२.००)
घ.१)	कट्टी रकम भुक्तानी/दाखिला गर्न बाँकी		(२,६१,४५७.००)
ङ)	यस आ.ब.को नगद तथा बैंक मौज्दात (बचत /(कमी)) (ङ = ग+घ)	५,३६,३८,५६१.३१	(५,३१,९८,३८१.२६)
च)	गत आ.व.को नगद तथा बैंक मौज्दात	७,३५,१९,२४७.०९	१२,६४,५६,८११.८०
छ)	विनिमय नाफा/घाटा तथा अन्य समायोजन		

ज)	आ.व. अन्तको बाँकी नगद तथा बैंक मौज्दात (ज= ङ+च+छ)	१२,७१,५७,८०८.४०	७,३२,५८,४३०.५४

बेरूजु दफा ३.१ सँग सम्बन्धित विवरण - अनुसूची -४

प्रारम्भिक प्रतिवेदनमा यस दफामा संलग्न गरिएको पालिकाको एकीकृत वार्षिक प्रतिवेदन (म. ले. प. फाराम नं. २७०) हाल यसै प्रतिवेदनको दफा नं. २ संग सम्बन्धित अनुसूचिमा समावेश गरिएको छ ।

सुझाव

गाउँपालिकाद्वाराप्रदान गरिने सेवालाई छिटो, सरल, सुलभ र गुणस्तरीय बनाई स्थानीय जनताको जीवनस्तरमा सुधार ल्याउन यस पालिकाले कानुन तथा नीति निर्माण, साधन स्रोतको प्रभावकारी परिचालन, विकास प्रशासन, राजस्व परिचालन, नियमित सेवा प्रवाह, आर्थिक प्रशासन लगायतका विषयमा तपसिल अनुसारका सुधार गर्नुपर्दछः

- वित्तीय हस्तान्तरण र राजस्व बाँडफाँटबाट प्राप्त हुने रकम सम्बन्धित मार्गदर्शनमा तोकिएबमोजिम विनियोजनमा कुशलता, कार्यान्वयनमा दक्षता र अपेक्षित नतिजा प्राप्त हुने गरी बजेट विनियोजन गरी समयमै पारित गर्नुपर्दछ।
- आन्तरिक आयका क्षेत्रहरू पहिचान गरी आन्तरिक आय वृद्धि गर्नुपर्दछ। कार्ययोजना तयार गरी विगतका आय बक्यौता असुल गर्ने व्यवस्था गर्नुपर्दछ।
- नेपालको संविधानको धारा ५९ को उपधारा ७ मा सङ्घ, प्रदेश र स्थानीय तहको बजेट घाटा व्यवस्थापन तथा अन्य वित्तीय अनुशासन सम्बन्धी व्यवस्था संघीय कानुन बमोजिम हुने उल्लेख भएकोमा पालिकाले यस सम्बन्धी कानुन निर्माण गर्दा संघीय कानुनसँग सामाञ्जस्यता हुने गरी बनाउनुपर्दछ ।
- स्थानीय तहका पदाधिकारी तथा सदस्यहरूको सुविधा सम्बन्धी ऐन अनुसार मात्र पदाधिकारीलाई तोकिएको सुविधा व्यवस्था गर्नुपर्दछ।
- स्थानीय सेवा ऐन र नियम अनुसार सङ्गठन तथा व्यवस्थापन सर्वेक्षणको आधारमा सङ्गठन संरचना निर्माण गरी स्थायी पद सिर्जना, पद दर्ता र पदपूर्ति गरी कर्मचारी व्यवस्थापन गर्नुपर्दछ।
- भौगोलिक अवस्था, स्रोतको उपलब्धता, सेवा प्रवाहको अवस्थासमेतका आधारमा कानुन बमोजिम जनशक्ति व्यवस्थापन गर्नुपर्दछ । पदाधिकारी तथा कर्मचारीहरूको क्षमता विकास गरी कार्यसम्पादनमा प्रभावकारिता ल्याउन प्रशिक्षण तथा तालिमको व्यवस्था गर्नुपर्दछ।
- अनुदान दिने विषय, क्षेत्र, वर्ग, समूहबारे कानुनबाट नै स्पष्ट गरी अन्तिम प्रयोगकर्तालाई प्रत्यक्ष फाइदा पुग्ने तथा उत्पादन र उत्पादकत्वमा वृद्धि हुने गरी अनुदान प्रदान गर्नुपर्दछ।अति विपन्न र न्यून आय वर्गलाई सेवामा पहुँच दिन प्रदान गरिने सुविधा सोही वर्गमा पुगेको सुनिश्चित गर्न सो प्राप्त गर्नेको विवरण सार्वजनिकीकरण गर्नुपर्दछ ।
- एउटै प्रकृतिको काममा समेत लागत अनुमान टुक्र्याई सोझै खरिद गर्ने, पूर्वानुमान गर्न सकिने अवस्थामा पनि लागत अनुमान यथार्थपरक तवरले तयार नगरी भेरिएसनबाट थप कार्य गराउने प्रवृत्तिमा नियन्त्रण गर्नुपर्दछ।
- खरिद सम्झौताको निर्धारित समयमा ठेक्काको काम सम्पन्न गर्नुपर्दछ। म्याद थप कार्यलाई वस्तुनिष्ठ र तथ्यमा आधारित बनाउनुपर्दछ।निर्माण व्यवसायी वा उपभोक्ताबाट भएको निर्माण कार्यको विस्तृत विवरण देखिने गरी तोकिएको ढाँचामा अभिलेख राख्नुपर्दछ।
- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८(५) बमोजिम स्थानीय तहले सार्वजनिक सेवा प्रवाहलाई पारदर्शी, उत्तरदायी र जवाफदेही बनाउन सार्वजनिक तथा सामाजिक परीक्षण र सार्वजनिक सुनुवाइ गर्नुपर्दछ।

- स्थानीय तहले आन्तरिक आयको परिधिभित्र रही मापदण्डका आधारमा आर्थिक सहायता वितरण गरी प्राप्त गर्नेको नाम सार्वजनिक गर्नुपर्दछ। त्यसैगरी अनुत्पादक र वितरणमुखी कार्यक्रममा गरिने खर्च घटाउनुपर्दछ।

- आधारभूत तथा माध्यमिक तहका विद्यालयहरूमा प्रचलित नियमले तोकेअनुसार शिक्षक विद्यार्थी अनुपातको आधारमा शिक्षक संख्या कायम गरी बढी भएका शिक्षकहरू समायोजन गर्नुपर्दछ।

- एकीकृत शैक्षिक व्यवस्थापन सूचना प्रणालीमा रहेका विद्यार्थी संख्याको आधारमा दिवा खाजा, छात्रवृत्ति, पाठ्यपुस्तक र अन्य अनुदान रकम विद्यालयलाई निकासा दिनुपर्दछ ।

- बजेट तर्जुमा पूर्व नै अनुमान गर्न सकिने शीर्षकमा समेत अर्थ विविध वा अबण्डामा बजेट राख्ने र वर्षान्तमा रकमान्तर गरी खर्च गर्ने परिपाटी नियन्त्रण गर्नुपर्दछ।

- पूर्व तयारीका कार्य सम्पन्न भएका आयोजनामा मात्र बजेट विनियोजन गर्नुपर्दछ। स्रोतको सुनिश्चितताबेगरका कार्यक्रम/ आयोजनामा आगामी वर्षको लागि दायित्व सिर्जना गरी भुक्तानी बाँकी राख्ने कार्यमा नियन्त्रण गर्नुपर्दछ।

- कार्यालय तथा अस्पताल भवन, सडक, सिँचाइ, खानेपानी जस्ता आयोजनाहरू कार्यान्वयन गर्दा स्पेसिफिकेशनले तोकेको संख्यामा निर्माण सामग्रीहरूको गुणस्तर परीक्षण गराउनुपर्दछ। साथै रनिङ्ग बिलसाथ गुणस्तर परीक्षण प्रतिवेदन संलग्न गरेर भुक्तानी दिनुपर्दछ।

- उपभोक्ता समितिबाट काम गराउँदा खरिद सम्झौतामा तोकिए बमोजिमको जनसहभागिताको अंश समितिबाट व्यहोर्ने गरी सम्झौता गरेकोमा कतिपय काममा सो अंश व्यहोरेको यकिन नगरी भुक्तानी दिएकोले सम्बन्धित कर्मचारीलाई जवाफदेही बनाउनुपर्दछ ।

- जटिल प्रविधि तथा उपकरणको प्रयोग हुने निर्माण कार्य र सामग्री खरिद गर्ने कार्य समेत उपभोक्ता समितिबाट गराएकोले सोमा नियन्त्रण हुनुपर्दछ ।

- कृषि, पशु, सहकारी संस्था लगायतलाई विभिन्न प्रयोजनमा अनुदान उपलब्ध गराउँदा किसानको सूचीकरण, वर्गीकरण, परिचयपत्रको व्यवस्था गरी तीनै तहको समन्वयमा दोहोरो नपर्ने व्यवस्था गर्दै एकीकृत विद्युतीय अभिलेख राखी वितरण गर्नुपर्दछ। नाफामूलक संस्थालाई अनुदान वितरण गर्नु हुँदैन।

- सहकारी तथा गरिबी सम्बन्धी व्यवस्थापन सूचना प्रणाली (कोपोमिस) तथा विद्यमान सहकारी ऐन तथा नियमको आधारमा सहकारी संस्थाहरूको सुपरिवेक्षण गरी उक्त ऐन नियम अनुसार सञ्चालन भए नभएको सुनिश्चित गर्नुपर्दछ।

- आन्तरिक नियन्त्रण प्रणाली कार्यविधि तयार गरी कार्यसम्पादनलाई मितव्ययी, पारदर्शी र व्यवस्थित गर्नुपर्दछ। अन्तिम लेखापरीक्षण अगावै आन्तरिक लेखापरीक्षण सम्पन्न गरी सोबाट देखिएका बेहोरा जिम्मेवार व्यक्तिले फस्यौंट गर्नुपर्दछ।

- वित्तीय अनुशासन कायम गर्न लेखापरीक्षण प्रतिवेदनको सार्वजनिकीकरण तथा बेरुजु फस्यौंटको कानुनी व्यवस्था एवं संयन्त्र तय गरिनुपर्दछ ।

- जिन्सी सामग्री, यन्त्र उपकरण तथा औजारहरु आवश्यकता र औचित्यका आधारमा खरिद गरी उपयोगको सुनिश्चितता हुनुपर्दछ ।मौज्दातमा रहेका यन्त्र, उपकरण र औजार मर्मत सम्भार गरी उपयोग हुन नसक्ने

अवस्था एकीन गरेर मात्र खरिद गर्नुपर्दछ ।

- जुनसुकै तरिकाले प्राप्त गरेको जिन्सी एवं सार्वजनिक सम्पत्तिको अभिलेख अनिवार्य रूपमा सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणाली (पाम्स) मा अभिलेख राख्नुपर्दछ।
- सार्वजनिक खरिद ऐन, २०६३ को दफा २९ अनुसार कार्यालयको जनशक्तिले गर्न नसक्ने कामको लागि मात्र परामर्श सेवा खरिद गरी परामर्शदाता माथिको निर्भरता कम गर्नु पर्दछ । तयार गरिएका विस्तृत आयोजना प्रतिवेदन लगायतका प्रतिवेदनहरू क्रमिक रुपले कार्यान्वयन गर्नुपर्दछ।
- सेवा प्रवाहको प्रभावकारिता लागि नागरिक सचेतना वृद्धि कार्यक्रम गर्नुका साथै नागरिकबाट पृष्ठपोषण प्राप्त गर्ने विधि अवलम्बन गर्नुपर्दछ। समयको उपलव्धता एवं सेवा खरिद गर्ने सामर्थ्य सहितको सेवा प्रवाह तय गरिनुपर्दछ ।
- पालिकामा रहेका भारी यन्त्र उपकरणहरू निःशुल्करूपमा समेत प्रयोग गरेको कारण ती उपकरणबाट प्राप्त आम्दानी भन्दा सञ्चालन खर्च बढी रहेको देखिन्छ। अतः यस्ता उपकरण प्रयोगको शुल्क तोकी प्रयोग गरेको लगबुकको आधारमा शुल्क असुल गर्ने व्यवस्था गर्नुपर्दछ।
- पालिकामा निर्माणाधीन आधारभूत अस्पताल भवन समयमै निर्माण सम्पन्न गर्नुपर्दछ ।